सक्षम कानून व्यवसायी मर्यादित व्यवसाय; विधिको शासन हाम्रो अभिप्राय

# नेपाल कानून व्यवसायी परिषद्का

## दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

## (२०८३/०८४ - २०८७/०८८)





नेपाल कानून व्यवसायी परिषद्

कुपण्डोल, ललितपुर



दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा निर्देशक समिति तथा नेपाल कानून व्यवसायी परिषद्का अध्यक्ष डा. नारायण दत्त कडेल समक्ष रणनीतिक योजनाको मस्यौदा प्रस्तुत गर्नु हुँदै रणनीतिक योजना तर्जुमा समितिका संयोजक नेपाल कानून व्यवसायी परिषद्का उपाध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. विजय प्रसाद मिश्र



दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा समितिका संयोजक तथा नेपाल कानून व्यवसायी परिषद्का उपाध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र समक्ष रणनीतिक योजनाको मस्यौदा प्रस्तुत गर्नु हुँदै रणनीतिक योजना मस्यौदा कार्य समूहका संयोजक नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली

**नेपाल कानून व्यवसायी परिषद् दोस्रो पञ्चवर्षीय रणनीतिक योजना**

प्रकाशक : नेपाल कानून व्यवसायी परिषद्

प्रकाशित प्रति : ५००

प्रकाशन मिति : २०८३ साउन

ISBN : 978-9937-0-9199-2

*सक्षम कानून व्यवसायी मर्यादित व्यवसाय; विधिको शासन हाम्रो अभिप्राय*

# नेपाल कानून व्यवसायी परिषद्को

## दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

## (२०८३/०८४ - २०८७/०८८)

# नेपाल कानून व्यवसायी परिषद्

कुपण्डोल, ललितपुर

## संक्षिप्त रुप

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| डा. | डाक्टर |
| नि.नं | निर्णय नम्बर |
| स.अ. | सर्वोच्च अदालत |
| WTO | World Trade Organization |

## नेपाल कानून व्यवसायी परिषद्को बैठक नं १७८

आज मिति २०८३ असार २६ गते शुक्रबारका दिन नेपाल कानून व्यवसायी परिषद्को बैठक परिषद्का अध्यक्ष माननीय महान्यायाधिवक्ता डा. श्री नारायण दत्त कडेलज्यूको अध्यक्षतामा वसी देहाय बमोजिमको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

माननीय महान्यायाधिवक्ता डा. श्री नारायण दत्त कडेल, अध्यक्ष

वरिष्ठ अधिवक्ता प्रा.डा. श्री विजयप्रसाद मिश्र, उपाध्यक्ष

श्री मानबहादुर कार्की, पार्षद्

वरिष्ठ अधिवक्ता प्रा.डा. श्री डी.एन. पराजुली, पार्षद्

वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल, पार्षद्

अधिवक्ता श्री राजु ढकाल, पार्षद्

अधिवक्ता श्री संजीवकुमार मल्लिक, पार्षद्

अधिवक्ता श्री टेकबहादुर कठायत, पार्षद्

अधिवक्ता श्री ईश्वरी प्रसाद ज्ञवाली, पार्षद्

अधिवक्ता श्री दयाराम गौतम, पार्षद्

अधिवक्ता श्री मातृका प्रसाद खनाल, पार्षद्

वरिष्ठ अधिवक्ता श्री लेखनाथ अधिकारी, पार्षद्

अधिवक्ता श्री श्रीराम दवाडी, पार्षद्

श्री श्रीराम खनाल,परिषद् सचिव

**प्रस्ताव नं ११: निर्देशक समितिबाट पेश भएको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना स्वीकृत गरी लागू गर्ने**

**प्रस्ताव नं ११ उपरको निर्णयः**

नेपाल कानून व्यवसायी परिषद्को दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा कार्य समूहबाट तयार भै योजना तर्जुमा समिति र योजना निर्देशक समितिबाट स्वीकृत भई परिषद् समक्ष प्राप्त मस्यौदा सहितको प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने र उक्त रणनीतिक योजना आगामी आर्थिक वर्ष २०८३/०८४ देखि लागू गर्ने।

# परिषद्का पदाधिकारीहरु



डा. नारायण दत्त कडेल
अध्यक्ष



प्रा.डा. विजय प्रसाद मिश्र
उपाध्यक्ष

रजिष्टार-सर्वोच्च अदालत
पार्षद्



प्रा.डा. डी.एन. पराजुली
पार्षद्



रविनारायण खनाल
पार्षद्



राजु ढकाल
पार्षद्



संजीव कुमार मल्लिक
पार्षद्



टेक बहादुर कठायत
पार्षद्



इश्वरी प्रसाद ज्ञवाली
पार्षद्



दयाराम गौतम
पार्षद्



मातृका प्रसाद खनाल
पार्षद्



लेखनाथ अधिकारी
पार्षद्



श्रीराम दवाडी
पार्षद्



श्रीराम खनाल
सचिव

# मन्तव्य



नेपाल कानून व्यवसायी परिषद् कानून व्यवसायीहरूको नियामक निकाय हो । परिषद्ले केवल नियमनको कार्यमात्र गर्ने नभई कानून व्यवसायीको क्षमता अभिवृद्धि, व्यावसायिक वातावरणको निर्माण, तथा व्यवसायीक हकहित सुनिश्चित गर्ने लगायतका अभिभावकीय जिम्मेबारी समेत निर्वाह गर्दै आइरहेको छ । परिषद्का कानूनद्वारा निर्धारित वैधानिक जिम्मेबारीलाई प्रभावकारी रुपमा पूरा गर्न परिषद्को समग्र पक्षमा समायानुकुल सुधार गर्ने लक्ष्य सहित रणनीतिक योजना चाहिन्छ । यसै अनुरूप परिषद्ले आफ्नो संस्थागत विकासका लागि प्रष्ट दिशानिर्देश र योजनावद्ध मार्ग निर्देशनका लागि पञ्चवर्षीय रणनीतिक योजना बनाएर अगाडि बढ्ने गरेको छ । वि.सं. २०५० सालमा परिषद्को स्थापना भए पनि २८ वर्ष पछि वि.सं. २०७८ मा परिषद्को पहिलो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/७९ -२०८२/८३) जारी भयो । उक्त पञ्चवर्षीय रणनीतिक योजना यस परिषद्को ऐतिहासिक दस्तावेज मात्र नभई परिषद्लाई व्यवस्थित रुपमा सञ्चालन गर्ने साधन समेत बन्यो । सो पञ्चवर्षीय रणनीतिक योजनालाई सफल बनाउन सहयोग पुर्याउने यस परिषद्का पूर्व एवम् वर्तमान पदाधिकारीज्यूहरू, पार्षदज्यूहरू परिषद्का सचिवहरू एवम् कर्मचारीहरू तथा सम्पूर्ण कानून व्यवसायीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

परिषद्को पहिलो पञ्चवर्षीय रणनीतिक योजनाले संस्थागत, संरचनागत र कार्यगत सुधारलाई विशेष महत्व दिएको थियो । पहिलो योजनाका अनुभवबाट सिक्दै, कानून व्यवसायका क्षेत्रमा देखा परेका समस्याहरूको पहिचान गरी तिनीहरूको दीर्घकालीन समाधान गर्दै आवश्यक सुधारका योजना लागू गर्ने अभिप्रायले, परिषद्लाई सूचना प्रविधि मैत्री बनाउने, कानून व्यवसायीहरूको क्षमता विकास गर्ने र समग्र कानून व्यवसायलाई मर्यादित बनाउने उद्देश्य हासिल गर्न "सक्षम कानून व्यवसायी मर्यादित व्यवसाय; विधिको शासन हाम्रो अभिप्राय" भन्ने मूल सङ्कल्प सहित परिषद्को दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०८३/८४–२०८७/८८) तर्जुमा गरिएको हो । यो रणनीतिक योजनामा "सक्षम, मर्यादित र प्रविधिमैत्री कानून व्यवसायमार्फत विधिको शासन प्रवर्धन" लाई योजनाको परिदृश्यको रुपमा राखिएको छ भने कानूनको शासन र न्यायमा पहुँचको सुनिश्चितताका लागि व्यवसायिक रुपमा सक्षम र नैतिकरुपमा निष्ठावान् कानून व्यवसायीको नियामक निकायको रुपमा स्थापित हुने परिलक्ष्य लिएको छ । गुणस्तरीय सेवा, मर्यादित कानून व्यवसाय, स्वच्छ सुनुवाई, लोकतन्त्र र स्वतन्त्र न्यायपालिका प्रतिको प्रतिवद्धता, मानव अधिकारको सम्मान, कानूनको शासनप्रति प्रतिवद्ध, न्यायमा पहुँच, नवप्रवर्तन र निरन्तर सिकाईलाई यो पञ्चवर्षीय योजनाका आधारभूत मूल्यको रुपमा अङ्गीकार गरिएको छ । योजनाद्वारा परिकल्पित परिदृश्य र परिलक्ष्य प्राप्तिका लागि ४ वटा प्राथमिकताहरू, १९ वटा रणनीतिक उद्देश्यहरू र १३१ वटा क्रियाकलापहरू राखिएको छ । यस योजनाले पहिलो प्राथमिकता कानून व्यवसायीहरूको क्षमता अभिवृद्धि गरी सक्षम बनाउनु रहेको छ जसका लागि पाँचवटा रणनीतिक उद्देश्यहरू लिईएको छ । दोस्रो प्राथमिकता कानून व्यवसायीहरूलाई अझै बढी जिम्मेवार र निष्ठावान् बनाई समग्र कानून व्यवसायलाई मर्यादित बनाउनु रहेको छ जसका लागि चारवटा रणनीतिक उद्देश्यहरू लिइएको छ । तेस्रो प्राथमिकता परिषद्को कामकारवाही तथा अभिलेखलाई सूचना प्रविधिमैत्री बनाउनका साथै परिषद्को साइबर सुरक्षा तथा डाटा संरक्षण गर्नु रहेको छ जसका लागि पाँचवटा रणनीतिक उद्देश्यहरू यकिन

गरिएको छ । परिषद्को संस्थागत सुदृढिकरणलाई योजनाले चौँथौ प्राथमिकतामा रेखेको छ जसका लागि पाँचवटा रणनीतिक उद्देश्यहरू लिईएको छ ।

यसरी पहिलो पञ्चवर्षीय रणनीतिक योजनाका अनुभव तथा मूल्याङ्कन समेतलाई आत्मसाथ गर्दै परिषद्को दोस्रो पञ्चवर्षीय रणनीतिक योजनामा कानून व्यवसायीहरूको क्षमता विकास तथा पेशागत आचार र अनुशासनका साथै सूचना प्रविधिमैत्री सेवा, साइबर सुरक्षा, कृत्रिम बुद्धिमत्ता (AI) को जिम्मेवार प्रयोग र नवप्रवर्तन जस्ता समय सान्दर्भिक रणनीतिक सवालहरू समेटिएको छ । यस योजनाले निर्धारण गरेका "सक्षम कानून व्यवसायी मर्यादित व्यवसाय" को लक्ष्य हासिल गर्न योजनाले तोकेका प्राथमिकताका क्षेत्रहरूमा हस्तक्षेप गर्न तोकिएको कार्यक्रमको सफल कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट समेत पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दछु । साथै न्यायपालिका, नेपाल सरकारका अन्य निकायहरू, कानून व्यवसायीहरू र अन्य सरोकारवालाहरूबाट समेत भरपुर सहयोग रहने अपेक्षा गरेको छु र योजनाको पूर्ण सफलताको कामना गर्दछु ।

अन्त्यमा नेपाल कानून व्यवसायी परिषद्को दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गर्नका लागि अहोरात्र खटिनु भएका योजना तर्जुमा समितिका संयोजक व.अ.प्रा.डा. श्री विजयप्रसाद मिश्रज्यू लगायत सम्पूर्ण सदस्यहरू तथा योजना निर्देशक समितिका सबै सदस्यज्यूहरू, योजना तर्जुमा कार्यसमूहका संयोजक नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुलीज्यू लगायत सदस्यहरू तथा परिषद्का पदाधिकारीज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै योजना तर्जुमाका क्रममा निरन्तर प्रशासनिक सहयोग पुऱ्याउनु हुने परिषद् सचिव तथा कर्मचारीहरू समेतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

डा.नारायण दत्त कडेल
अध्यक्ष
नेपाल कानून व्यवसायी परिषद्



# मन्तव्य

नेपाल कानून व्यवसायी परिषद्ले आफ्नो स्थापनाको ३२औँ वर्ष सफलतापूर्व पूरा गरी ३३औँ वर्षमा प्रवेश गर्दैछ । यो बीचमा परिषद्ले प्रथम पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयन भइसकेको अवस्था छ । पहिलो योजनाको मूल्याङ्कन, प्राप्त सिकाइ र सरोकारवालाका अमूल्य सुझावहरूलाई आत्मसात् गर्दै परिषद्ले **"सक्षम कानून व्यवसायी मर्यादित व्यवसाय; विधिको शासन हाम्रो अभिप्राय"** भन्ने मूल नारा लिएर आगामी पाँच वर्षका लागि **"दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०८३/०८४ - २०८७/०८८)"** तर्जुमा गरेको छ । यसले परिषद्को सुनौलो भविष्यको खोजी गर्नुका साथै वर्तमान आवश्यकतालाई सम्बोधन गर्ने विश्वास लिन सकिन्छ ।

रु. ३२ करोड ९१ लाख ४७ हजारको अनुमानित बजेट प्रक्षेपण गरिएको यस योजनामा ४ वटा प्राथमिकताका क्षेत्र, **१९ वटा रणनीतिक उद्देश्य र १३१** वटा क्रियाकलापहरू समावेश गरिएका छन् । यस योजनाले मूलतः निरन्तर कानूनी शिक्षा र इन्टर्नशिपमार्फत सक्षम कानून व्यवसायीको विकास, आचारसंहिताको अक्षरस: पालना र उजुरी व्यवस्थापनमार्फत मर्यादित व्यवसायको प्रवर्द्धन, e-Advocate र ई-पुस्तकालयमार्फत सूचना प्रविधिको प्रयोग तथा प्रदेशस्तरीय संरचना विस्तार गरी संस्थागत सुदृढीकरण गर्ने कार्यलाई मुख्य प्राथमिकतामा राखेको छ ।

कानून व्यवसाय केवल पेशागत जनशक्तिको सञ्चालन मात्र नभई यो विधिको शासन, मानव अधिकारको संरक्षण र नागरिक अधिकारको प्रत्याभूतिका निम्ति स्थापित न्याय प्रणालीको सुदृढ आधारस्तम्भ हो । न्याय सम्पादन प्रक्रियालाई सर्वसाधारणका लागि निष्पक्ष, उत्तरदायी र विश्वसनीय बनाउन सक्षम, निष्ठावान तथा उच्च व्यावसायिक आचरणयुक्त कानून व्यवसायीहरूको विकास गर्नु नेपाल कानून व्यवसायी परिषद्को दायित्व हो । यही तथ्यलाई हृदयंगम गरी परिषद्ले दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरेको छ । पहिलो रणनीतिक योजनाको सफलताका पक्षहरूले यो योजनाको तर्जुमामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यस महत्त्वपूर्ण रणनीतिक योजना तर्जुमामा अमूल्य मार्गदर्शन एवम् सहयोग पुऱ्याउनु हुने परिषद्का माननीय अध्यक्ष तथा महान्यायाधिवक्ता डा. नारायण दत्त कडेलज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरू, कर्मचारी वर्ग तथा सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । स्पष्ट कार्ययोजना, नियमित अनुगमन र सबैको सक्रिय सहभागिताबाट परिषद्को दोस्रो पञ्चवर्षीय रणनीतिक योजना सफलतापूर्वक कार्यान्वयन हुनेछ भन्नेमा पूर्ण विश्वास लिएको छु । यो योजनाको सफल कार्यान्वयनबाट परिषद्मा अनुभूतियोग्य परिवर्तन देखा पर्नेछ भन्नेमा म आशावादी छु ।

वरिष्ठ अधिवक्ता प्रा.डा. श्री विजय प्रसाद मिश्र
संयोजक, योजना तर्जुमा समिति

## नेपाल कानून व्यवसायी परिषद्का पदाधिकारीहरू

| | |
|---|---|
| १. माननीय महान्यायाधिवक्ता डा. नारायण दत्त कडेल | अध्यक्ष |
| २. वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र, अध्यक्ष नेपाल बार एशोसिएशन | उपाध्यक्ष |
| ३. ..................., रजिष्ट्रार, सर्वोच्च अदालत | पार्षद् |
| ४. प्रा डा. डी. एन. पराजुली, डीन, त्रि.वि.वि. कानून संकाय | पार्षद् |
| ५. वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल (बागमती प्रदेश) | पार्षद् |
| ६. अधिवक्ता श्री राजु ढकाल (कोशी प्रदेश) | पार्षद् |
| ७. अधिवक्ता श्री संजीवकुमार मल्लिक (मधेश प्रदेश) | पार्षद् |
| ८. अधिवक्ता श्री टेकबहादुर कठायत (सुदूरपश्चिम प्रदेश) | पार्षद् |
| ९. अधिवक्ता श्री इश्वरीप्रसाद ज्ञवाली (लुम्बिनी प्रदेश) | पार्षद् |
| १०. अधिवक्ता श्री दयाराम गौतम (गण्डकी प्रदेश) | पार्षद् |
| ११. अधिवक्ता श्री मातृकाप्रसाद खनाल (कर्णाली प्रदेश) | पार्षद् |
| १२. वरिष्ठ अधिवक्ता श्री लेखनाथ अधिकारी | पार्षद् |
| १३. अधिवक्ता श्री श्रीराम दवाडी | पार्षद् |
| १४. श्री श्रीराम खनाल | सचिव |

## योजना तर्जुमा निर्देशक समिति

| | |
|---|---|
| १. माननीय महान्यायाधिवक्ता डा. नारायण दत्त कडेल, अध्यक्ष[1] | संयोजक |
| २. वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र, परिषद् उपाध्यक्ष अध्यक्ष नेपाल बार एशोसिएशन | सदस्य |
| ३. श्री लोकराज पराजुली, नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| ४. श्री मानबहादुर कार्की, परिषद् पार्षद्, रजिष्ट्रार, सर्वोच्च अदालत | सदस्य |
| ५. श्री पाराश्वर ढुंगाना, सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ६. वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल, परिषद् पार्षद् | सदस्य |
| ७. अधिवक्ता श्री राजु ढकाल, परिषद् पार्षद् | सदस्य |
| ८. अधिवक्ता श्री संजीवकुमार मल्लिक, परिषद् पार्षद् | सदस्य |
| ९. अधिवक्ता श्री टेकबहादुर कठायत, परिषद् पार्षद् | सदस्य |

[1] मिति २०८२।१२।२२ देखि परिषद्को अध्यक्ष हुनु भई निर्देशक समितिको संयोजक समेत रहनु भएको (मिति २०८२।०३।१४ देखि २०८२।०५।२४ सम्म परिषद्का तत्कालीन अध्यक्ष श्री रमेश बडाल र मिति २०८२।०५।३० देखि २०८२।१२।१३ सम्म परिषद्का तत्कालीन अध्यक्ष श्री सविता भण्डारी संयोजक रहनु भएको) ।

| | |
|---|---|
| १०. अधिवक्ता श्री इश्वरीप्रसाद ज्ञवाली, परिषद् पार्षद् | सदस्य |
| ११. अधिवक्ता श्री दयाराम गौतम, परिषद् पार्षद् | सदस्य |
| १२. अधिवक्ता श्री मातृकाप्रसाद खनाल, परिषद् पार्षद् | सदस्य |
| १३. वरिष्ठ अधिवक्ता श्री केदारप्रसाद कोइराला, महासचिव नेपाल बार एशोसिएशन | सदस्य |
| १४. अधिवक्ता श्री सरस्वती श्रेष्ठ, संयोजक महिला समिति, नेपाल बार एशोसिएशन | सदस्य |
| १५. वरिष्ठ अधिवक्ता श्री अमिता लक्ष्मी सैंजू | सदस्य |
| १६. वरिष्ठ अधिवक्ता श्री गिता पाठक संग्रौला | सदस्य |
| १७. श्री श्रीराम खनाल, परिषद् सचिव | सदस्य सचिव |

## योजना तर्जुमा समिति

| | |
|---|---|
| १. वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र, परिषद् उपाध्यक्ष | संयोजक |
| २. वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल, परिषद् पार्षद् | सदस्य |
| ३. वरिष्ठ अधिवक्ता श्री बिजयकान्त मैनाली | सदस्य |
| ४. वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली | सदस्य |
| ५. अधिवक्ता श्री अनिता जोशी मानन्धर | सदस्य |
| ६. अधिवक्ता श्री मनोहर साह | सदस्य |
| ७. अधिवक्ता श्री अन्जिता खनाल | सदस्य |
| ८. अधिवक्ता डा. श्री विष्णु बस्याल | सदस्य |
| ९. अधिवक्ता श्री धर्मराज रेग्मी | सदस्य |

## योजना तर्जुमा कार्य समूह

| | |
|---|---|
| १. श्री लोकराज पराजुली, नायब महान्यायधिवक्ता | संयोजक |
| २. श्री शिव वाग्ले, उपरजिष्ट्रार स.अ | सदस्य |
| ३. श्री राजन कुमार के.सी., अधिवक्ता | सदस्य |

# कार्यकारी सारांश

कानून व्यवसाय न्याय प्रणालीको अभिन्न अङ्ग तथा विधिको शासन, मानव अधिकारको संरक्षण, नागरिक हकहितको रक्षा र न्यायमा पहुँच सुनिश्चित गर्ने महत्वपूर्ण माध्यम हो। न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी, विश्वसनीय र उत्तरदायी बनाउन सक्षम, दक्ष, नैतिक तथा व्यावसायिक कानून व्यवसायीको विकास अपरिहार्य हुन्छ । बदलिँदो कानूनी, सामाजिक, आर्थिक र प्रविधिगत परिवेशसँगै कानून व्यवसायको क्षेत्र र अभ्यासमा आएको परिवर्तनले कानून व्यवसायीको पेशागत ज्ञान, सीप, विशेषज्ञता, आचरण र उत्तरदायित्वलाई समयानुकूल विकास गर्नुपर्ने आवश्यकता थप बढाएको छ ।

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० बमोजिम स्थापित नेपाल कानून व्यवसायी परिषद् कानून व्यवसायको नियमन गर्ने स्वशासित तथा संगठित संस्था हो। कानून व्यवसायमा प्रवेशका लागि परीक्षा सञ्चालन, कानून व्यवसायीको दर्ता तथा अभिलेख व्यवस्थापन, पेशागत आचारसंहिताको कार्यान्वयन र अनुगमन, अनुशासनसम्बन्धी कारबाही, कानून व्यवसायीको हकहित, सुरक्षा तथा मर्यादाको संरक्षण, पेशागत क्षमता अभिवृद्धि र स्तरीय कानूनी शिक्षाको प्रवर्द्धन परिषद्का प्रमुख जिम्मेवारी हुन् । यी जिम्मेवारीलाई योजनाबद्ध, परिणाममुखी र समयबद्धरूपमा कार्यान्वयन गर्दै परिषद्को नियामक तथा संस्थागत भूमिकालाई थप प्रभावकारी बनाउनु वर्तमान आवश्यकता रहेको छ।

परिषद्ले प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९–२०८२/०८३) कार्यान्वयन गरी कानून व्यवसायी परीक्षा तथा पाठ्यक्रमको पुनरावलोकन, पेशागत आचरणसम्बन्धी नियामक व्यवस्था, विद्युतीय अभिलेखीकरण, कल्याणकारी कोष, लयर्स एकेडेमीमार्फत क्षमता विकास र संस्थागत सुधारका क्षेत्रमा महत्वपूर्ण आधार निर्माण गरेको छ। उक्त योजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धि र सिकाइलाई संस्थागत गर्दै पर्याप्त स्रोत, वार्षिक कार्ययोजना, नियमित अनुगमन, स्थायी कार्यान्वयन संयन्त्र, प्रदेशस्तरीय संरचना तथा प्रभावकारी समन्वयसम्बन्धी सुधारका आवश्यकतालाई सम्बोधन गर्न दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०८३/०८४–२०८७/०८८) तर्जुमा गरिएको हो।

दोस्रो पञ्चवर्षीय रणनीतिक योजना परिषद्को आगामी पाँच वर्षको संस्थागत, नियामक तथा कार्यक्रमगत कार्यदिशा निर्धारण गर्ने मूल मार्गदर्शक दस्तावेज हो। योजना तर्जुमा गर्दा संविधान, प्रचलित कानून, परिषद्को कानूनी कार्यादेश, न्याय क्षेत्रका नीतिगत दस्तावेज, प्रथम रणनीतिक योजनाको अनुभव तथा कानून व्यवसाय र कानूनी शिक्षाको वर्तमान अवस्थालाई आधारका रूपमा लिइएको छ। योजना निर्देशक समिति, योजना तर्जुमा समिति तथा कार्यसमूहको संलग्नतामा दस्तावेज र संस्थागत अभिलेखको समीक्षा, सूचना सङ्कलन तथा सरोकारवालासँग परामर्श गरिएको छ ।

परिषद्को आन्तरिक तथा बाह्य कार्य वातावरणको विश्लेषणबाट कानून व्यवसायीको पेशागत क्षमता र विषयगत विशेषज्ञता, निरन्तर कानूनी शिक्षा, गुणस्तरीय कानूनी शिक्षा तथा आधुनिक परीक्षा प्रणाली, पेशागत आचार र अनुशासन, कानून व्यवसायीको सुरक्षा तथा हित संरक्षण, न्यायमा पहुँच, प्रविधिमैत्री सेवा प्रवाह, एकीकृत डिजिटल अभिलेख तथा डाटाबेस, साइबर सुरक्षा, कृत्रिम बुद्धिमत्ताको जिम्मेवार प्रयोग, दक्ष जनशक्ति, प्रदेशस्तरीय संरचना, अध्ययन–अनुसन्धान तथा संस्थागत सहकार्यलाई प्रमुख रणनीतिक सवालका रूपमा पहिचान गरिएको छ ।

दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले "**सक्षम कानून व्यवसायी मर्यादित व्यवसाय; विधिको शासन हाम्रो अभिप्राय**" भन्ने मूल अभिप्रायलाई आत्मसात् गरेको छ। परिषद्लाई सक्षम, उत्तरदायी, प्रविधिमैत्री तथा प्रभावकारी नियामक संस्थाका रूपमा विकास गर्दै पेशागत रूपमा दक्ष, विशिष्टीकृत, नैतिक र उत्तरदायी कानून व्यवसायीको विकास गर्नु तथा मर्यादित कानून व्यवसायमार्फत विधिको शासन र न्यायमा पहुँचको प्रवर्द्धन गर्नु योजनाको मूल दिशा हो। यसका लागि सक्षम कानून व्यवसायी, मर्यादित कानून व्यवसाय, सूचना प्रविधि तथा संस्थागत सुदृढीकरण गरी चार प्राथमिकता क्षेत्र निर्धारण गरिएको छ।

पहिलो प्राथमिकता **सक्षम कानून व्यवसायीको विकास**मा केन्द्रित छ। कानून व्यवसायीको पेशागत क्षमता न्याय सम्पादनको गुणस्तर र प्रभावकारितासँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले योजनाले ज्ञान, सीप, दक्षता तथा विषयगत विशेषज्ञताको निरन्तर विकासमा जोड दिएको छ। कानून व्यवसायीको क्षमता विकास आवश्यकता नियमित रूपमा पहिचान गरी पेशागत अनुभव र आवश्यकताका आधारमा तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। लयर्स एकेडेमीलाई निरन्तर पेशागत विकासको प्रमुख संस्थागत संयन्त्रका रूपमा सुदृढ गर्दै आधारभूत, पुनर्ताजगी तथा विशिष्टीकृत प्रशिक्षण सञ्चालन गरिनेछ।

नवप्रवेशी कानून व्यवसायीका लागि अदालत तथा कार्यालय अभ्यास, कानूनी मस्यौदा लेखन, बहस तथा पैरवी सीप, कानूनी अनुसन्धान, पेशागत आचार र सेवाग्राही व्यवस्थापनसम्बन्धी व्यावहारिक क्षमता विकास गरिनेछ। अनुभवी कानून व्यवसायीसँग आबद्ध हुने अप्रेन्टिस तथा इन्टर्नशिप प्रणालीको विकास गरी पेशागत अभ्यासको प्रारम्भिक चरणमा आवश्यक मार्गदर्शन उपलब्ध गराइनेछ। अभ्यासरत कानून व्यवसायीका लागि निरन्तर कानूनी शिक्षा तथा पेशागत विकास प्रणाली संस्थागत गर्दै संवैधानिक, फौजदारी, देवानी, कर तथा राजस्व, कम्पनी तथा वाणिज्य, मध्यस्थता, अन्तर्राष्ट्रिय व्यापार, बौद्धिक सम्पत्ति, सूचना प्रविधि तथा उदीयमान कानूनी क्षेत्रमा विशिष्टीकृत प्रशिक्षण सञ्चालन गरिनेछ।

कानूनी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विश्वविद्यालय तथा कानूनी शिक्षा प्रदान गर्ने संस्थासँग समन्वय, कानूनी शिक्षाको अवस्थासम्बन्धी अध्ययन, पाठ्यक्रम तथा शिक्षण प्रणालीको समीक्षा, शिक्षकको योग्यता र दक्षतासम्बन्धी मापदण्ड तथा कानूनी शिक्षालाई व्यावहारिक अभ्याससँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ। कानून व्यवसायी परीक्षा प्रणालीलाई समयानुकूल, विश्वसनीय, वस्तुनिष्ठ र प्रविधिमैत्री बनाउँदै पाठ्यक्रमको नियमित पुनरावलोकन, प्रश्न निर्माण तथा परीक्षण प्रणालीको सुधार र परीक्षा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग विस्तार गरिनेछ।

दोस्रो प्राथमिकता **मर्यादित कानून व्यवसायको विकास**मा केन्द्रित छ। पेशागत आचारसंहिताको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि आवश्यक प्रणाली तथा संस्थागत संयन्त्र विकास गरिनेछ। आचार उल्लङ्घनसम्बन्धी उजुरी तथा अनुशासनात्मक प्रक्रियालाई सरल, निष्पक्ष, व्यवस्थित र समयबद्ध बनाइनेछ। अनुशासन समितिको संस्थागत क्षमता सुदृढ गर्ने, उजुरी तथा निर्णयको अभिलेख व्यवस्थित गर्ने र निर्णय कार्यान्वयनको नियमित अनुगमन गर्ने व्यवस्था गरिनेछ।

कानून व्यवसायी कार्यालयको दर्ता, अभिलेखीकरण तथा अनुगमन प्रणाली प्रभावकारी बनाइनेछ। कार्यालय सञ्चालनका न्यूनतम मापदण्ड विकास, सेवाग्राही सन्तुष्टि अध्ययन तथा पेशागत सेवाको गुणस्तरसम्बन्धी अनुगमनमार्फत कानून व्यवसायलाई थप सेवामुखी र उत्तरदायी बनाइनेछ। सेवा शुल्क तथा पारिश्रमिकसम्बन्धी व्यवस्थाको पुनरावलोकन र कानून व्यवसायीलाई कर प्रणालीमा आबद्ध गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ।

कानून व्यवसायीको हकहित, सुरक्षा र पेशागत मर्यादा संरक्षणका लागि कल्याणकारी कोष सुदृढ गर्ने, बीमा तथा आपतकालीन सहायता प्रणाली विकास गर्ने र पेशागत सुरक्षासम्बन्धी आवश्यक नीतिगत तथा संस्थागत पहल गरिनेछ। महिला कानून व्यवसायीको पेशागत विकास, लैङ्गिक अपाङ्गता तथा सामाजिक समावेशीकरण र पिछडिएका तथा सीमान्तकृत समुदायबाट कानून व्यवसायमा संलग्न व्यक्तिको सहभागिता तथा क्षमता विकासलाई विशेष महत्व दिइनेछ।

न्यायमा पहुँच अभिवृद्धिका लागि प्रो बोनो तथा कानूनी सहायता सेवाको व्यवस्थित विकास गरिनेछ। निःशुल्क कानूनी सेवा उपलब्ध गराउने कानून व्यवसायीको अभिलेख व्यवस्थापन, सम्बन्धित निकायसँग सूचना आदानप्रदान र असहाय तथा कमजोर वर्गका व्यक्तिलाई कानूनी सेवामा पहुँच पुऱ्याउन सहजीकरण गरिनेछ। "समुदायमा वकील" कार्यक्रममार्फत स्थानीय तथा समुदायस्तरमा कानूनी सचेतना र सेवामा पहुँच अभिवृद्धि गरिनेछ। कानून व्यवसायीको पेशागत सामाजिक उत्तरदायित्व प्रवर्द्धन गरी विधिको शासन, मानव अधिकार तथा न्यायमा पहुँचसम्बन्धी सचेतना विस्तार गरिनेछ।

तेस्रो प्राथमिकता **सूचना प्रविधि तथा डिजिटल रूपान्तरण**सँग सम्बन्धित छ। परिषद्को सेवा प्रवाह, प्रशासन, अभिलेख, परीक्षा तथा वित्तीय व्यवस्थापनलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ। कानून व्यवसायीको एकीकृत डिजिटल प्रोफाइल तथा राष्ट्रिय डाटाबेस निर्माण गरी दर्ता, नवीकरण, विशेषज्ञता तथा पेशागत अवस्थासम्बन्धी अभिलेख एकीकृत रूपमा व्यवस्थापन गरिनेछ।

ई–एडभोकेट, एकीकृत व्यवस्थापन सूचना प्रणाली, ई–अफिस तथा ई–फाइल, डिजिटल अभिलेख व्यवस्थापन, अनलाइन दर्ता तथा नवीकरण, विद्युतीय भुक्तानी र QR आधारित परिचयपत्र प्रणाली विकास तथा कार्यान्वयन गरिनेछ। परिषद्को वेबसाइट स्तरोन्नति र मोबाइल एप विकास गरी कानून व्यवसायी तथा सेवाग्राहीलाई सूचना र सेवा सहज रूपमा उपलब्ध गराइनेछ।

ई–पुस्तकालय, डिजिटल कानूनी स्रोत भण्डार तथा कानूनी अनुसन्धान प्रणालीको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विद्युतीय कानूनी स्रोतमा पहुँच विस्तार गरिनेछ। कानून र कानून व्यवसायसम्बन्धी अध्ययन, अनुसन्धान, वार्षिक कानून सर्वेक्षण, जर्नल तथा बुलेटिन प्रकाशनलाई संस्थागत ज्ञान व्यवस्थापनसँग आबद्ध गरिनेछ। कृत्रिम बुद्धिमत्ता तथा नवीन प्रविधिको जिम्मेवार प्रयोगसम्बन्धी अध्ययन र क्षमता विकास गर्दै प्रविधिको नैतिक प्रयोग, गोपनीयता तथा व्यक्तिगत सूचना संरक्षणका लागि आवश्यक नीतिगत आधार विकास गरिनेछ। साइबर सुरक्षा फ्रेमवर्क, तथ्याङ्क संरक्षण नीति, नियमित सुरक्षा परीक्षण, तथ्याङ्क ब्याकअप तथा विपद् पुनर्स्थापना प्रणालीमार्फत डिजिटल पूर्वाधार र सूचनाको सुरक्षा सुनिश्चित गरिनेछ।

चौथो प्राथमिकता **परिषद्को संस्थागत सुदृढीकरण**मा केन्द्रित छ । संगठनात्मक संरचना, कार्यादेश र जनशक्ति आवश्यकताको समयानुकूल पुनरावलोकन गरी आवश्यक दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ । कर्मचारीका लागि सेवा प्रवेश, कार्यालय व्यवस्थापन, सूचना प्रविधि, वित्तीय प्रशासन, अनुगमन तथा मूल्याङ्कन र नेतृत्व विकाससम्बन्धी प्रशिक्षण सञ्चालन गरिनेछ । समिति तथा शाखाको कार्यसम्पादन, निर्णय कार्यान्वयन र अभिलेखीकरणलाई व्यवस्थित गरी संस्थागत जवाफदेहिता सुदृढ गरिनेछ ।

प्रदेशस्तरमा परिषद्को सेवा विस्तारका लागि आवश्यक कार्यालय तथा संस्थागत संरचना क्रमशः विकास गरिनेछ । केन्द्रीय र प्रदेशस्तरीय कार्यसम्पादनबीच प्रभावकारी समन्वय कायम गरी कानून व्यवसायीलाई उपलब्ध गराइने सेवा सरल, छिटो र पहुँचयोग्य बनाइनेछ । परिषद्को दीर्घकालीन भौतिक पूर्वाधार विकासका लागि जग्गा प्राप्ति, भवन निर्माण गुरुयोजना तथा आवश्यक पूर्वाधार व्यवस्थापनसम्बन्धी कार्य अघि बढाइनेछ ।

आर्थिक प्रशासनलाई पारदर्शी, अनुशासित र परिणाममुखी बनाउन वित्तीय व्यवस्थापन सूचना प्रणाली विकास, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण तथा बजेट र खर्चको नियमित अनुगमन गरिनेछ । पुस्तकालय, अध्ययन–अनुसन्धान तथा प्रकाशन प्रणालीको सुदृढीकरण र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बार संस्था, नियामक निकाय, विश्वविद्यालय तथा अनुसन्धान संस्थासँग संस्थागत सहकार्य विस्तार गरिनेछ ।

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक रणनीतिक उद्देश्य र मुख्य क्रियाकलापसँग कार्यसम्पादन सूचक, समयावधि तथा अन्तिम जिम्मेवार निकाय आबद्ध गरिएको छ । परिषद्, विषयगत समिति, सचिव तथा सम्बन्धित शाखा र एकाइले निर्धारित जिम्मेवारीअनुसार कार्यक्रम कार्यान्वयन गर्नेछन् । प्रत्येक आर्थिक वर्षमा रणनीतिक योजनासँग आबद्ध वार्षिक कार्ययोजना तथा बजेट तयार गरी कार्यान्वयन गरिनेछ । वार्षिक कार्यक्रम छनोट तथा स्रोत विनियोजन गर्दा रणनीतिक प्राथमिकता, अपेक्षित परिणाम र कार्यसम्पादन सूचकलाई आधार बनाइनेछ ।

योजनामा ४ वटा प्राथमिकता अन्तर्गत १९ वटा उद्देश्यहरू सहित १३१ वटा क्रियाकलपाहरू तय गरिएको छ । प्राथमिकता १: सक्षम कानून व्यवसायीमा ५ वटा रणनीतिक उद्देश्यहरू र ४७ वटा क्रियाकलापहरू, प्राथमिकता २: मर्यादित कानून व्यवसायमा ४ वटा रणनीतिक उद्देश्यहरू र ३५ वटा क्रियाकलापहरू, प्राथमिकता ३: सूचना तथा प्रविधिमा ५ वटा रणनीतिक उद्देश्यहरू र २३ वटा क्रियाकलापहरू र प्राथमिकता ४: संस्थागत सुदृढीकरणमा ५ वटा रणनीतिक उद्देश्यहरू र २६ वटा क्रियाकलापहरू निर्धारण गरिएको छ ।

योजना कार्यान्वयनका लागि आ.व. २०८३/०८४ देखि २०८७/०८८ सम्म पाँच आर्थिक वर्षमा कूल रु. ३२ करोड १२ लाख १७ हजार बजेट प्रक्षेपण गरिएको छ । प्रत्येक आर्थिक वर्षमा औषत रु. ६ करोडका दरले स्रोत परिचालन गर्ने लक्ष्य राखिएको छ । प्राथमिकता, रणनीतिक उद्देश्य, कार्यक्रमको प्रकृति तथा रणनीतिक महत्वका आधारमा बजेट विनियोजन गरिनेछ । परिषद्को आन्तरिक स्रोत,

उपलब्ध सरकारी स्रोत तथा सम्भावित सहकार्य र लागत साझेदारीका स्रोत परिचालन गर्दै वित्तीय अनुशासन, पारदर्शिता, मितव्ययिता तथा परिणाममुखी खर्च प्रणाली अवलम्बन गरिनेछ।

योजना कार्यान्वयनमा आउन सक्ने वित्तीय, संस्थागत, कानूनी, जनशक्ति, प्रविधिगत, साइबर सुरक्षा तथा समन्वयसम्बन्धी जोखिम नियमित रूपमा पहिचान, विश्लेषण र व्यवस्थापन गरिनेछ। प्राकृतिक विपद्, संकट तथा अन्य आकस्मिक अवस्थाबाट योजना कार्यान्वयनमा पर्न सक्ने प्रभावलाई समेत ध्यानमा राखी जोखिम न्यूनीकरण र आवश्यक संकट व्यवस्थापनका उपाय अवलम्बन गरिनेछ। योजनाको उपलब्धि सुनिश्चित गर्न परिणाममुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिनेछ। रणनीतिक योजना तथा अनुगमन मूल्याङ्कन एकाइ स्थापना गरी कार्यसम्पादन सूचकका आधारमा कार्यक्रमको प्रगति नियमित रूपमा सङ्कलन, विश्लेषण र अभिलेखीकरण गरिनेछ। वार्षिक प्रगति समीक्षा, मध्यावधि समीक्षा र योजना अवधिको अन्तिम मूल्याङ्कनमार्फत उपलब्धि, कार्यान्वयन अन्तर तथा चुनौती पहिचान गरी आवश्यक सुधारात्मक निर्णय लिइनेछ।

समग्रमा, नेपाल कानून व्यवसायी परिषद्को दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०८३/०८४–२०८७/०८८) परिषद्को नियामक, संस्थागत तथा सेवा प्रवाहसम्बन्धी भूमिकालाई समयानुकूल रूपान्तरण गर्ने मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनबाट पेशागत रूपमा सक्षम, विशिष्टीकृत, नैतिक र उत्तरदायी कानून व्यवसायीको विकास, मर्यादित र सेवाग्राहीमैत्री कानून व्यवसायको प्रवर्द्धन, परिषद्को डिजिटल तथा संस्थागत रूपान्तरण तथा न्यायमा पहुँचको अभिवृद्धि हुने अपेक्षा गरिएको छ। यसबाट कानून व्यवसायप्रतिको सार्वजनिक विश्वास अभिवृद्धि भई विधिको शासनको सुदृढीकरणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ।

# विषय सूची

## परिच्छेद एक
## प्रारम्भिक


| | पेज नं. |
|---|---|
| १.१ पृष्ठभूमी | १ |
| १.२ योजना तर्जुमा संयन्त्र | २ |
| १.३ योजना तर्जुमाको विधि र प्रक्रिया | ४ |
| १.४ योजनाको स्वरुप | ५ |


## परिच्छेद दुई

## नेपाल कानून व्यवसायी परिषद्को प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा


| | |
|---|---|
| २.१ परिचय | ६ |
| २.२ योजनाको लक्ष्य, रणनीति र क्रियाकलापको समीक्षा | ६ |
| २.३ सरोकारवालाहरूको धारणा र सुझाव | ९ |
| २.४ लक्ष्य र प्रगतिबीच अन्तरका कारण र प्रभावको विश्लेषण | १९ |


## परिच्छेद तीन

## वस्तुस्थिति विश्लेषण


| | |
|---|---|
| ३.१ परिचय | २० |
| ३.२ वस्तुस्थिति विश्लेषण विधि | २० |
| ३.३ नेपाल कानून व्यवसायी परिषद्को सङ्गठनात्मक संरचना | २१ |
| ३.४ कानून व्यवसायीहरूको संख्यात्मक विवरण | २६ |
| ३.५ परिषद्को वित्तीय स्रोत साधन | २६ |
| ३.६ परिषद्को वस्तुस्थिति विश्लेषण | २७ |
| ३.६.१ सबल पक्ष | २७ |
| ३.६.२ कमजोर पक्ष | ३० |
| ३.६.३ अवसर | ३४ |
| ३.६.४ चुनौती | ३७ |

## परिच्छेद चार
## परिदृष्य, परिलक्ष्य र मूल्यहरू


| | |
|---|---|
| ४.१ परिदृष्य | ४३ |
| ४.२ परिलक्ष्य | ४३ |
| ४.३ मूल्यहरू | ४३ |


## परिच्छेद पाँच
## प्राथमिकताका क्षेत्र, रणनीतिक उद्देश्य तथा कार्यान्वयन योजना


| | |
|---|---|
| ५.१ परिचय | ४४ |
| ५.२ प्राथमिकता र रणनीतिक उद्देश्यहरू | ४४ |
| ५.३ प्राथमिकता तथा रणनीतिक उद्देश्यहरूको कार्यान्वयन योजना | ४५ |
| ५.४ रणनीतिक योजना कार्यान्वयन प्रक्रिया | ६६ |
| ५. ४.१ कार्य र कार्यक्रमहरूको प्राथमिकीकरण तथा कार्यतालिका | ६६ |
| ५. ४.२ वार्षिक कार्य योजना तयारी | ६७ |
| ५.४.३ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन | ६७ |
| ५.४.४ योजना कार्यान्वयन अनुगमन र मूल्याङ्कन संयन्त्र | ६७ |
| ५.४.५ योजना कार्यान्वयनको प्रतिवेदन पद्धति | ६८ |
| ५.४.६ योजनाको मध्यावधि मूल्याङ्कन र तेस्रो योजनाको तर्जुमा | ६८ |


## परिच्छेद छ
## रणनीतिक योजना कार्यान्वयनका लागि बजेट प्रक्षेपण


| | |
|---|---|
| ६.१ परिचय | ७० |
| ६.२ रणनीतिक योजनाको अनुमानित बजेट | ७० |

# परिच्छेद सात
# जोखिम विश्लेषण तथा न्यूनीकरण योजना

७.१ परिचय ७२
७.२ योजनाको जोखिम विश्लेषण ७२
७.३ योजनाका सम्भावित जोखिमहरू ७२
७.३.१ प्रक्षेपित कार्यक्रम अनुसारको आर्थिक स्रोतको उपलब्धता ७३
७.३.२ आवश्यक जनशक्तिको आपूर्ति/उपलब्धता ७४
७.३.३ सरोकारवाला निकायसँगको समन्वय र प्रतिबद्धता ७४
७.३.४ कावु बाहिरको परिस्थिति सिर्जना ७४

अनुसूची १: योजना तर्जुमा र कार्यान्वयन प्रकृया सम्बन्धी परामर्श बैठकमा सहभागीहरु ७६
अनुसूची २: नेपाल कानून व्यवसायी परिषद्को संगठनात्मक स्वरुप ७७
अनुसूची ३: नेपाल कानून व्यवसायी परिषद्का कर्मचारीहरुको विवरण ७८
अनुसूची ४ : पहिलो पञ्चवर्षीय रणनीतिक योजना अवधिमा सञ्चालन भएको कानून व्यवसायी अधिवक्ता तहको परीक्षार्थीहरुको विवरण ७९
अनुसूची ५ : पहिलो पञ्चवर्षीय रणनीतिक योजना अवधिका पार्षद्हरुको विवरण २०८१—२०८६ निर्वाचित पार्षद्हरु ७९
अनुसूची ६ : परिषद्बाट प्रथम पञ्चवर्षीय रणनीतिक योजना अवधिमा सम्मानित र पुरस्कृत हुनु भएका महानुभावहरुको विवरण ८०
अनुसूची ७ : पहिलो रणनीतिक योजना अवधिमा परिषद्बाट मूल्याङ्कन भएका उत्कृष्ट पुस्तकहरु ८१
अनुसूची ८ : रणनीतिक योजनाका लागि प्रेक्षिपित बजेटको पूर्ण विवरण ८१

# परिच्छेद एक
## प्रारम्भिक

### १.१ पृष्ठभूमी

कानून व्यवसायी न्याय प्रणालीको महत्वपूर्ण र अविभाज्य अंग हुन्। न्याय सम्पादनको सम्पूर्ण प्रक्रियामा उनीहरूको भूमिका संवेदनशील र अपरिहार्य मानिन्छ। राज्यमा कानूनी शासनको स्थापना, मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन, र नागरिकका हक हितको रक्षा गर्ने कार्यमा कानून व्यवसायी सधैं अग्रपंक्तिमा सक्रिय रहन्छन्। यसैले, उनीहरूलाई राज्यको एक महत्वपूर्ण स्तम्भका रूपमा समेत मानिन्छ।

कानून व्यवसायीहरूको दक्षता र सीप अभिवृद्धि गर्दै न्याय प्रणालीका लागि आवश्यक सक्षम, दक्ष र सिपालु कानूनी जनशक्ति उत्पादन गर्ने उद्देश्यले कानून व्यवसायी परिषद् स्थापना गरिएको हो। यस परिषद्ले देशमा कानूनी शिक्षाको विकाससँगै न्यायिक शिक्षाको प्रवर्द्धन गर्दै कानून व्यवसायीहरूको पेशागत हित संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। तात्कालीन कानून व्यवसायी ऐन, २०२५ अनुसार कानून व्यवसायीहरूलाई प्रमाणपत्र प्रदान गर्ने, दर्ता अभिलेख राख्ने तथा व्यावसायिक अनुशासनमा नरहेका कानून व्यवसायीमाथि आवश्यक कारबाही गर्ने कार्य सर्वोच्च अदालतबाट हुँदै आएको थियो। यस व्यवस्थालाई थप व्यवस्थित, प्रभावकारी र स्वायत्त बनाउन नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० बमोजिम कानून व्यवसायी परिषद् एक अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित तथा संगठित संस्थाको रूपमा स्थापना गरिएको हो।

नेपाल कानून व्यवसायी परिषद्ले आफ्नो उद्देश्य प्राप्त गर्न योग्यता पुगेका व्यक्तिहरूलाई कानून व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्रदान गर्ने, आचारसंहिता उल्लङ्घन गर्ने कानून व्यवसायीमाथि अनुशासनात्मक कारबाही गर्ने, निरन्तर कानूनी शिक्षामार्फत तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यहरू गर्दछ। यसैगरी, कानून व्यवसायीहरूको दर्ता, नवीकरण तथा विवरणसम्बन्धी अभिलेख व्यवस्थित रूपमा राख्ने, अदालत तथा अन्य न्यायिक निकायहरूसँग समन्वय र सहकार्य गर्ने र कानूनी सुधारका लागि अध्ययन तथा अनुसन्धान गरी सरकारलाई आवश्यक सुझाव प्रदान गर्ने कार्यहरू पनि परिषद्को जिम्मेवारी भित्र पर्दछन्।

रणनीतिक योजना कुनै पनि संस्था वा संगठनले आफ्नो दीर्घकालीन लक्ष्य हासिल गर्न अपनाउने अत्यन्त महत्वपूर्ण प्रक्रिया हो। यसले संस्थालाई स्पष्ट दिशा प्रदान गर्नुका साथै प्राथमिकताहरू निर्धारण गर्न र कार्यमार्ग तय गर्न सहयोग पुऱ्याउँछ। रणनीतिक योजनाको अभावमा संस्था दिशाहीन भई स्रोतहरूको उचित उपयोग गर्न असफल हुन सक्छ। त्यसैले सफल, प्रभावकारी र दिगो उपलब्धि हासिल गर्न स्पष्ट लक्ष्य निर्धारण, उपयुक्त रणनीति निर्माण तथा व्यवस्थित कार्यान्वयनका लागि रणनीतिक योजना अपरिहार्य मानिन्छ। नेपाल कानून व्यवसायी परिषद्ले आफ्नो संगठनात्मक उद्देश्य प्राप्तिका लागि योजनाबद्ध रूपमा कार्य गर्न वि.सं. २०७८ असारमा पहिलो पटक पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९–२०८२/०८३) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो। उक्त रणनीतिक योजना

"सक्षम र मर्यादित कानून व्यवसायमार्फत विधिको शासनको प्रवर्द्धन गर्ने" परिदृश्य तथा "कानूनको शासन र न्यायमा पहुँचको सुनिश्चितताका लागि व्यावसायिक रूपमा सक्षम र नैतिक रूपमा निष्ठावान कानून व्यवसायीहरूको नियामक निकायका रूपमा स्थापित हुने" परिलक्ष्यसहित तर्जुमा गरिएको थियो। यस योजनामा परिकल्पित उक्त परिदृष्य तथा परिलक्ष्य हासिल गर्न ६ वटा प्रमुख लक्ष्य, २७ वटा रणनीति तथा १२० वटा क्रियाकलापहरू निर्धारण गरिएका थिए। यो योजना परिषद्को इतिहासमा प्रथम रणनीतिक योजना भए तापनि तोकिएको अवधिमा मध्यावधि मूल्याङ्कन हुन सकेको थिएन। तथापि, रणनीतिक योजनाअनुसार योजनाबद्ध ढङ्गले कार्यान्वयन गरिएको कारण अधिकांश लक्षित उद्देश्यहरू हासिल भएको देखिन्छ।

पहिलो रणनीतिक योजना कार्यान्वयन भई महत्वपूर्ण उपलब्धिहरू हासिल भएको सन्दर्भमा यसको निरन्तरता आवश्यक देखिएको छ। साथै, लक्ष्य र प्राप्त उपलब्धि बीचको अन्तरका कारण तथा प्रभावहरूको विश्लेषण गर्दै संस्थागत सुदृढीकरण र परिषद्को कानूनी जिम्मेवारीअनुरूपका कार्यहरू निश्चित समय सीमाभित्र प्रभावकारी रूपमा सम्पन्न गर्न दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०८३/०८४–२०८७/०८८) तर्जुमा गरिएको छ।

## १.२ योजना तर्जुमा संयन्त्र

योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, योजना तर्जुमा प्रक्रियामा आवश्यक सल्लाह, सुझाव तथा सरोकारवालाको अर्थपूर्ण सहभागिता कायम गर्ने उद्देश्यले संगठनात्मक तथा सम्बन्धित सरोकारवाला निकायहरूको प्रतिनिधित्व रहने गरी देहायबमोजिम तहगत योजना तर्जुमा संयन्त्रहरू गठन गरिएको छ।

### (क) योजना तर्जुमा निर्देशक समिति

दोस्रो रणनीतिक योजनाको तर्जुमाको लागि आवश्यक मार्गनिर्देशन गर्न परिषद्को मिति २०८२।०३।१४ को निर्णयानुसार परिषद्का तात्कालीन अध्यक्ष तथा महान्यायाधिवक्ता माननीय श्री रमेश वडालको संयोजकत्वमा १७ सदस्यीय निर्देशक समिति गठन गरिएको छ। निर्देशक समितिमा देहायबमोजिमका पदाधिकारीहरू रहनु भएको छः

| | |
|---|---|
| १. माननीय डा. नारायण दत्त कडेल[२], महान्यायाधिवक्ता | संयोजक |
| २. वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र, परिषद् उपाध्यक्ष अध्यक्ष नेपाल बार एशोसिएशन | सदस्य |
| ३. श्री लोकराज पराजुली, नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| ४. श्री मानबहादुर कार्की, परिषद् पार्षद्, रजिष्ट्रार, सर्वोच्च अदालत | सदस्य |

२ मिति २०८२।१२।२२ देखि परिषद्को अध्यक्ष हुनु भई निर्देशक समितिको संयोजक समेत रहनु भएको (मिति २०८२।०३।१४ देखि २०८२।०५।२४ सम्म परिषद्का तत्कालीन अध्यक्ष श्री रमेश बडाल र मिति २०८२।०५।३० देखि २०८२।१२।१३ सम्म परिषद्का तत्कालीन अध्यक्ष श्री सविता भण्डारी संयोजक रहनु भएको) ।

| | |
|---|---|
| ५. श्री पाराश्वर ढुंगाना, सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ६. वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल, परिषद् पार्षद् | सदस्य |
| ७. अधिवक्ता श्री राजु ढकाल, परिषद् पार्षद् | सदस्य |
| ८. अधिवक्ता श्री संजीवकुमार मल्लिक, परिषद् पार्षद् | सदस्य |
| ९. अधिवक्ता श्री टेकबहादुर कठायत, परिषद् पार्षद् | सदस्य |
| १०. अधिवक्ता श्री इश्वरीप्रसाद ज्ञवाली, परिषद् पार्षद् | सदस्य |
| ११. अधिवक्ता श्री दयाराम गौतम, परिषद् पार्षद् | सदस्य |
| १२. अधिवक्ता श्री मातृकाप्रसाद खनाल, परिषद् पार्षद् | सदस्य |
| १३. वरिष्ठ अधिवक्ता श्री केदारप्रसाद कोइराला, महासचिव नेपाल बार एशोसिएशन | सदस्य |
| १४. अधिवक्ता श्री सरस्वती श्रेष्ठ, संयोजक महिला समिति, नेपाल बार एशोसिएशन | सदस्य |
| १५. वरिष्ठ अधिवक्ता श्री अमिता लक्ष्मी सैंजू | सदस्य |
| १६. वरिष्ठ अधिवक्ता श्री गिता पाठक संग्रौला | सदस्य |
| १७. श्री श्रीराम खनाल, परिषद् सचिव | सदस्य सचिव |

## (ख) योजना तर्जुमा समिति

नेपाल कानून व्यवसायी परिषद्को मिति २०८२।०३।१४ को निर्णयानुसार परिषद्का उपाध्यक्ष वरिष्ठ अधिवक्ता प्रा. डा. श्री विजयप्रसाद मिश्रको संयोजकत्वमा ९ सदस्यीय योजना तर्जुमा समिति गठन गरिएको छ। यस समितिका पदाधिकारीहरूको नामावली यस प्रकार छ।

| | |
|---|---|
| १. वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र, परिषद् उपाध्यक्ष | संयोजक |
| २. वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल, परिषद् पार्षद् | सदस्य |
| ३. वरिष्ठ अधिवक्ता श्री बिजयकान्त मैनाली | सदस्य |
| ४. वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली | सदस्य |
| ५. अधिवक्ता श्री अनिता जोशी मानन्धर | सदस्य |
| ६. अधिवक्ता श्री मनोहर साह | सदस्य |
| ७. अधिवक्ता श्री अन्जिता खनाल | सदस्य |
| ८. अधिवक्ता डा. श्री विष्णु बस्याल | सदस्य |
| ९. अधिवक्ता श्री धर्मराज रेग्मी | सदस्य |

### (ग) योजना तर्जुमा कार्य समूह

नेपाल कानून व्यवसायी परिषद्को मिति २०८२।०३।१४ को निर्णयानुसार दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मस्यौदा तयार गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुलीको संयोजकत्वमा ३ सदस्यीय योजना तर्जुमा कार्यसमूह गठन गरिएको छ। यस समूहका सदस्यहरूको नामावली यस प्रकार छ।

| | |
|---|---|
| १. श्री लोकराज पराजुली, नायब महान्यायाधिवक्ता | संयोजक |
| २. श्री शिव वाग्ले, उपरजिष्ट्रार | सदस्य |
| ३. श्री राजन कुमार के.सी., अधिवक्ता | सदस्य |

## १.३ योजना तर्जुमाको विधि र प्रक्रिया

अनुसन्धानमूलक विधिको अवलम्बन गरी रणनीतिक योजनाको तर्जुमा गरिएको छ। सो क्रममा सम्बद्ध सबै तहका सरोकारवालाहरूको सहभागिता र विज्ञहरू समेतको सहयोग लिइ मूलतः देहायका विधिहरू अवलम्बन गरिएको छ।

### (क) योजना निर्देशक समिति र योजना तर्जुमा समितिसँग छलफल र निर्देशन

परिषद्का अध्यक्ष माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा रहेको निर्देशक समितिको निर्देशन र सुझावका साथै योजना तर्जुमा समितिको संलग्नतामा योजना तर्जुमा गरिएको छ।

### (ख) प्रतिवेदन वा अभिलेख दस्तावेजहरूको संकलन र अध्ययन

न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना, नेपाल बार एशोसिएशनको पञ्चवर्षीय रणनीतिक योजना, महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना र मेलमिलाप परिषद्को रणनीतिक योजनासमेतको अध्ययन गरिएको छ। योजना तर्जुमा र कार्यान्वयन प्रकृया सम्बन्धी बैठकमा सहभागी हुनु हुने परिषद्का पूर्व अध्यक्षज्यूहरू, उपाध्यक्षज्यूहरूबाट प्राप्त राय सुझाव तथा अनुभुवलाई समेत समावेश गरिएको छ। परिषद् बैठकमा सहभागी पूर्व अध्यक्ष अध्यक्षज्यूहरू तथा उपाध्यक्षज्यूहरू, परिषद्का पदाधिकारीज्यूहरू र कर्मचारीहरूको नामावली अनुसूची १ मा समावेश गरिएको छ।

### (ग) सूचना संकलन

परिषद्को रणनीतिक योजना तयार गर्न आवश्यक पर्ने विवरण तथा सूचना संकलन गरिएको छ।

### (घ) सरोकारवालाहरूसँगको परामर्श तथा छलफल

२०८२।०७।१६ को परिषदको निर्णयानुसार गठित प्रथम पञ्चवर्षीय रणनीतिक योजनाधको मूल्याङ्कन कार्यसमूहले दोस्रो योजना तर्जुमा गर्ने समयमा प्रथम रणनीतिक योजनाको मूल्याङ्कनको क्रममा दोस्रो रणनीतिक योजनामा समावेश गर्नुपर्ने विषयमा समेत सरोकारवालाहरूसँग परामर्श तथा छलफल गरी

सुझाव समेत संकलन गरेको हुनाले सो सुझावहरू समेतको आधारमा यो रणनीतिक योजना तर्जुमा गर्दा सरोकारवालाहरूसँग थप परामर्श तथा छलफल गर्न आवश्यक नदेखिएकोले परामर्श तथा छलफल गरिएको छैन।

## १.४ योजनाको स्वरुप

योजनमा विभिन्न सात परिच्छेद रहेका छन्।

**परिच्छेद एक**मा रणनीतिक योजना तर्जुमाको प्रारम्भिक विषयका सम्बन्धमा उल्लेख गरिएको छ।

**परिच्छेद दुई**मा नेपाल कानून व्यवसायी परिषद्को प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा गरिएको छ।

**परिच्छेद तीन**मा परिषद्को वस्तुस्थिति विश्लेषण गरिएको छ।

**परिच्छेद चार**मा रणनीतिक योजनाको परिदृष्य, परिलक्ष्य र मूल्यहरू उल्लेख गरिएको छ।

**परिच्छेद पाँच**मा रणनीतिक योजनाको प्राथमिकताका क्षेत्र. रणनीतिक उद्देश्य तथा कार्यान्वयन योजना समावेश गरिएको छ।

**परिच्छेद छ**मा रणनीतिक योजना कार्यान्वयनका लागि प्रेक्षपण गरिएको बजेट उल्लेख गरिएको छ।

**परिच्छेद सात**मा रणनीतिक योजना कार्यान्वयनका क्रममा आउन सक्ने जोखिम विश्वेषण तथा न्यूनीकरण योजना बारेमा उल्लेख गरिएको छ।

अन्त्यमा विभिन्न अनुसूचीहरूमा विवरण र जानकारीमूलक विषय समावेश गरिएको छ ।

# परिच्छेद दुई

## नेपाल कानून व्यवसायी परिषद्को प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा

### २.१ परिचय

नेपाल कानून व्यवसायी परिषद्ले आफ्नो संगठनात्मक उद्देश्य प्राप्तिका लागि योजनाबद्ध रूपमा कार्य गर्न वि.सं. २०७८ साउन ०१ गतेदेखि २०८३ असार मसान्तसम्मका लागि पहिलो पटक पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९–२०८२/०८३) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो। प्रथम योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै योजना कार्यान्वयनको क्रममा भएका कमी कमजोरीहरूको समीक्षा गरी आगामी आर्थिक वर्ष २०८३/०८४ देखि दोस्रो पञ्चवर्षीय रणनीतिक योजनामार्फत योजनामा सुधारका कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ।

पहिलो योजना "सक्षम र मर्यादित कानून व्यवसायमार्फत विधिको शासनको प्रवर्द्धन गर्ने" परिदृश्य तथा "कानूनको शासन र न्यायमा पहुँचको सुनिश्चितताका लागि व्यावसायिक रूपमा सक्षम र नैतिक रूपमा निष्ठावान कानून व्यवसायीहरूको नियामक निकायका रूपमा स्थापित हुने" परिलक्ष्यसहित निर्माण गरिएको थियो। यस योजनामा परिकल्पना गरिएका लक्ष्यहरू हासिल गर्न ६ वटा प्रमुख लक्ष्य, २७ वटा रणनीति तथा १२० वटा क्रियाकलापहरू निर्धारण गरिएका थिए।

परिषद्को इतिहासको प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९–२०८२/०८३) को तोकिएको अवधिमा मध्यावधि मूल्याङ्कन भएको देखिएन। तथापी परिषद्बाट प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९–२०८२/०८३) को मूल्याङ्कनका लागि २०८२।०७।१६ गतेको परिषदको निर्णय बमोजिम गठन भएको योजना मूल्याङ्कन कार्यसमूहले "मूल्याङ्कन सम्बन्धी प्रतिवेदन"[३] रणनीतिक योजना मूल्याङ्कन निर्देशक समिति समक्ष पेश गरेको देखिन्छ।

### २.२ योजनाको लक्ष्य, रणनीति र क्रियाकलापको समीक्षा

प्रथम पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका रणनीतिहरू अन्तर्गत रहेका क्रियाकलापहरू मध्ये पूरा कार्य सम्पन्न भएकालाई ५ अंक (१०० प्रतिशत), अधिकांश कार्य सम्पन्न भई कार्य अन्तिम चरणमा पुगेकोलाई ४ अंक (९९ देखि ८० प्रतिशतसम्म), अधिक कार्य भएकोलाई ३ अंक (६० देखि ७९ प्रतिशतसम्म), आंशिक मात्र कार्य भएकोलाई २ अंक (२० देखि ५९ प्रतिशत) र कार्य प्रारम्भ मात्र भएकोलाई १ अंक (१ देखि १९ प्रतिशतसम्म) को आधारमा मूल्याङ्कन गरिएको छ।[४] उक्त योजनाको ६ वटा लक्ष्य, २७ वटा रणनीतिहरू र १२० वटा क्रियाकलापहरूको समीक्षा यस प्रकार रहेको छ।

---

३ प्रथम पञ्चवर्षीय रणनीतिक योजना मूल्याङ्कन सम्बन्धी प्रतिवेदन, २०८२ फागुन १३।

४ ऐ. ऐ.।

### (क) योजनाको लक्ष्यगत समीक्षा

(१) कानून शिक्षाको गुणस्तर अभिवृद्धि: यस लक्ष्य अन्तर्गत ३ रणनीति र १८ क्रियाकलाप रहेका थिए। जसमा ३ क्रियाकलाप पूर्ण कार्यान्वयन (१५ अंक), ४/४ क्रियाकलाप अधिकांश, अधिक र आंशिक कार्यान्वयन (३६ अंक), १ वटा क्रियाकलाप न्यून कार्यान्वयन (१ अंक) र कार्यान्वयन नै नभएका २ वटा क्रियाकलाप भई ९० पूर्णाङ्कमा ५२ अंक प्राप्त गरी ५७.७८ प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ।

(२) **प्रभावकारी परीक्षा प्रणालीको विकास:** यस लक्ष्य अन्तर्गत २ रणनीति र ७ क्रियाकलापहरू थिए। जसमा ३ वटा पूर्ण कार्यान्वयन (१५ अंक), १ वटा अधिकांश कार्यान्वयन (४ अंक), २ वटा न्यून कार्यान्वयन (२ अंक) र १ वटा कार्यान्वयन नभएको क्रियाकलाप भई ३५ पूर्णाङ्कमा २१ अंक प्राप्त गरी ६० प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ।

(३) **मर्यादित कानून व्यवसायको विकास:** यस लक्ष्य अन्तर्गत ५ रणनीति र २६ क्रियाकलापहरू रहेका थिए। जसमा १० वटा पूर्ण कार्यान्यन (५० अंक), २/२ वटा अधिकांश र न्यून कार्यान्वयन (१० अंक), ४ वटा आंशिक कार्यान्वयन (८ अंक), ३ वटा अधिक कार्यान्वयन (९ अंक) र ५ वटा कार्यान्वयन नै नभएका क्रियाकलापहरू भई १३० पूर्णाङ्कमा ७७ अंक प्राप्त गरी ५९.२३ प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ ।

(४) **कानून व्यवसायीको सक्षमता अभिवृद्धि:** यस लक्ष्य अन्तर्गत ५ रणनीति र १९ क्रियाकलापहरू रहेका थिए। जसमा ३ वटा पूर्ण कार्यान्वयन (१५ अंक), ३ वटा अधिकांश र ४ वटा अधिक कार्यान्वयन (२४ अंक), १ वटा आंशिक कार्यान्वयन (२ अंक), ३ वटा न्यून कार्यान्वयन (३ अंक) र ५ वटा कार्यान्वयन नै नभएको क्रियाकलाप भई ९५ पूर्णाङ्कमा ४४ अंक प्राप्त गरी ४६.३१ प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ।

(५) **न्यायमा पहुँच अभिवृद्धि:** यस लक्ष्य अन्तर्गत ४ रणनीति र १६ क्रियाकलापहरू रहेका थिए जसमा १ वटा अधिकांश कार्यान्वयन (४ अंक), १ वटा अधिक कार्यान्वयन (३ अंक), ४ वटा आंशिक कार्यान्वयन (८ अंक), ५ वटा न्यून कार्यान्वयन (५ अंक) र ५ वटा कार्यान्वयन नै नभएका क्रियाकलापहरू भई ८० पूर्णाङ्कमा २० अंक प्राप्त गरी २५ प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ।

(६) **परिषद्को संस्थागत सुदृढीकरण:** यस लक्ष्यमा ८ रणनीति र ३४ क्रियाकलापहरू रहेक थिए। जसमा १२ वटा पूर्ण कार्यान्वयन (६० अंक), ४ वटा अधिकांश कार्यान्वयन (१६ अंक), ६ वटा अधिक कार्यान्वयन (१८ अंक), ३ वटा आंशिक कार्यान्वयन (१६ अंक), ४ वटा न्यून कार्यान्वयन (४ अंक) र ५ वटा क्रियाकलापको कार्यान्वयन शुरुवात नै नभई १७० पूर्णाङ्कमा १०४ अंक प्राप्त गरी ६१.१८ प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ।

पहिलो पञ्चवर्षीय रणनीतिक योजनाका लक्ष्यहरूमध्ये "परिषद्को संस्थागत सुदृढीकरण" अन्तर्गत

सबैभन्दा बढी क्रियाकलापहरू अर्थात ६१.१८ प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ। जुन अति नै तारिफ योग्य छ। यसैगरी "न्यायमा पहुँच अभिवृद्धी" लक्ष्य अन्तर्गत सबैभन्दा कम क्रियाकलापहरू अर्थात् २५ प्रतिशत मात्र कार्य सम्पन्न भएको देखिन्छ।

### क्रियाकलापगत समीक्षा

कुल १२० क्रियाकलापहरू मध्ये ३१ अर्थात २५.८३ प्रतिशत पूर्ण कार्यान्वयन, १५ अर्थात १२.५० प्रतिशत अधिकांश कार्यान्वयन, १८ अर्थात १५ प्रतिशत अधिक कार्यान्वयन, १६ अर्थात १३.३४ प्रतिशत आंशिक कार्यान्वयन, १७ अर्थात १४.१७ प्रतिशत न्यून कार्यान्वयन र २३ अर्थात १९.१७ प्रतिशत कार्यान्वयन नै नभएको देखिन्छ। कुनै न कुनै रूपमा कार्यान्वयन शुरु भएका क्रियाकलापहरू समेतलाई कार्यान्वयन भएको मान्ने हो भने योजनाका ८०.८३ प्रतिशत क्रियाकलापहरू कार्यान्वयन भएको देखिन्छ।

**समग्र प्रगति तथा लक्ष्य र प्रगतिबीचको अन्तर**

**तालिका नं. १**

| क्र.सं. | लक्ष्य | रणनीति संख्या | क्रियाकलाप संख्या | जम्मा अंक भार | प्राप्त अंक | औषत कार्य सम्पादन प्रतिशत | अन्तर प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कानून शिक्षाको गुणस्तर अभिवृद्धि | ३ | १८ | ९० | ५२ | ५७.७८ | ४२.२२ |
| २ | प्रभावकारी परीक्षा प्रणालीको विकास | २ | ७ | ३५ | २१ | ६०.०० | ४०.०० |
| ३ | मर्यादित कानून व्यवसायको विकास | ५ | २६ | १३० | ७७ | ५९.२३ | ४०.७७ |
| ४ | कानून व्यवसायीको सक्षमता अभिवृद्धि | ५ | १९ | ९५ | ४४ | ४६.३१ | ५३.६९ |
| ५ | न्यायमा पहुँच अभिवृद्धि | ४ | १६ | ८० | २० | २५.०० | ७५.०० |
| ६ | परिषद्को संस्थागत सुदृढीकरण | ८ | ३४ | १७० | १०४ | ६१.६८ | ३८.३२ |

**लक्ष्यगत समीक्षा**
**तालिका नं. २**

| क्र. सं. | लक्ष्य | रणनीतिहरू | क्रियाकलाहरू | पूर्ण कार्यान्वयन | अधिकाश कार्यान्वयन | अधिक कार्यान्वयन | आंशिक कार्यान्वयन | न्यून कार्यान्वयन | कार्यान्वयन नभएका |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कानून शिक्षाको गुणस्तर अभिवृद्धि | ३ | १८ | ३ | ४ | ४ | ४ | १ | २ |
| २ | प्रभावकारी परीक्षा प्रणालीको विकास | २ | ७ | ३ | १ | ० | ० | २ | १ |
| ३ | मर्यादित कानून व्यवसायको विकास | ५ | २६ | १० | २ | ३ | ४ | २ | ५ |
| ४ | कानून व्यवसायीको सक्षमता अभिवृद्धि | ५ | १९ | ३ | ३ | ४ | १ | ३ | ५ |
| ५ | न्यायमा पहुँच अभिवृद्धि | ४ | १६ | ० | १ | १ | ४ | ५ | ५ |
| ६ | परिषद्को संस्थागत सुदृढीकरण | ८ | ३४ | १२ | ४ | ६ | ३ | ४ | ५ |
| | जम्मा | २७ | १२० | ३१ | १५ | १८ | १६ | १७ | २३ |

प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको समग्र समीक्षा गर्दा १२० वटा क्रियाकलापहरू मध्ये ८० वटा पूर्ण कार्यान्वयन भएको र ४० वटा कार्यान्वयनको चरणमा रहेको तथा न्यून कार्यान्वयन भएको मान्दा ६६.६७ प्रतिशत प्रगती भएको देखिई ३३.३३ प्रतिशत मात्र कार्यान्वयन हुन नसकेको देखिन्छ। यस आधारमा यो रणनीतिक योजनाको सफल कार्यान्वयन भएको मान्न सकिन्छ।

## २.३ सरोकारवालाहरूको धारणा र सुझाव

### (क) सरोकारवालाहरूको धारणा

पहिलो पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारण गरेका लक्ष्य, रणनीति र क्रियाकलापको मूल्याङ्कन गर्ने सन्दर्भमा विषयगत समितिको जिम्मेवारीमा रहेका क्रियाकलापहरू र ती क्रियाकलाप सम्बन्धित कार्यहरू कार्यान्वयनको सम्बन्धमा विषयगत समितिको छलफलमा उठेका विषयहरूका[५] आधारमा देहायका धारणाहरू रहेको पाईयो।

### (अ) योजना कार्यान्वयनबाट हासिल भएका उपलब्धिका सम्बन्धमा

प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनबाट हासिल भएका उपलब्धिहरूको अवस्थाको सारसंक्षेप यस प्रकार रहेको छः

### १. कानून व्यवसायी परिषद् ऐन पुनरावलोकन

५ प्रथम पञ्चवर्षीय रणनीतिक योजना मूल्याङ्कन सम्बन्धी प्रतिवेदन, २०८२ फागुन १३ पेज नं ७१

नेपाल कानून व्ययवसायी परिषद् ऐन, २०५० मा आवश्यक परिमार्जन गर्न संशोधन विधेयक संघीय संसदको प्रतिनिधि सभामा पेश भएको थियो। यस विधेयकमा कानून व्यवसायी परिषद्को संरचना, राज्यको संघीयस्वरुप बमोजिम प्रदेशस्तरिय कार्यालयको स्थापना, कानून व्यवसायी प्रतिष्ठानको स्थापना, संस्थागत विकास, कानून व्यवसायीको अनुभवको आधारमा विभिन्न तहका अदालतमा प्रतिनिधित्व गर्न पाउने मापदण्ड, कानून व्यवसायीको परिभाषा/वर्गीकरण, कानून शिक्षाको गुणस्तर, कानून व्यवसायीको वृत्ति विकास, कार्यक्षेत्र अभिवृद्धि आदि समावेश गरिएको छ।

### २. कानून व्यवसायी परीक्षा प्रणाली पुनरावलोकन

कानून व्यवसायीको पेशालाई स्तरीय, प्रतिस्पर्धी र व्यावसायिक बनाउन कानून व्यवसायी परीक्षा पाठ्यक्रमको पुनरावलोकन गर्ने तथा कानून व्यवसायी परीक्षा प्रणाली पुनरावलोकन गर्ने (परीक्षा केन्द्र, परीक्षा सञ्चालन तथा व्यवस्थापन, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका जाँच, नतिजा र प्रकाशन) कार्य योजना अवधिमा सम्पन्न भएको छ। साथै कानून व्यवयासी परीक्षामा उत्तीर्ण गरेका कानून व्यवसायीलाई कानून व्यवसायमा प्रवेश गर्नु अघि प्रशिक्षण दिई इन्टर्न सेवाको लागि पठाउने जस्ता कार्यक्रम सञ्चालन गर्ने गरिएको छ।

### ३. कानून व्यवसायी आचारसंहिताको पुनरावलोकन

कानून व्यवसायीको कार्यलाई व्यावसायिक बनाउन कानून व्यवसायीको पेशागत आचारण सम्बन्धी नियमावली, २०७९ जारी गरी लागू गरिएको छ। यस नियमावलीले कानून व्यवसायी पेशालाई मर्यादित तथा व्यावसायिक बनाउन यसको उल्लंघन गरेमा सजाय हुने व्यवस्था समेत गरेको छ।

### ४. कानूनी शिक्षामा एकरुपता कायम

कानूनी शिक्षालाई स्तरीय र प्रतिस्पर्धी बनाउन कानूनी शिक्षाको अध्ययन तथा अध्यापन गर्ने गराउने विश्वविद्यालयहरूसँग परामर्श गरी कानून व्यवसायको मापदण्ड निधार्रण गरी सोको प्रचलन र परिपालना सुनिश्चित गर्न नेपाल कानून व्यवसायी परिषद्बाट योजना अवधिमा विभिन्न क्रियाकलापहरू सम्पन्न भएका छन्। नेपालभरका विश्वविद्यालयहरूमा स्नातकोत्तर तहको कानूनी शिक्षा अध्ययन अध्यापन गराउने शैक्षिक संस्थाहरूको पाठ्यक्रममा एकरुपता कायम गर्न प्रवेश परीक्षा सञ्चालन सम्बन्धी मापदण्ड, २०७८ कार्यान्वयनमा ल्याएको अवस्था छ। कानूनी शिक्षा अनुमति र निरीक्षणका लागि आवश्यक भौतिक पूर्वाधार सम्बन्धी निर्देशिका, २०७९ ले निर्धारण गरेको मापदण्ड पालना गराउने कार्य गरेको देखिन्छ। तथापी पछिल्लो समयमा नेपाल कानून व्यवसायी परिषद् (कानूनी शिक्षा) नियमावली, २०७७ को नियम १७ ले गरेको परिषद्को स्वीकृति नलिई कानूनी शिक्षा सञ्चालन गर्न नपाईने भन्ने व्यवस्था प्रत्यायोजित विधायन समेतको प्रतिकूल रहेकाले प्रारम्भ देखिनै बदर हुने भनी सम्मानित सर्वोच्च अदालत संवैधानिक ईजलाशबाट सुरेश महर्जन विरूद्ध नेपाल कानून व्यवसायी परिषद् समेत भएको उत्प्रेषण परमादेश मुद्दा (०७९-WC-००१०) मा २०८१।१०।२ मा व्याख्या भएकोले नेपाल

कानून व्यवसायी परिषद् ऐन, २०५० को संशोधन नभएसम्म (ऐनको दोस्रो संशोधन विधेयक हाल संघीय संसदमा विचाराधिन रहेको) कानूनी शिक्षा सञ्चालनको अनुमति तथा निरीक्षण गर्ने कार्यमा असुविधा परेको देखिन्छ ।

### ५. कानून व्यवसायीको अभिलेखीकरण र करको दायरामा राखिएको

कानून व्यवसायीको अभिलेख विद्युतीय माध्यममा अभिलेखीकरण भएको छ। कानून व्यवसायीलाई करको दायरामा ल्याउन अधिवक्ता नवीकरण शुल्कको व्यवस्था, ल फर्म दर्ता र नवीकरण गर्दा भ्याट दर्ताको प्रमाण हुनुपर्ने तथा कर चुक्ता प्रमाण पेश गर्नुपर्ने व्यवस्था अवलम्बन गरिएको छ।

### ६. वृत्ति विकास कोष सञ्चालन

नेपाल कानून व्यवसायी परिषद्ले आफ्ना सदस्य कानून व्यवसायीलाई घातक रोगको उपचारका लागि सहयोग उपलब्ध गराउने कोषको व्यवस्था गरेको छ । योजना अवधिमा कानून व्यवसायी कल्याणकारी कोष (सञ्चालन) नियमावली, २०८१ जारी गरी परिषद्ले कानून व्यवसायी घातक रोग र दुर्घटनामा परी घाइते भएको अवस्थामा उपचारमा सहयोग गर्ने र क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गरेको छ।

### ७. लयर्स एकडेमी मार्फत प्रशिक्षण

कानून व्यवसायीहरूको पेशागत क्षमता अभिवृद्धिका लागि लयर्स एकेडेमीले आधारभूत र विशिष्टीकृत रुपमा कानून व्यवसायीहरूलाई विषयगत रुपमा प्रशिक्षण प्रदान गर्न पाठ्यक्रम तयार गरी सोही आधारमा नवप्रवेशी कानून व्यवसायीका लागि आधारभूत र दस वर्ष वा सोभन्दा बढी अवधि पेशामा संलग्न भएका कानून व्यवसायीलाई विभिन्न विषयमा विशिष्टीकृत तालिम सञ्चालन गर्दै आईरहेको छ। यस प्रकारका तालिम केन्द्र तथा प्रदेशस्तरमा सञ्चालन भएका छन्।

### ८. संगठन तथा व्यवस्थापन सर्वेक्षण

नेपाल कानून व्यवसायी परिषद्को संगठन तथा व्यवस्थापन सर्वेक्षण मिति २०८१।०३।०८ मा स्वीकृत भएको छ। उक्त सर्वेक्षणअनुसार परिषद्का लागि स्थायी ११ जना र अस्थायी १७ जना गरी कुल २८ जनाको दरबन्दी सिफारिस गरिएको छ।

सर्वेक्षणको सिफारिसबमोजिम परिषद्ले लोकसेवा आयोगको प्रतियोगितात्मक परीक्षामार्फत शाखा अधिकृत (छैठौं तह) ३ जना, वरिष्ठ सहायक (पाँचौँ तह) १ जना, लेखापाल (पाँचौँ तह) १ जना तथा सूचना प्रविधि सहायक १ जना गरी जम्मा ६ जना कर्मचारी नियुक्त गरिसकेको छ। हाल परिषद्मा स्थायी ९ जना, ४ जना करार गरी कुल १३ जना कर्मचारी कार्यरत रहेका छन्। तथापि, स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षणबमोजिम बाँकी दरबन्दी पूर्ति गर्नुका साथै प्रस्तावित शाखाहरू स्थापना तथा सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ९. समितिका निर्णयको अभिलेखीकरण

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० बमोजिम जारी भएका विभिन्न नियमावली अनुसार गठित समितिहरूका बैठकबाट भएका निर्णयहरूको अभिलेखीकरण भएको देखिन्छ। यसबाट परिषद् र विभिन्न समितबाट भएका महत्वपूर्ण निर्णयको जानकारी प्राप्त हुने अवस्था रहेको देखिन्छ।

### १०. कानून व्यवसायी प्रशिक्षण

कानून व्यवसायीको विशिष्टीकरण र व्यावसायीकरणका लागि लयर्स एकेडेमी तथा राष्ट्रिय न्यायिक प्रतिष्ठान मार्फत प्रशिक्षण सञ्चालन हुँदै आएको छ । संवैधानिक, फौजदारी, देवानी, राजश्व तथा कर, वाणिज्य एवम् कानून विषयका विषयगत पाठ्यक्रम तयार गरी केन्द्र तथा प्रदेशस्तरमा प्रशिक्षण सञ्चालन हुँदै आईरहेको अवस्था छ।

### ११. योजनाबद्ध संस्थागत विकासको प्रयास

नेपाल कानून व्यवसायी परिषद्को कार्यालय तथा समग्र कानून व्यवसायीको पेशागत हक हित मर्यादा तथा कार्यगत सुधारका कानूनी शिक्षाको सबलीकरण र उन्नयन आदिका लागि रणनीतिक हस्तक्षेपका क्षेत्रहरू पहिचान गरी प्रथम पञ्चवर्षीय रणनीतिक योजना तयार भई कार्यान्वयनमा ल्याइएको छ। योजना कार्यान्वयनबाट संस्थागत सुधारहरू भएको छ।

### १२. बुलेटिन र जर्नलको प्रकाशन

नियमित रुपमा नेपाल कानून व्यवसायी परिषद्को काम कारवाही समेटि वार्षिक रुपमा नेपाल कानून व्यवसायी परिषद् बुलेटिन प्रकाशन हुँदै आएको छ। यसैगरी नेपाली र अंग्रेजी विषयमा विज्ञ समिक्षित अलग अलग जर्नल वार्षिक रुपमा प्रकाशित हुँदै आएको छ।

### (आ) योजना कार्यान्वयन हुन नसक्नुका कारण सम्बन्धमा

नेपाल कानून व्यवसायी परिषद्को प्रथम पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको मूल्याङ्कन गर्दा अधिकांश क्रियाकलापहरू कार्यान्वयन भएको देखिन्छ। सो योजनाले प्रक्षेपण गरेका कार्यान्वयन हुन नसकेका क्रियाकलापहरू कार्यान्वयन हुन नसक्नुका कारणहरू देहायबमोजिम रहेको देखिन्छ।

### १. परिषद्को रणनीतिक कार्यान्वयन प्राथमिकतामा नपर्नु

रणनीतिक योजनाले प्रणालीगत सोच, संस्थागत हित तथा समग्र जनशक्तिको विकासलाई प्राथमिकता दिनुपर्ने अपेक्षा राख्दछ । तथापि, योजना कार्यान्वयनको क्रममा अपेक्षित रूपमा संस्थागत दृष्टिकोणभन्दा व्यक्तिगत प्राथमिकता हावी भएको देखिन्छ।

साथै, योजनामा आधारित स्पष्ट कार्यसंस्कृतिको अभाव तथा व्यक्तिगत सोच र प्राथमिकताका आधारमा क्रियाकलाप सञ्चालन गर्ने प्रवृत्तिले योजनाले अपेक्षित परिणाम प्राप्त हुन सकेको देखिदैन। संस्थागत प्राथमिकताका आधारमा योजनामा समेटिएका केही क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन भएको देखिदैन।

पञ्चवर्षीय रणनीतिक योजनामा कार्यान्वयन समितिको व्यवस्था गरिएको भए तापनि योजना अवधिभर आशातितरुपमा क्रियाशील भएको पाइएन । साथै, योजना कार्यान्वयनका लागि स्पष्ट जिम्मेवारी निर्धारण गर्ने संस्थागत संरचना विकास नगरेको तथा कार्यान्वयनसम्बन्धी गतिविधिहरूको अभिलेखीकरण गर्ने पृथक व्यवस्था स्थापित नभएको अवस्था देखिन्छ ।

### २. योजनाले प्रक्षेपण गरे अनुसार बजेट प्राप्त नहुनु

योजनाले प्रक्षेपण गरेअनुसार आवश्यक बजेट प्राप्त हुन नसक्दा निर्धारित  कार्यक्रम तथा क्रियाकलाप-हरूको प्रभावकारी कार्यान्वयनमा कठिनाइ उत्पन्न भएको देखिन्छ । अपेक्षित वित्तीय स्रोतको अभावका कारण योजनाका प्राथमिकताहरू समयमै कार्यान्वयन हुन नसक्ने, कार्यक्रमहरू स्थगित हुनुका साथै समग्र उपलब्धि नै प्रभावित हुने अवस्था सिर्जना भएको पाइन्छ ।

### ३. कार्ययोजना बनाई योजना कार्यान्वयनका लागि नियमितरुपमा लाग्न नसक्नु

रणनीतिक योजनाले प्रक्षेपण गरे अनुसार निर्दिष्ट अवधिभित्र क्रियाकलापहरू सञ्चालन गर्न प्रत्येक आर्थिक वर्षमा वार्षिक कार्ययोजना तर्जुमा गरी स्वीकृत पश्चात् कार्यान्वयन गर्नुपर्ने व्यवस्था भएता पनि सो बमोजिम भएको देखिदैन । नियमितरुपमा वार्षिक कार्ययोजना बनाई योजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ४. प्रक्षेपित क्रियाकलापहरूमा परिषद्का विभिन्न समितिहरूको जिम्मेवारी रहनु

योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरू कार्यान्वयन गर्ने जिम्मेवारी परिषद् अन्तर्गतका समितिहरूलाई प्रदान गरेको देखिन्छ जसलाई परिषद् आफैँले जवाफदेही बनाउन सक्ने प्रवन्ध रहेको छैन । समितिहरूको बैठक नियमित बस्न नसकेको र समयमै समितिका पदाधिकारीहरू नतोकिएका कारण समेत योजना कार्यान्वयनमा कठिनाई भएको देखिन्छ ।

यसै गरी परिषद्का पदाधिकारीहरू विभिन्न निकायबाट प्रतिनिधित्व गर्दै पदेनको रुपमा कार्य जिम्मेवारीमा रहने हुँदा परिषद्को समितिमा पर्याप्त समय दिन नसक्दा प्रक्षेपित कार्य सम्पादनमा प्रभाव परेको देखिन्छ । साथै परिषद् अन्तर्गत रणनीतिक योजनाको कार्यान्वयनका लागि १० वटा विभिन्न समितिहरूलाई जिम्मेवारी प्रदान गरिएकोमा ती विषयगत समितिहरूका लागि अलग्गै सचिवालय वा कर्मचारीको व्यवस्थापन नहुँदा समितिबाट हुने कार्यसम्पादनमा कठिनाई हुने गरेको अवस्था देखिन्छ ।

### ५. योजना केन्द्रित कार्य अभ्यास नहुनु

परिषदबाट योजना अवधिमा काम कारवाही हुँदा योजनाका आधारमा क्रियाकलाप गरिएको भन्ने उल्लेख भएको वा सो बमोजिम गरिएको भन्ने निर्णय भएको अभिलेखबाट देखिँदैन । परिषद्ले नियमित कार्य गर्ने प्रसंगमा योजनाले प्रक्षेपण गरेका मध्ये केही क्रियाकलापहरू कार्यान्वयन भएको देखिन्छ । योजनालाई अगाडि सारेर प्रक्षेपित रणनीति अनुसार क्रियाकलाप सञ्चालन नहुँदा अपेक्षित मात्रामा योजना कार्यान्वयन हुन नसकेको देखिन्छ ।

### ६. प्रदेशस्तरीय पार्षद्का लागि अलग्गै कार्यालय, जनशक्ति र बजेट व्यवस्थापन हुन नसक्नु

परिषदका प्रदेशस्तरीय पार्षद्का लागि छुट्टै कार्यालय, आवश्यक जनशक्ति तथा बजेट व्यवस्थापन हुन नसक्दा प्रदेशस्तरमा परिषद्का गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ उत्पन्न भएको देखिन्छ । प्रत्येक प्रदेशमा परिषद्को कार्यालय स्थापना, पर्याप्त जनशक्ति उपलब्धता तथा आवश्यक भौतिक एवम् आर्थिक स्रोत–साधनको अभावका कारण पार्षद्लाई प्रदेश कार्यालय सञ्चालन तथा सेवा प्रवाहमा चुनौती सामना गर्नुपरेको अवस्था विद्यमान छ ।

### ७. संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएबमोजिम समयमा नै जनशक्ति पदपूर्ति हुन नसक्नु

संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) बमोजिम आवश्यक जनशक्ति समयमै पदपूर्ति हुन नसक्दा परिषद्का कार्यक्रम तथा योजनाहरूको प्रभावकारी कार्यान्वयनमा कठिनाइ उत्पन्न भएको देखिन्छ । आवश्यक दरबन्दीअनुसार कर्मचारी व्यवस्था हुन नसक्दा कार्य विभाजन, जिम्मेवारी वहन तथा सेवा प्रवाहमा समेत असर परेको पाइन्छ ।

### ८. योजनाका बारेमा नियमित कार्यक्रम तथा समीक्षा नहुनु

योजनासम्बन्धी नियमित कार्यक्रम, अभिमूखीकरण तथा समीक्षा बैठकहरू सञ्चालन गरिएको देखिदैन । परिषद्बाट तर्जुमा गरिएको रणनीतिक योजना, त्यसले प्रक्षेपण गरेका क्रियाकलापहरू तथा सम्बन्धित निकाय/समितिहरूलाई प्रदान गरिएको जिम्मेवारीबारे पर्याप्त जानकारी र अभिमुखीकरण कार्यक्रम सञ्चालन नगरिएको कुरा सरोकारवालासँग गरिएको छलफल तथा विभिन्न समितिहरूसँग गरिएको अन्तरक्रियाबाट खुल्न आएको छ । योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरूको कार्यान्वयनका लागि जिम्मेवारी प्रदान गरिएका समितिहरूसँग नियमितरूपमा प्रगति समीक्षा, अनुगमन तथा समन्वय बैठकहरू सञ्चालन नगर्दा कार्यान्वयनको अवस्था, चुनौती तथा सुधारका आवश्यक पक्षहरू समयमै पहिचान हुन नसकेको देखिन्छ ।

रणनीतिक योजना पाँच वर्षको अवधिका लागि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको भए तापनि सो अवधिभित्र योजनालाई समयसापेक्ष, सान्दर्भिक तथा प्रभावकारी बनाइ राख्न मध्यावधिको समयमा मूल्याङ्कन गरिएको पाईएन । मध्यावधि मूल्याङ्कमार्फत बदलिँदो परिवेशअनुसार योजनामा आवश्यक परिमार्जन गर्ने, असान्दर्भिक वा कम प्राथमिकताका क्रियाकलापहरू हटाउने, कार्यान्वयनको प्रगति तथा उपलब्धिहरूको समीक्षा गर्ने र आवश्यक सुधारका उपायहरू पहिचान गर्ने अपेक्षा रहन्छ । तथापि, यस्तो मूल्याङ्कन हुन नसक्दा योजना कार्यान्वयनको वास्तविक अवस्था, प्रभावकारिता तथा सुधारका आवश्यक क्षेत्रहरू समयमै पहिचान हुन नसकेको देखिन्छ ।

### १०. सरोकारवाला निकायहरूसँग उचित समन्वय, सहकार्य नहुनु

योजना कार्यान्वयनको सन्दर्भमा सरोकारवाला तथा साझेदार निकायहरूसँग आवधिकरुपमा समन्वय, सहकार्यका लागि बैठक, छलफल वा अन्तरक्रिया हुन नसक्दा प्रक्षेपण गरिएका क्रियाकलापहरू समयमा नै कार्यान्वयन हुन सकेको देखिदैन ।

### ११. सबै कानून व्यवसायीहरूको योजना प्रति अपनत्व नहुनु

सबै कानून व्यवसायी तथा परिषद्का कर्मचारीहरूमा योजनाप्रति अपेक्षित अपनत्वभाव (ownership) विकास हुन नसकेको देखिन्छ । योजना कार्यान्वयनको चरणमा सबै सरोकारवालाहरूले योजनालाई आत्मसात् गर्दै योजनाबद्ध रूपमा कार्य सञ्चालन गर्नुपर्ने भए तापनि सोअनुरूपको प्रतिबद्धता र सहभागिता पर्याप्त रूपमा देखिएको छैन । साथै, परिषदमा योजना कार्यान्वयनसम्बन्धी छुट्टै शाखा स्थापना नभएको तथा नियमित र प्रणालीगत रूपमा योजना कार्यान्वयन भएको पाईएन ।

योजनासम्बन्धी पर्याप्त छलफल, अभिमुखीकरण तथा जानकारीमूलक कार्यक्रम सञ्चालन हुन नसकेको देखिन्छ । समग्र कानून व्यवसायी, नेपाल बार एशोसिएशन तथा यसका एकाईहरूमा योजना तर्जुमा प्रक्रिया, कार्यान्वयनका चरणहरू, लक्ष्य तथा उद्देश्यहरू र सो योजनाले समग्र कानून व्यवसायी तथा व्यवसायको विकासमा पार्ने सकारात्मक प्रभावका विषयमा अपेक्षितस्तरको जानकारी, छलफल वा अभिमुखीकरण कार्यक्रम सञ्चालन हुन नसकेको अवस्था देखिएको छ । यस प्रकारको अभिमुखीकरण तथा संवादको अभावका कारण सरोकारवालामा योजनाप्रति पर्याप्त बुझाइ र अपनत्व विकास हुन नसकी योजना कार्यान्वयन अपेक्षित रूपमा प्रभावकारी हुन नसकेको देखिन्छ ।

### (इ) योजना कार्यान्वयनका क्रममा सुधार गर्नुपर्ने कमजोर पक्षहरूका सम्बन्धमा

प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन अपेक्षित रूपमा सफल भएको देखिए तापनि केहि कार्यक्रम तथा क्रियाकलापहरू पूर्णरूपमा कार्यान्वयन हुन सकेको देखिँदैन । कार्यान्वयनका विभिन्न चरणहरूमा विविध कमजोरीहरू देखिएका छन् । योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन सुधार गर्नुपर्ने प्रमुख विषयवस्तुहरू यस प्रकार रहेका छन् ।

### १. रणनीतिक योजना कार्यान्वयनलाई संस्थागत प्राथमिकतामा राखिनु पर्ने

योजना कार्यान्वयनका क्रियाकलापहरू संस्थागत प्राथमिकतामा पर्याप्त रूपमा नपरेको देखिन्छ । अधिवक्ताको परीक्षा सञ्चालन, प्रमाणपत्र वितरण तथा नवीकरण, वार्षिक बुलेटिन र न्याय वाटिका प्रकाशनजस्ता नियमित प्रशासनिक तथा प्रकाशनसम्बन्धी कार्यहरूलाई तुलनात्मक रूपमा बढी प्राथमिकता दिइएको देखिन्छ । त्यसैगरी, बारको निर्वाचन प्रक्रियाले समेत योजना कार्यान्वयनमा प्रभाव पारेको देखिन्छ । समितिहरूको कार्य अभिलेख व्यवस्थापन तथा सहजीकरणका लागि छुट्टै सचिवालयको अभाव रहेको कारण कार्यान्वयनमा आवश्यक समन्वय र निरन्तरता कायम हुन सकेको छैन । साथै, समितिले कार्यान्वयन गर्नुपर्ने विभिन्न क्रियाकलापहरू संस्थागत प्राथमिकतामा नपरेको तथा ती विषयमा नियमित बैठक, छलफल र समीक्षा पर्याप्त रूपमा नहुने गरेको अवस्था समेत देखिन्छ । तसर्थ योजनाको कार्यान्वयनमा थप प्रभावकारीताका लागि यसलाई संस्थागत प्राथिमकतामा राखिनु पर्छ ।

### २. स्रोत साधनको उपलब्धता हुनु पर्ने

योजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा आवश्यक दक्ष जनशक्तिको उपलब्धता देखिँदैन । प्रभावकारी कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतसाधनको व्यवस्था, संस्थागत संयन्त्रको

सुदृढीकरण तथा स्पष्ट कार्यादेशसहितको सचिवालयीय संरचना अनिवार्य हुन्छ । साथै, समितिको कार्य वातावरण तथा प्रारम्भिक कार्य (उजुरी दर्ता लगायत) प्रभावकारी रूपमा अघि बढाउन प्रतिबद्ध सचिवालय आवश्यक भए तापनि हाल अपर्याप्त कर्मचारीको अवस्था रहेको देखिन्छ ।

त्यसैगरी, उपलब्ध कर्मचारीहरू पनि परीक्षा तथा अन्य अतिरिक्त जिम्मेवारीमा बढी संलग्न हुने गरेकोले योजना कार्यान्वयनमा अपेक्षित समय र ध्यान केन्द्रित हुन नसकेको देखिन्छ । साथै, बैठक सञ्चालनका लागि निश्चित कार्यतालिका तथा समय निर्धारण गरी नियमित रूपमा कार्य सम्पादन गर्ने अभ्यास पर्याप्त रूपमा स्थापित हुन सकेको देखिँदैन । तसर्थ योजनाको प्रभावकारी कार्यान्वयनका लागि उचित रुपमा स्रोत साधन उपलब्ध गराउनु पर्नेछ ।

### ३. अनुसन्धानमूलक कार्य र सोको संप्रेषण गर्नुपर्ने

प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन अवधिमा अनुसन्धानमूलक कार्यहरू सञ्चालन गर्ने तथा स्रोत सामग्रीहरू तयार गर्ने विभिन्न क्रियाकलापहरू प्रक्षेपण गरिए तापनि सोअनुसार अपेक्षित सामग्रीहरू तयार गरी प्रकाशन गर्न सकिएको देखिँदैन । यद्यपि परिषदबाट वार्षिक रूपमा जर्नल र बुलेटिन प्रकाशन हुँदै आएको भएपनि कानून तथा न्यायका विषयमा गहन अध्ययन अनुसन्धान गरी सोको प्रतिवेदन तयार गर्ने र प्रकाशन गर्ने कार्य अपेक्षित रूपमा हुन सकेको छैन । तसर्थ कानून र न्यायका विषयमा विशेष अध्ययन र अनुसन्धान गरी तत्सम्बन्धमा प्रकाशन तथा सम्प्रेषण गर्नुपर्ने देखिन्छ ।

### ४. योजना कार्यान्वयनको छुट्टै स्थायी संयन्त्र बनाउनु पर्ने

योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्थायी संयन्त्र निर्माण गरिएको देखिँदैन । योजनाबद्ध कार्यान्वयन सुनिश्चित गर्न वार्षिक बजेट तथा योजना तर्जुमा गर्ने, स्पष्ट कार्यादेशसहित योग्य, अनुभवी तथा विशेषज्ञ जनशक्ति समावेश भएको स्थायी प्रकृतिको योजना कार्यान्वयन समिति वा एकाई गठन गरिएको अवस्था देखिँदैन । तसर्थ यस्तो संयन्त्र बनाउनु पर्ने देखिन्छ ।

### ५. पुस्तकालय  व्यवस्थापन प्रभावकारी बनाइनु पर्ने

परिषद्मा स्वदेशी तथा विदेशी कानूनसम्बन्धी पुस्तकहरू उपलब्ध भए तापनि पुस्तकालयमा नयाँ तथा अद्यावधिक पुस्तकहरूको पर्याप्तता देखिँदैन । साथै, पुस्तकालय सञ्चालनका लागि पुस्तकालय व्यवस्थापनसम्बन्धी विषयमा दक्ष जनशक्तिको व्यवस्था नभएको अवस्था छ । हाल उपलब्ध पुस्तकहरूको व्यवस्थित अभिलेख नरहेको तथा पुस्तक दर्ता र व्यवस्थापनका लागि आवश्यक सफ्टवेयर प्रणालीको विकास नभएको कारण पुस्तकालय व्यवस्थापन प्रभावकारी हुन सकेको छैन । यसैगरी, अन्य कानूनसम्बन्धी पुस्तकालयहरूसँग नेटवर्क/लिंक स्थापना गरी स्रोत साधनको पहुँच विस्तार गर्ने व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ६. प्रदेशस्तरीय कार्यालयको स्थापना गरिनु पर्ने

केन्द्रमा नेपाल कानून व्यवसायी परिषद्को कार्यालय तथा आवश्यक कर्मचारीको व्यवस्था रहेको भए तापनि प्रदेशस्तरमा छुट्टै कार्यालय तथा कर्मचारी संरचना स्थापना हुन सकेको छैन । हालको कानूनी

व्यवस्था अनुसार प्रत्येक प्रदेशमा एक/एक जना पार्षद् निर्वाचित हुने र सम्बन्धित पार्षद् रहेको स्थानमा सम्पर्क कार्यालय सञ्चालन हुने अभ्यास रहेको भए पनि सोअनुसारको संस्थागत संरचना तथा जनशक्ति व्यवस्था पर्याप्त रूपमा विकास भएको देखिँदैन । प्रथम पञ्चवर्षीय रणनीतिक योजनामा नेपाल कानून व्यवसायी परिषद्को प्रदेशस्तरमा कार्यालय स्थापना सम्बन्धी सम्भाव्यता अध्ययन गरी प्राप्त सुझावहरूको कार्यान्वयन गर्ने क्रियाकलाप प्रक्षेपण गरिएको थियो । यद्यपि सम्पर्क कार्यालय सञ्चालनका लागि केही बजेट विनियोजन गर्ने कार्य भए तापनि उक्त क्रियाकलापको मूल उद्देश्यअनुसार प्रदेशस्तरीय कार्यालय संरचना स्थापना तथा सुदृढीकरण हुन सकेको देखिँदैन । तसर्थ आवश्यक जनशक्ति सहित प्रदेशस्तरीय कार्यालय स्थापना गरिनु पर्ने देखिन्छ ।

### ७. कानून व्यवसायीको सुरक्षा सुनिश्चितता हुनु पर्ने

कानून व्यवसायीहरूले वादी वा प्रतिवादीको तर्फबाट मुद्दा दायर गर्ने तथा विभिन्न मुद्दा मामिलामा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने कार्य सम्पादन गर्नुपर्ने हुन्छ । संवेदनशील मुद्दामा यस्तो जिम्मेवारी निर्वाह गर्ने क्रममा कानून व्यवसायीहरूको सुरक्षा सुनिश्चित गर्नु अत्यन्त आवश्यक देखिन्छ । योजनामा कानून व्यवसायीहरूको सुरक्षासम्बन्धी अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाका बारेमा अध्ययन गर्ने उल्लेख भए तापनि सो कार्य अपेक्षित रूपमा सम्पन्न हुन नसकेको देखिन्छ । यद्यपि, कानून व्यवसायी परिषद् ऐन संशोधन विधेयकमा कानून व्यवसायीहरूको सुरक्षा सम्बन्धी केही प्रावधानहरू प्रस्ताव गरिएको देखिन्छ । तसर्थ कानून व्यवसायीको सुरक्षा सुनिश्चतताको लागि आवश्यक प्रवन्ध हुनु पर्ने देखिन्छ ।

### ८. समयमा नै दक्ष जनशक्तिको व्यवस्थापन हुनु पर्ने

संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) बमोजिम आवश्यक जनशक्ति समयमै पदपूर्ति हुन नसक्दा परिषद्का कार्यक्रम तथा योजनाहरूको प्रभावकारी कार्यान्वयनमा कठिनाइ उत्पन्न भएको देखिन्छ । आवश्यक दरबन्दीअनुसार समयमा नै कर्मचारी व्यवस्था हुन नसक्दा कार्य विभाजन, जिम्मेवारी वहन तथा सेवा प्रवाहमा समेत असर परेको पाइन्छ । तसर्थ आवश्यक जनशक्ति यथासमयमा व्यवस्थापन हुनु पर्ने देखिन्छ ।

### ९. योजनाको नियमित समीक्षा, पुनरावलोकन र आवधिक मूल्याङ्कन गर्नुपर्ने

रणनीतिक योजनाको कार्यान्वयन, अनुगमन, निरीक्षण तथा आवधिक समीक्षाका लागि योजना कार्यान्वयन संयन्त्रको रूपमा योजना कार्यान्वयनको अन्तिम चरणमा मात्र निर्देशक समिति र कार्यसमूह गठन गरिएको भए तापनि योजनाको मध्यावधि मूल्याङ्कन हुन सकेको देखिँदैन । यस कारण योजनाको कार्यान्वयन अवधिमा प्राप्त उपलब्धिहरूलाई योजनाको समग्र उपलब्धिको रूपमा मूल्याङ्कन गर्न सकिने अवस्था रहेको देखिँदैन । योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक जनशक्ति सहितको योजना कार्यान्वयन एकाइको स्थापना, अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी मध्यावधि मूल्याङ्कनको स्पष्ट प्रारूप तयार गरी सोहीअनुसार समिक्षा र पुनरावलोकन गर्दै योजनाबद्ध रूपमा कार्यान्वयन गर्नु आवश्यक देखिन्छ ।

### १०. कानून व्यवसायी प्रतिष्ठान स्थापना गर्नुपर्ने

हाल कानून व्यवसायीलाई राष्ट्रिय न्यायिक प्रतिष्ठान तथा लयर्य एकेडेमीमार्फत आधारभूत तथा विशिष्टीकृत प्रशिक्षण सञ्चालन हुँदै आएको छ । कानून व्यवसायीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रथम पञ्चवर्षीय रणनीतिक योजनामा कानून व्यवसायी प्रतिष्ठानको भवन निर्माणका लागि जग्गा प्राप्ति र सो भवन निर्माणका लागि गुरु योजना तर्जुमा गर्ने उल्लेख भए पनि सो कार्य हुन सकेको छैन । तसर्थ यस सम्बन्धमा कार्य गरी कानून व्यवसायी प्रतिष्ठान स्थापना गर्नुपर्ने देखिन्छ ।

### ११. कानून अध्ययन अध्यापन हुने विद्यालय विश्वविद्यालयको प्रतिनिनिधित्व सहितको कानून शिक्षा अनुगमन संयन्त्र स्थापना हुनु पर्ने

विश्वविद्यालय तथा सम्बन्धित संस्थाका अधिकारीहरू परिषद्सँगको सहकार्यमा अभ्यस्त भइसकेको अवस्थामा सर्वोच्च अदालतबाट नेपाल कानून व्यवसायी परिषद् (कानूनी शिक्षा) नियमावली, २०७७ का केही प्रावधानहरू खारेज गरिएका कारण अपेक्षित रूपमा कार्य सम्पादन गर्न सकिएको देखिँदैन । नेपालको कानून शिक्षा प्रणालीको विकासका लागि परिषद्बाट नियमन तथा अनुगमन गर्ने गरी कानूनी व्यवस्था संशोधन गर्नुका साथै स्थायी संस्थागत संयन्त्रको विकास गर्नुपर्ने आवश्यकता देखिन्छ । साथै यस्तो संयन्त्रमा कानून विषय अध्ययन अध्यापन गर्ने विश्वविद्यालय र विद्यालयको प्रतिनिधित्व हुनुपर्ने देखिन्छ ।

### १२. कर्मचारीहरूको क्षमता विकास सम्बन्धी प्रशिक्षण कार्यक्रम हुनु पर्ने

लयर्स एकेडेमीबाट कानून व्यवसायीहरूका लागि आधारभूत तथा विशिष्टीकृत प्रशिक्षण सञ्चालन हुँदै आएको भए तापनि परिषद्को अधिकृत तथा सहायक कर्मचारीहरूको क्षमता तथा दक्षता विकासका लागि आवश्यक सेवा प्रवेश, कार्यालय व्यवस्थापन, क्षमता अभिवृद्धि, पुनर्ताजगी तथा नेतृत्व विकाससम्बन्धी प्रशिक्षण कार्यक्रमहरू सञ्चालन हुन नसक्दा कर्मचारीहरूको व्यावसायिक दक्षता, कार्यसम्पादन क्षमता तथा संस्थागत सेवा प्रवाह अपेक्षित रूपमा सुदृढ भएको पाईएन । तसर्थ कर्मचारीको क्षमता विकास सम्बन्धी प्रशिक्षण कार्यक्रम हुनु पर्ने देखिन्छ ।

### १३. अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग बढाइनु पर्ने

नेपाल कानून व्यवसायी परिषद्बाट प्राप्त हुने निवेदन, उजुरी तथा गुनासो व्यवस्थापन, सेवा शुल्क भुक्तानी, प्रतिलिपि उपलब्धता, परीक्षा सम्बन्धी प्रक्रिया तथा अभिलेख, कार्यालय दर्ता र नवीकरण, प्रमाणपत्र अद्यावधिक, कानून व्यवसायीको व्यक्तिगत तथा कार्यालयगत विवरण अभिलेख, नि:शुल्क कानूनी सेवा (प्रो बोनो), कानूनी सहायता तथा व्यावसायिक सामाजिक दायित्वसम्बन्धी अभिलेख, अनुशासनात्मक कारबाहीसम्बन्धी अभिलेख, क्षमता विकास सम्बन्धी विवरण, विषय विज्ञ तथा विशिष्टीकृत कानून व्यवसायीहरूको अभिलेख, वित्तीय व्यवस्थापन (लेखा तथा जिन्सी) अभिलेख, साथै कर्मचारी अभिलेखलगायतका सम्पूर्ण कार्यहरूलाई एकीकृत रूपमा व्यवस्थापन गर्न एकीकृत सफ्टवेयर प्रणाली निर्माण तथा सञ्चालन गर्ने प्रावधान रहे तापनि सो कार्य हालसम्म कार्यान्वयन हुन नसकेको देखिन्छ । तसर्थ यस्ता अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग बढाइनु पर्ने देखिन्छ ।

## २.४ लक्ष्य र प्रगतिबीच अन्तरका कारण र प्रभावको विश्लेषण

पहिलो पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारण गरेका छ वटा लक्ष्य, रणनीति तथा क्रियाकलापहरूको मूल्याङ्कन गर्ने सन्दर्भमा विषयगत समितिहरूको जिम्मेवारीमा रहेका क्रियाकलापहरू तथा सोसँग सम्बन्धित कार्यहरूको कार्यान्वयन अवस्थालाई आधार मानी विषयगत समितिहरूको छलफलमा उठेका विषयहरूका आधारमा देखिएका अन्तरका कारण, प्रभाव तथा असरहरूको विश्लेषण गरिएको छ। सो विश्लेषण देहायबमोजिम प्रस्तुत गरिएको छ।

**लक्ष्य र प्रगतिबीच अन्तरका कारण र प्रभावहरू**

**तालिका नं. ३**

| क्षेत्र | लक्ष्य र प्रगतिबीच अन्तरका कारण | प्रभाव |
|---|---|---|
| बजेट प्राप्ति र विनियोजन | रणनीतिक योजनाले निर्धारण गरेका कार्यक्रम सम्पन्न गर्नका लागि आवश्यक वजेट विनियोजन हुन नसक्नु | योजनाले निर्धारण गरेका कार्यक्रमहरू लागू हुन नसकेकोले परिषद् सुदृढ हुन नसकेको |
| परिषद्को संरचना | परिषद्का पदाधिकारीको परिषद् बाहेक अन्य काममा समेत जिम्मेवारी रहेको | परिषद्को कार्य सम्पादनका लागि समय व्यवस्थापनमा कठिनाई |
| मानव संसाधन र जनशक्ति विकास | समयमा नै दक्ष, कुशल र तालिम प्राप्त जनशक्ति परिपूर्ति नभएको | दक्ष जनशक्ति अभावले समयमा नै कार्यसम्पादन नभएको |
| रणनीतिक योजनाको कार्यान्वयन | रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि  स्थायी संरचना गठन नभएको | पहिलो रणनीतिक योजनाले लिएको लक्ष्यको प्राप्ति र परिषद् सुदृढीकरणमा कठिनाई |
| योजना प्रति स्वामित्वभाव र सरोकारवालाबीच प्रभावकारी सञ्चार तथा समन्वय | योजना बनेको विषय नै सरोकारवालालाई जानकारी नभएको | योजना नतिजामूखी र प्रभावकारी ढंगले कार्यान्वयन हुन नसकेको |

# परिच्छेद तीन
## वस्तुस्थिति विश्लेषण

### ३.१ परिचय

संगठनको उद्देश्य हासिल गर्न मानवीय तथा भौतिक स्रोत–साधन, प्रविधि, संरचना तथा क्रियाकलापहरूको समन्वित र प्रभावकारी परिचालन अपरिहार्य हुन्छ। संगठनले आफ्नो जिम्मेवारी अपेक्षित रूपमा निर्वाह गर्न स्पष्ट परिदृष्टि (Vision) र परिलक्ष्य (Mission) निर्धारण गरी स्थापित मूल्य मान्यता (Values) अनुरूप कार्य सञ्चालन गर्नु आवश्यक हुन्छ।

यसका लागि संगठनले दीर्घकालीन लक्ष्य निर्धारण गरी उपयुक्त रणनीति तथा कार्यान्वयनमुखी क्रियाकलापहरूको यथार्थपरक प्रक्षेपणसहित योजनाबद्ध रूपमा कार्य सञ्चालन गर्नुपर्दछ। साथै, संगठनको आन्तरिक वातावरण अन्तर्गतका सबल तथा कमजोर पक्षहरूको पहिचान गर्दै बाह्य वातावरणमा रहेका अवसर र चुनौतीहरूको विश्लेषण गर्नु अत्यन्त आवश्यक हुन्छ।

नेपाल कानून व्यवसायी परिषद्को दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०८३/०८४–२०८७/०८८) तर्जुमा गर्ने क्रममा सरोकारवालाहरूबाट प्राप्त सुझाव, पृष्ठपोषण तथा विभिन्न चरणमा सम्पन्न अन्तरक्रिया, छलफल र परामर्शका आधारमा वस्तुस्थिति विश्लेषण गरिएको छ। परिषद्को नियमित वार्षिक प्रतिवेदन तयार गर्ने प्रचलनको अभाव रहेको सन्दर्भमा उपलब्ध आवधिक बुलेटिन, बैठकका निर्णयहरू, मूल्याङ्कन प्रतिवेन तथा अन्य अभिलेखहरूबाट प्राप्त सूचनालाई आधार मानी यो विश्लेषण तयार गरिएको हो।

### ३.२ वस्तुस्थिति विश्लेशण विधि

वस्तुस्थिति विश्लेषणका लागि विभिन्न विधि तथा पद्धतिहरू प्रचलनमा रहेका छन्। रणनीतिक योजना तर्जुमा गर्ने क्रममा वस्तुस्थिति विश्लेषणका लागि विशेषतः SWOT (Strength, Weakness, Opportunity and Threat) विधि व्यापक रूपमा प्रयोग हुने गरेको पाइन्छ।

यस पद्धतिअन्तर्गत संगठनभित्रका सबल तथा कमजोर पक्षहरूको पहिचान गरिनुका साथै संगठनभन्दा बाह्य वातावरणमा विद्यमान अवसर र चुनौतीहरूको विश्लेषण गरिन्छ। यस प्रक्रियाले संगठनको वर्तमान अवस्थाको समग्र मूल्याङ्कन गर्न सहयोग पुऱ्याउनुका साथै भावी रणनीति निर्धारणका लागि महत्वपूर्ण आधार प्रदान गर्दछ।

नेपाल कानून व्यवसायी परिषद्को प्रथम पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गर्ने क्रममा पनि वस्तुस्थिति विश्लेषणका लागि मुख्यतः यही पद्धति अवलम्बन गरिएको थियो। सो अनुभव र यसको सान्दर्भिकतालाई दृष्टिगत गर्दै दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०८३/०८४–२०८७/०८८) तर्जुमा गर्ने क्रममा समेत SWOT विधिलाई निरन्तरता दिइएको छ।

## ३.३ नेपाल कानून व्यवसायी परिषद्को सङ्गठनात्मक संरचना

नेपाल कानून व्यवसायी परिषद् एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित एवम् संगठित संस्था हो। कानून व्यवसायीहरूको हकहितको संरक्षण गरी समाज प्रति बढी जिम्मेवारीपूर्ण सेवा सञ्चालन गर्न बनेको नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० अन्तर्गत यो परिषद्को स्थापना भएको हो। २०५०।०८।७ मा प्रारम्भ भएको उक्त ऐनको दफा १ र ४ सोही मितिदेखि नै र बाँकी अन्य दफाहरू २०५१।०४।२७ देखि लागू भएको हो। परिषद् स्थापना हुनु अघि कानून व्यवसायीहरूको प्रमाणपत्र दिने, दर्ता अभिलेख राख्ने र व्यावसायिक अनुशासनमा नरहेका कानून व्यवसायीलाई सजाय गर्ने कार्य सर्वोच्च अदालतबाट हुदै आएको थियो। परिषद् स्थापना भएपछि कानून व्यवसायमा प्रवेशका लागि परीक्षा लिने, कानून व्यवसायीमा नाम दर्ता गर्ने, व्यावसायिक आचारसंहिता निर्धारण गर्ने, तोकिएको व्यावसायिक आचारसंहिताअनुरूप कानून व्यवसायीले काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने, व्यावसायिक आचरण विरूद्ध गरेको कार्यसम्बन्धी उजूरी लिने र अनुशासनमा सजाय गर्ने, व्यवसायमा संलग्न कानून व्यवसायीहरूको अभिलेख अद्यावधिक राख्ने, व्यवसायलाई गरिमामय बनाउन आवश्यक प्रशिक्षण तथा तालिमको व्यवस्था गर्ने, कानून व्यवसायीको इज्जत, प्रतिष्ठा, सुरक्षा, हकहित तथा सुविधाको संरक्षण गर्ने, कानून व्यवसायीको हित अभिवृद्धि गर्न अध्ययन, छलफल, सभा, गोष्ठी, प्रवचन आदिको व्यवस्था गर्ने र कानून व्यवसायीको पेशागत क्षमता अभिवृद्धि गर्न सहयोगी जर्नलहरू प्रकाशनको व्यवस्था गर्ने तथा स्तरीय कानूनी शिक्षालाई प्रोत्साहन दिन कानून व्यवसायको लागि उपयुक्त शैक्षिक मापदण्ड सिफारिश गर्ने कार्य परिषद्ले गर्दछ। कानून व्यवसायीहरूको पेशागत क्षमता अभिवृद्धिका लागि परिषद्ले लयर्स एकेडेमी समिति गठन गरी फौजदारी, देवानी लगायत विभिन्न विधामा आधारभूत र विशिष्टीकृत तालिम सञ्चालन गर्दै आईरहेको छ। वरिष्ठ अधिवक्ता लगायतको कानून व्यवसायीहरूको दर्ता एवम् अद्यावधिक अभिलेख राख्ने र आचारसंहिता निर्धारण एवम् अनुगमन तथा अनुशासनको कारवाही परिषद्बाटै हुन्छ।[६] परिषद्को संगठनात्मक संरचनालाई परिषद् सम्वद्ध कानून, परिषद्को गठन, कार्यक्षेत्र र परिषद्का विषयगत समितिले थप स्पष्ट पार्ने हुँदा तिनका बारेमा यहाँ छुट्टाछुट्टै प्रकाश पारिएको छ।

(क) परिषद् सम्बद्ध कानूनहरू

परिषद्ले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० अन्तर्गत देहायका नियम, कार्यविधि र निर्देशिकामार्फत आफ्नो कार्य सञ्चालन गर्दै आइरहेको छ।

- लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१
- आन्तरिक (कार्य व्यवस्था) सञ्चालन नियमावली, २०५५
- आर्थिक प्रशासन नियमावली, २०५५

६ nepalbarcouncil.org.np/introduction-2/

- अनुशासन समिति (कार्य व्यवस्था) नियमावली, २०५८
- कानून व्यवसायीको कार्यालय दर्ता र सञ्चालन नियमावली, २०६९
- नेपाल कानून व्यवसायी परिषद् (कानूनी शिक्षा) नियमावली, २०७७
- कानून व्यवसायीको पेशागत आचरण सम्बन्धी नियमावली, २०७९
- पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०७९
- नेपाल कानून व्यवसायी परिषद् कर्मचारी सेवा, शर्त नियमावली, २०८१
- कानून व्यवसायी कल्याणकारी कोष (सञ्चालन) नियमावली, २०८१
- कानून व्यवसायीको परीक्षा सञ्चालन कार्यविधि, २०८०
- लयर्स एकेडेमी समिति (तालिम सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२
- विशिष्ट कानूनविद् वरिष्ठ अधिवक्ता शम्भुप्रसाद ज्ञवाली स्मृति कोष प्रवन्ध एवम् सञ्चालन निर्देशिका, २०५९
- कानूनी शिक्षा अनुमति र निरीक्षणका लागि आवश्यक भौतिक सुविधाहरू सम्बन्धी निर्देशिका, २०७९

**(ख) परिषद्को गठन**

परिषद्को उद्देश्य परिपूर्तिको लागि गठन भएको नेपाल कानून व्यवसायी परिषद्मा १३ जना पार्षद्हरू हुन्छन् । जसमा नेपालका महान्यायाधिवक्ता अध्यक्ष, नेपाल बार एशोसिएशनको अध्यक्ष उपाध्यक्ष, सर्वोच्च अदालतको रजिष्ट्रार र त्रिभुवन विश्वविद्यालय कानून संकायका डीन  पार्षद् रहने व्यवस्था छ । त्यसै गरी नेपालका ७ प्रदेशमा कार्यरत वरिष्ठ अधिवक्ता र अधिवक्ताहरूको निर्वाचन मण्डलद्वारा १ ।१ जना दरले ५ वर्षका लागि निर्वाचित ७ जना पार्षद् र नेपाल बार एशोसिएशनबाट २ जना पार्षद् मनोनित हुने व्यवस्था छ । निर्वाचित र मनोनित हुने पार्षद् कम्तीमा १० वर्ष कानून व्यवसायको काम गरिसकेको व्यावसायिक अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता हुनुपर्ने व्यवस्था छ । परिषद्ले सम्पन्न गर्नुपर्ने कार्यहरू गर्नका लागि परिषद् अन्तर्गत विभिन्न समितिहरू तथा परिषद् सचिवालय रहेको छ । परिषद्को संगठनात्मक स्वरुप अनुसूची २ मा उल्लेख गरिएको छ ।

परिषद्को प्रशासकीय प्रमुखको रूपमा एकजना सचिव रहने र सो पदमा परिषद्ले कम्तीमा कानूनमा स्नातक भएको व्यक्तिलाई नियुक्ति गर्न वा परिषद्को अनुरोधमा नेपाल सरकारले राजपत्रांकित कर्मचारीलाई सचिवको रूपमा कार्य गर्ने गरी खटाउने कानूनी व्यवस्था अनुसार हाल नेपाल सरकारद्वारा खटाइएका नेपाल न्याय सेवा सरकारी वकील समूहका राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारी सचिवको रुपमा कार्यरत रहदै आउनु भएको छ ।[७] साथै हाल परिषद्मा सोही सेवा समूहका राजपत्रांकित तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता १ समेत खटिई कार्यरत रहेको अवस्था छ ।

७ nepalbarcouncil.org.np/introduction-2/

हाल परिषद्का कर्मचारीको विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

**(ग) परिषद्को कार्यक्षेत्र**

(१) कानून व्यवसायमा प्रवेश गर्नेहरूको परीक्षा लिने,

(२) कानून व्यवसायीमा नाम दर्ता गर्ने र व्यवसायमा संलग्न कानून व्यवसायीहरूको अभिलेख अद्यावधिक राख्ने,

(३) व्यावसायिक आचारसंहिता निर्धारण गर्ने,

(४) तोकिएको व्यवसायिक आचारसंहिता अनुरूप कानून व्यवसायीले काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(५) व्यावसायिक आचरण विरूद्ध गरेको कार्यसम्बन्धी उजूरी लिने र अनुशासनमा कारवाही र सजाय गर्ने,

(६) कानून व्यवसायीको इज्जत, प्रतिष्ठा, सुरक्षा, हकहित तथा सुविधाको संरक्षण गर्ने र व्यवसायलाई गरिमामय बनाउन आवश्यक प्रशिक्षण तथा तालिमको व्यवस्था गर्ने,

(७) स्तरीय कानूनी शिक्षालाई प्रोत्साहन दिन कानून व्यवसायको लागि उपयुक्त शैक्षिक मापदण्डको सिफारिश गर्ने,

(८) नेपाल कानूनहरूको वार्षिक सर्वेक्षण तथा कानून व्यवसायीहरूको दर्ता एवम् अद्यावधिक लगत एवम् परिषद्को गतिविधिहरूको सार्वजनिक जानकारीका लागि आवश्यक प्रकाशनको व्यवस्था गर्ने ।

**(घ) विषयगत समितिहरू**

परिषद्का कार्यहरूको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न विषयगत समिति गठन गरिएका छन् । कार्यक्षेत्रको परिधि अनुकूल एक जना सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार सदस्यहरू रहने गरी अनुशासन समिति र परीक्षा समितिका अतिरिक्त अन्य विषयगत समितिहरू गठन गर्न सकिने व्यवस्था छ ।[८] ऐनबमोजिम गठित अनुशासन समिति र परीक्षा समितिको कामकारवाहीमा कतैबाट प्रभाव नपर्ने उद्देश्यका लागि पूर्ण स्वायत्तता प्रदान गरिएको छ । केही विषयगत समितिले सम्पादन गरेका कार्य बारेमा तल उल्लेख गरिएको छ ।

**१. परीक्षा समिति**

कानून व्यवसायीमा दर्ता गरिनु पूर्व परिषदबाट निर्धारित पाठ्यक्रमका आधारमा सञ्चालित परीक्षामा उत्तीर्ण गरेको हुनु पर्दछ । त्यस्तो कानून व्यवसायी परीक्षा सञ्चालनका लागि परिषद्बाट कानूनी क्षेत्रका

८ नेपाल कानून व्यवसायी परिषद् ऐन २०५० दफा १२

विशेषज्ञहरू रहेको परीक्षा समिति गठन गरिएको हुन्छ । परीक्षा समितिले पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावलीको अधीनमा रही आफ्नो कार्य सम्पन्न गर्न कानून व्यवसायी परीक्षा सञ्चालन निर्देशिका बनाएको छ र अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेको पाइन्छ ।

यस योजना अवधिमा २९औँ देखि ३४औँसम्मका ६ वटा तथा ३१औँ पूरक सहित कुल ७ वटा परीक्षा सम्पन्न भएका छन् । उक्त परीक्षाहरूमा कुल १५,७७४ जना (जसमध्ये ६,२५८ महिला र ९,५१६ पुरुष) ले दरखास्त दिएका थिए । तीमध्ये १३,८८२ जना (५,७७४ महिला र ८,१०८ पुरुष) परीक्षामा सहभागी भएका थिए । परीक्षामा सहभागीमध्ये ६,२७४ जना (२,८१२ महिला र ३,४६२ पुरुष) उत्तीर्ण भएका छन् । परिषद्बाट सञ्चालित कानून व्यवसायी अधिवक्ता तहको परीक्षामा सहभागी भएका परीक्षार्थीहरूको विवरण अनुसूची ४ मा राखिएको छ ।

## २. अनुशासन समिति

परिषद्ले निश्चित कार्याविधि तोकी एकजना पार्षद्को अध्यक्षतामा अनुशासन समिति[९] गठन गर्दछ । हाल महान्यायाधिवक्ताको अध्यक्षतामा ३ सदस्यीय अनुशासन समिति रहेको छ । कुनै कानून व्यवसायीद्वारा परिषद्को ऐन, नियम वा आचारसंहिता उल्लंघन भयो भनी उजूरी पर्यो वा कुनै स्रोतबाट जानकारी प्राप्त हुन आयो भने अनुशासन समितिले साविकको कानून व्यवसायी आचारसंहिता २०५१ र हालको कानून व्यवसायीको पेशागत आचरण सम्बन्धी नियमावली, २०७९, अनुशासन समिति (कार्य व्यवस्था) नियमावली, २०५८ समेतको अधीनमा रही आवश्यक छानविन गरी आवश्यक कारबाही गर्दछ । अनुशासन समितिले प्रारम्भिकरूपमा आवश्यक जाँचबुझ गरी आचारसंहिता उल्लंघन हुने कार्य गरी गरे बिराएको जस्तो देखिएमा सजाय प्रस्तावित गरी प्रतिवाद गर्ने मौका दिन्छ र आचारसंहिता उल्लंघन भएको देखिएमा कसूर हेरी नसिहत दिने, कुनै खास अवधिका लागि कानून व्यवसाय गर्न नपाउने गरी निलम्बन गर्ने, कानून व्यवसायीको प्रमाणपत्र रद्द गर्ने निर्णय गर्न सक्दछ । अनुशासन समितिको निर्णय उपर चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । कुनै कानून व्यवसायी कानून व्यवसायको प्रमाणपत्र प्राप्त गर्नुभन्दा पहिले नै कानून व्यवसायी हुन अयोग्य भएको तथ्य पछिबाट प्रमाणित हुन आएमा त्यस्तो कानून व्यवसायीको प्रमाणपत्र परिषद्ले रद्द गर्न सक्नेछ ।

परिषद् स्थापनादेखि २०८३ असार मसान्तसम्म ६९ जना कानून व्यवसायीहरूलाई परिषद्ले कारबाही गरेको तथ्याङ्क रहेको छ । कानून व्यवसाय पेशामा शुद्धीकरणका लागि परिषद्ले छानबिन र कारबाहीलाई प्राथमिकता दिएको पाइन्छ ।

---

९ नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० दफा ११

## प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको अवधिमा परिषद्को अनुशासन समितिबाट भएको कारवाहीको विवरण

**तालिका नं. ४**

| आ. व. | अघिल्लो वर्षको अ.ल्या. | यो वर्षको नयाँ दर्ता | जम्मा | यो वर्षको फछर्यौट | बाँकी |
|---|---|---|---|---|---|
| २०७८/०७९ | ५२ | २८ | ८० | ११ | ६९ |
| २०७९/०८० | ६९ | २६ | ९५ | १६ | ७९ |
| २०८०/०८१ | ७९ | २२ | १०१ | ३९ | ६२ |
| २०८१/०८२ | ६२ | ४६ | १०८ | ५८ | ५० |
| २०८२/०८३ | ५० | २५ | ७५ | ९ | ६६ |

### ३. प्रकाशन समिति

परिषद्को प्रकाशन समितिले विभिन्न अनुसन्धानमूलक विषयमा लेखिएका लेखिएका लेखहरूलाई समेट्दै वार्षिक रुपमा अंग्रेजी भाषामा Nepal Bar Council Journal प्रकाशित गर्दै आएको छ ।[१०] यसैगरी परिषद्ले नेपाली भाषामा नेपाल कानून व्यवसायी परिषद् बुलेटिन तथा न्याय वाटिका पनि प्रकाशन गर्दै आइरहेको छ । हालसम्म २७ अंक बुलेटिन, समकक्षी समिक्षित पुनरावलोकन गरिएको न्याय वाटिका ४ वटा अंक र Nepal Bar Council Law Journal का २३ वटा अंक प्रकाशित भएका छन् । न्याय वाटिका र Nepal Bar Council Law Journal का आगामी अंकहरू Digital Object Identifier (DOI) नं. लिई अनलाइन मार्फत प्रकाशन गर्ने तयारी गरिएको छ ।

### ४. कार्य सम्पादन समिति

परिषद्बाट भएका निर्णय कार्यान्वयन गर्न एवम् परिषद्को दैनिक कार्यसम्पादनका लागि परिषद्का उपाध्यक्ष्यको संयोजकत्वमा कार्य सम्पादन समिति रहेको हुन्छ । यो समितिमा बागमती प्रदेशका पार्षद् सदस्य र परिषद्का सचिव सदस्य सचिव रहने व्यवस्था छ । सो समितिले अनुशासन समिति र परीक्षा समिति बाहेकका परिषद्का समितिहरूको काम कारवाहीलाई समेत सहजीकरण गर्दछ ।

परिषद्को कार्य सञ्चालनलाई प्रभावकारी बनाउनका लागि अन्य विभिन्न समितिहरू रहेका छन् । पुरस्कार तथा स्मृती प्रवचन समिति लयर्स एकेडेमी व्यवस्थापन समिति अन्तर्राष्ट्रिय सम्बन्ध समिति कानून शिक्षा समितिका साथै यसका अतिरिक्त पुस्तकालय व्यवस्थापन समिति, सूचना प्रविधि समिति, कर्मचारी संरचना तथा व्यवस्थापन समिति, मुटकोर्ट प्रतियोगिता व्यवस्थापन समिति, कानून व्यवसायीको

१० सन २००० देखि २००६ सम्म नेपाल कानून व्यवसायी परिषद्ले Annual Survey of Nepalese Law प्रकाशन गर्दै आएकोमा सन् २००७ देखि वार्षिकरुपमा Nepal Bar Council Journal प्रकाशन गर्दै आएको छ ।२०५५ सालदेखि वार्षिकरुपमा नेपाल कानून व्यवसायी परिषद् बुलेटिन प्रकाशित गर्दै आएको छ ।

न्यूनतम सेवा शुल्क निर्धारण सिफारिस समिति, प्रथम पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयन समिति र कानून व्यवसायी कल्याणकारी कोष व्यवस्थापन समितिहरू रहेका छन् ।

## ३.४ कानून व्यवसायीहरूको संख्यात्मक विवरण

कानून व्यवसायी परिषदमा वरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ता र अभिकर्ता गरी ४ किसिमका कानून व्यवसायीहरू दर्ता हुने व्यवस्था रहेको देखिन्छ ।[११] परिषद्को अभिलेख बमोजिम हालसम्म दर्तावाला कानून व्यवसायीहरूको विवरण यस प्रकार रहेको छ ।

**हालसम्मका दर्तावाल कानून व्यवसायीहरूको विवरण**

**तालिका नं. ५**

| क्र. सं. | कानून व्यवसायीहरू | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | वरिष्ठ अधिवक्ता | ३४ | ७०६ | ७४० |
| २ | अधिवक्ता | ५,६१७ | १८,१३५ | २३,७५२ |
| ३ | अभिवक्ता | ७१४ | ९,२६० | ९,९७४ |
| ४ | अभिकर्ता | ५ | १,०८८ | १,०९३ |
| | **जम्मा** | ६,३७० | २९,१८९ | ३५,५५९ |

**हाल सम्मका अद्यावधिक भएका कानून व्यवसायीहरूको विवरण**
**तालिका नं. ६**

| क्र. सं. | कानून व्यवसायीहरू | जम्मा |
|---|---|---|
| १ | वरिष्ठ अधिवक्ता | ६१९ |
| २ | अधिवक्ता | १४,१६५ |
| ३ | अभिवक्ता | २६३ |
| ४ | अभिकर्ता | ४ |
| | **जम्मा** | १५,०५१ |

## ३.५ परिषदको वित्तीय स्रोत साधन

परिषद्को मुख्यः आर्थिक स्रोत परिषद्ले आवधिक रुपमा सञ्चालन गर्ने कानून व्यवसायीको परीक्षा र प्रमाणपत्र वितरणबाट प्राप्त हुने आम्दानी नै हो । यसका अतिरिक्त कार्यसञ्चालनका लागि नेपाल सरकारबाट वर्षेनी अनुदान स्वरुप प्राप्त हुदै आईरहेको छ । खासगरी परिषद्को आम्दानीको स्रोतमा परीक्षा दस्तुर, परीक्षा फाराम/पाठ्यक्रम बिक्री, ल फर्म दर्ता दस्तुर, घर भाडा, अद्यावधिक तथा नवीकरण

११ नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० दफा २३ र २६

दस्तुरका साथै मुद्धतिको व्याज नै प्रमुख देखिन्छ।

प्रथम पञ्चवर्षीय रणनीतिक योजना अवधिभर बजेट विनियोजनको अवस्था देहायबमोजिम रहेको छ।

**वित्तीय स्रोत साधनको अवस्था**

**तालिका नं.** ७

| क्र.सं. | आ.व. | विनियोजन रु. | खर्च रु. | बाँकी रु. |
|---|---|---|---|---|
| १ | २०७८/२०७९ | २७,०२९,०००। | १५,८७५,०९८।४९ | ११,१५३,०९०१।५१ |
| २ | २०७९/२०८० | ६१,३१२,०००। | २६,५६८,२१४।८३ | ३४,७४३,७८५।१७ |
| ३ | २०८०/२०८१ | ७१,३८०,०००। | २९,१७०,९१६।०८ | ४२,२०९,०८३।९२ |
| ४ | २०८१/२०८२ | ८४,८६०,०००। | ३४,६७३,०९१।३८ | ५०,१८६,९०८।६२ |
| ५ | २०८२/२०८३ | ८२,१३५,०००। | ४२,४७३,८४३।५३ | ३९,६६१,१५६।४७ |

## ३.६ परिषद्को वस्तुस्थिति विश्लेषण

रणनीतिक योजना निर्माणका लागि नेपाल कानून व्यवसायी परिषद्को वर्तमान संस्थागत अवस्था, कार्यक्षमता तथा वातावरणको विश्लेषण गर्नु आवश्यक हुन्छ। यस अन्तर्गत परिषद्को आन्तरिक तथा वाह्य कार्यावातावरणका सबल तथा कमजोर पक्ष र अवसर तथा चुनौतिहरू देहायअनुसार पहिचान गरिएको छ।

### ३.६.१ सबल पक्ष

१. स्पष्ट जिम्मेवारी सहित कानूनद्वारा स्थापित अविछिन्न उत्तराधिकारवाला र स्वशासित संस्था नेपालको संविधानको धारा २० को न्याय सम्बन्धी हक अन्तर्गतको उपधारा (२) मा पक्राउ परेको व्यक्तिले कानून व्यवसायीसँग सल्लाह लिन पाउने र कानून व्यवसायीद्वारा पुर्पक्ष गराउन पाउने व्यवस्था गरी कानून व्यवसायीको परिभाषा समेत गरिएको छ। कानून व्यवसायी परिषद् ऐन, २०५० ले प्रदान गरेको अख्तियारी बमोजिम नेपाल कानून व्यवसायी परिषद्ले आफ्नो कार्य सञ्चालन गर्दै आएको छ। परिषद्को कार्य मुख्यतः नियामक तथा प्रशासनिक प्रकृतिको रहेको छ।

**२. नेतृत्वमा कानून तथा न्याय क्षेत्रका सरोकारवाला निकायका पदाधिकारी एवम् कानून व्यवसायीको संलग्नता**

परिषद्को संगठनात्मक संरचना नेपाल कानून व्यवसायी परिषद् ऐनले नै व्यवस्थित गरेको छ। कानून व्यवसायी परिषद्मा १३ जना पार्षद्हरू रहने संगठनात्मक संरचना रहेको छ। जसमा नेपाल राज्यका महान्यायाधिवक्ता पदेन अध्यक्ष, नेपाल बार एशोसिएशनका अध्यक्ष पदेन उपाध्यक्ष, सर्वोच्च अदालतको रजिष्ट्रार र त्रिभुवन विश्वविद्यालय कानून संकायका डीन पदेन पार्षद् रहने व्यवस्था छ। त्यसै

गरी नेपाल राज्यका ७ प्रदेशबाट ५ वर्षे कार्यावधिको लागि सोही क्षेत्रमा कार्यरत वरिष्ठ अधिवक्ता र अधिवक्ताहरूको निर्वाचन मण्डलद्वारा १।१ जनाका दरले ७ जना पार्षद् निर्वाचित हुन्छन् भने नेपाल बार एशोसिएशनबाट २ जना पार्षद् २ वर्षे कार्यावधिका लागि मनोनित हुने व्यवस्था रहेको छ। निर्वाचित र मनोनित हुने पार्षद् कम्तीमा १० वर्ष कानून व्यवसायको काम गरिसकेको व्यावसायिक अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता हुनुपर्ने अनिवार्यता छ।[१२] परिषद्को संरचनामा सबै सरोकारवाला निकायका उच्च तहका पदाधिकारी र अनुभवी कानून व्यवसायीको सहभागिता रहने व्यवस्था छ। प्रथम पञ्चवर्षीय रणनीतिक योजना अवधिमा निर्वाचित र मनोनित हुनु भएका पार्षद्हरूको विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ।

### ३. कानून शिक्षा सुधार तथा गुणस्तर अभिवृद्धिका लागि क्रियाशील

नेपालमा कानून शिक्षा अध्यापन गराउने विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूको वृद्धिसँगै कानूनी शिक्षालाई स्तरीय र प्रतिष्पर्धी बनाउन कानूनी शिक्षाको अध्ययन तथा अध्यापन गर्ने गराउने विश्वविद्यालयहरूसँग परामर्श गरी कानून व्यवसायको गुणस्तरीय मापदण्ड निधार्रण गरी सोको कार्यान्वयन गराउने उद्देश्य सहित नेपाल कानून व्यवसायी परिषद् (कानूनी शिक्षा) नियमावली, २०७७ लागू भई कानून शिक्षामा सुधार तथा गुणस्तर अभिवृद्धिका लागि आवश्यक कार्यहरू भईरहेको छ। सोही नियमावली बमोजिम कानून शिक्षा समिति गठन भई कार्य प्रारम्भ भएको छ।

### ४. कानून व्यवसायीको क्षमता एवम दक्षता अभिबृद्धि सम्बन्धी विशिष्टिकृत प्रशिक्षण सञ्चालन

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० ले प्रवेश परीक्षा लागू गरेपछि कानूनमा प्रमाणपत्र तह वा स्नातक गरेका आधारमा मात्र सिधै कानून व्यवसायीको प्रमाणपत्र पाउने अवस्थाको अन्त्य भएको छ। परिषदले २०५५ सालदेखि ऐच्छिक रुपमा आधारभूत प्रशिक्षण प्रदान गर्दै आएकोमा २०७२ सालदेखि कानून व्यवसायी परीक्षा उत्तीर्ण परीक्षार्थीलाई प्रमाणपत्र प्रदान गर्नु पूर्व आधारभूत प्रशिक्षण अनिवार्य गरिएको छ।

### ५. आत्म मूल्याङ्कन सहित अनुशासनात्मक कारवाही मार्फत कानून व्यवसायीको मर्यादा अभिबृद्धि

व्यवसायको क्रममा आफूबाट भएका कमी कमजोरीलाई आत्ममूल्याङ्कन गर्दै कानून व्यवसायको मर्यादालाई अक्षुण राख्ने कार्यक्रम गरिदै आएको छ। अनुशासन समितिले कानून व्यवसायीलाई अनुशासनमा राख्ने कार्य निरन्तर गर्दै आईरहेको छ। जसका कारण व्यवसायको मर्यादामा अभिबृद्धि भईरहेको छ।

---

१२ नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० दफा ४

## ६. अनुसन्धानमूलक अध्ययन तथा जर्नलको नियमित प्रकाशन

परिषद्को प्रकाशन समितिले विभिन्न अनुसन्धानमूलक विषयमा लेखिएका लेखिएका लेखहरूलाई समेट्दै वार्षिक रुपमा अंग्रेजी भाषामा Nepal Bar Council Journal प्रकाशित गर्दै आएको छ। यसैगरी परिषद्ले नेपाली भाषामा नेपाल कानून व्यवसायी परिषद् बुलेटिन तथा न्याय वाटिका पनि प्रकाशन गर्दै आइरहेको छ। हालसम्म २७ अंक बुलेटिन, समकक्षी समिक्षित पुनरावलोकन गरिएको न्याय वाटिका ४ वटा अंक र Nepal Bar Council Law Journal का २३ वटा अंक प्रकाशित भएका छन्।

## ७. कानून र न्यायको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने कानून व्यवसायीहरूको सम्मान

कानून व्यवसायमा स्थापित भई लामो अवधि सेवा गरेका कानून व्यवसायीहरूलाई परिषद्ले वार्षिक रुपमा सम्मान गर्दै आएको छ। त्यसैगरी न्याय र कानूनको क्षेत्रमा प्रकाशित कृतिलाई पनि मूल्याङ्कन गरी प्रकाशन गर्दै आएको छ। परिषदबाट प्रथम पञ्चवर्षीय रणनीतिक योजना अवधिमा सम्मानीत र पुरस्कृत हुनु भएका महानुभावहरूको नामावली अनुसूची ६ मा राखिएको छ। यसै गरी पहिलो रणनीतिक योजना अवधिमा परिषदबाट मूल्याङ्कन भएका उत्कृष्ट पुस्तकहरूको विवरण अनुसूची ७ मा उल्लेख गरिएको छ।

## ८. नवोदित कानून व्यवसायीलाई प्रोत्साहन

नवोदित कानून व्यवसायीहरूको पेशागत सुरुवाती चरणलाई सहज, आकर्षक तथा टिकाउ बनाउन प्रोत्साहनमूलक कार्यक्रमहरू व्यवस्था गरिएको छ। यस अन्तर्गत प्रारम्भिक अभ्यासमा संलग्न नव कानून व्यवसायीहरूलाई फर्म दर्ता तथा सञ्चालन खर्चमा सहजीकरण गर्ने व्यवस्था गरिएको छ।

त्यसैगरी इन्टर्नको रूपमा कार्य गर्ने नवोदित कानून व्यवसायीहरूलाई खाजा तथा यातायात खर्च उपलब्ध गराउने व्यवस्था समेत गरिएको छ। यस्ता साना तर प्रभावकारी सहयोगहरूले उनीहरूको पेशागत संलग्नता र निरन्तरता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछन्। यसले प्रारम्भिक आर्थिक दबाब कम गर्न, अदालत तथा कार्यालयीय अभ्यासमा सक्रिय सहभागिता बढाउन तथा कानून व्यवसायप्रति दीर्घकालीन आकर्षण कायम राख्न सहयोग पुऱ्याएको छ।

## ९. विद्युतीय शासन प्रवर्द्धनमा अग्रसरता

परिषद्ले सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी तथा छरितो बनाउन विद्युतीय शासन (E-Governance) प्रणालीलाई क्रमशः संस्थागत गर्दै आएको छ। कानून व्यवसायी परीक्षाका लागि अनलाइन दर्ता, अनलाइन भुक्तानी, अनुमति पत्र नवीकरण तथा अभिलेख अद्यावधिक जस्ता सेवाहरू डिजिटल माध्यमबाट उपलब्ध गराइएको छ। साथै परीक्षा प्रवेश पत्र अनलाइनमार्फत प्राप्त गर्ने व्यवस्था, प्रशिक्षण तथा सूचना प्रकाशन डिजिटल प्रणालीमार्फत गर्ने अभ्यास समेत स्थापित भइसकेको छ। परिषद्को

सूचना सम्प्रेषण तथा सार्वजनिक जानकारी प्रवाहका लागि सामाजिक सञ्जालको प्रभावकारी उपयोग गरिएको छ, जसले सेवाग्राहीहरूको पहुँच विस्तार गरेको छ।

यसरी अधिकांश सेवा तथा प्रशासनिक कार्यहरू क्रमशः विद्युतीय माध्यमबाट सञ्चालन गर्ने प्रयास मार्फत ई-शासनको कार्यान्वयनलाई सुदृढ बनाउँदै पारदर्शिता, पहुँचयोग्यता र सेवा प्रभावकारितामा उल्लेखनीय सुधार भएको छ।

### १०. कानून व्यवसायी कल्याणकारी कोष कार्यान्वयन

कानून व्यवसायीहरूको पेशागत सुरक्षा, सामाजिक संरक्षण तथा मानवीय सहायताको प्रत्याभूति गर्न नेपाल कानून व्यवसायी परिषद् अन्तर्गत कानून व्यवसायी कल्याणकारी कोष स्थापना गरिएको छ।

यस कोषमार्फत दीर्घ रोग वा असाध्य रोगबाट पीडित कानून व्यवसायीहरूका लागि उपचार खर्चको व्यवस्था, आकस्मिक आर्थिक सहायता तथा आवश्यक सहयोग उपलब्ध गराउने प्रणाली विकास विकास गरिएको छ।

### ११. आफ्नै दिगो आर्थिक स्रोत

परिषद्को प्रमुख आर्थिक स्रोत मुख्यतः आवधिक रूपमा सञ्चालन गरिने कानून व्यवसायी परीक्षा तथा प्रमाणपत्र वितरणबाट प्राप्त हुने शुल्क हो। यसका अतिरिक्त परिषद्को कार्य सञ्चालनका लागि नेपाल सरकारबाट वार्षिक रूपमा अनुदान समेत प्राप्त हुँदै आएको छ।

परिषद्को आन्तरिक आम्दानीका प्रमुख स्रोतहरूमा परीक्षा दस्तुर, परीक्षा फाराम तथा पाठ्यक्रम बिक्री, कानून फर्म दर्ता तथा नवीकरण शुल्क, अभिलेख अद्यावधिक शुल्क, घर भाडा आम्दानी तथा मुद्दतिको व्याज आय रहेका छन्। यस प्रकारका विविध आय स्रोतहरूले परिषद्को वित्तीय आधारलाई सुदृढ गर्दै संस्थागत दिगोपन, स्वायत्तता तथा सेवा प्रवाहको निरन्तरतामा महत्वपूर्ण योगदान पुर्‍याएको छ।

## ३.६.२ कमजोर पक्ष

### १. ऐन कानून समयानुसार संशोधन नहुनु

वि.सं. २०५० मा बनेको नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० ऐन लागू भएको ३ दशक पूरा भैसकेको छ। मौजुदा ऐन, २०५० लाई पुनरावलोकन गरी संशोधन विधेयक तयार गर्न परिषद्का उपाध्यक्ष वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठको संयोजकत्वमा वरिष्ठ अधिवक्ता श्री महेश कुमार नेपाल र अधिवक्ता श्री विजयप्रसाद मिश्र सदस्य रहनु भएको मसौदा कार्य समूहबाट तयार गरि परिषद्ले २०७८ बैशाख ५ गते त्यसलाई अन्तिमरुप दिई नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएकोमा २०८२ भाद्र २३ र २४ गतेको आन्दोलन पछि संसद् बिघटन भई सो मस्यौदा निश्प्रभावी भएको अवस्था छ।

## २. परिषद्को परम्परागत परीक्षा प्रणाली

परिषद्ले कानून व्यवसायी परीक्षा प्रारम्भदेखि नै लिखित परीक्षा र अन्तर्वार्ता प्रणालीमार्फत सञ्चालन गर्दै आएको छ। वर्तमान परीक्षा प्रणालीले उम्मेदवारको सैद्धान्तिक ज्ञानको मूल्याङ्कन गरे पनि व्यावहारिक तथा पेशागत दक्षताको पर्याप्त परीक्षण गर्न सकेको देखिँदैन। त्यसैले सामूहिक छलफल (Group Discussion), प्रस्तुतीकरण (Presentation) तथा अन्य प्रयोगात्मक मूल्याङ्कन विधिहरू समावेश गरी परीक्षा प्रणालीलाई समयानुकूल र परिणाममूखी बनाउन आवश्यक देखिन्छ । साथै, परीक्षाले उम्मेदवारको ज्ञान, सीप, क्षमता, नैतिकता तथा पेशागत दक्षताको समग्र मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ।

## ३. आचारसंहितामा समयानुकूल पुनरावलोकन गरि संशोधन नहुनु

नेपाल बार एशोसिएशनबाट तयार गरिएको कानून व्यवसायी आचारसंहिताको मसौदा २०५०।१।२२ र २३ गते बुटवलमा सम्पन्न दोस्रो कार्यकारिणी परिषद्को बैठकबाट छलफल गरी परिमार्जन सहित पारित भई कार्यान्वयन भएको भएता पनि यसको पुनरावलोकन गरिएको पाईदैन । तर सूचना र प्रविधिको विकासले गर्दा कानून व्यवसायीहरूका कामकारवाहीहरू विद्युतीय माध्यमबाट सम्पादन हुन थालेको धेरै भई सक्यो। कानून व्यवसायीका काम कारवाही र विकसित भएका अभ्यासहरूलाई समेत विचार गरी कानून व्यवसायीको आचारसंहितालाई समायानुकूल संशोधन गर्नुपर्ने आवश्यकता देखिन्छ। कार्य स्थलमा हुने यौन दुर्व्यवहार, सामाजिक सञ्जालको प्रयोग, छुवाछुत र जातीय विभेद आदि जस्ता विषयहरू आचारसंहितामा समावेश गर्नुपर्ने देखिन्छ।

## ४. रणनीतिक योजना कार्यान्वयन प्राथमिकतामा नपर्नु

कानून व्यवसायीको हकहितको संवर्द्धन एवम् कानून व्यवसाय नियमनको जिम्मेवारी प्राप्त गरेको परिषद्को ३ दशक पुरानो इतिहास छ। हालसम्म परिषद्का काम कारवाही परीक्षा सञ्चालन र अनुशासनको कारवाहीमा केन्द्रित रहेको छ। कानून व्यवसायीको वृत्ति विकास र हक हित संरक्षण तथा व्यावसायिकता प्रवर्द्धन गर्ने दिशामा ठोस काम गर्न बाँकी नै रहेको छ। त्यसैले यो योजनामा ती विषयहरू प्राथमिकतापूर्वक सम्पादन गर्ने गरी कार्यक्रम राख्नु पर्ने देखिएको छ।

## ५. कानून व्यवसायलाई थप मर्यादित एवम् सम्मानित बनाउन नसक्नु

कानून व्यवसाय पेशालाई मर्यादित तवरले सञ्चालन गर्नु प्रत्येक कानून व्यवसायीको कर्तव्य हो। तर केही कानून व्यवसायीले गरेको गैर व्यवसायिक क्रियाकलापका कारण कानून व्यवसायीलाई हेर्ने आम दृष्टिकोण सकारात्मक हुन सकेको छैन। यसले पेशागत मर्यादामा र व्यावसायिक साखमा समेत असर परेको छ। परिषद्ले कानून व्यवसायीको पेशालाई मर्यादित बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्दछ। आचरण र अनुशासनका नियमहरूको पालनाका साथै दक्षता विकासका लागि अभियानको रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

### ६. सबै कानून व्यवसायीहरूलाई आधारभूत र विशिष्टीकृत प्रशिक्षण दिन नसक्नु

कानून व्यवसायीहरूमा अझै पनि विषयगत विशेषज्ञता विकास हुन सकेको छैन । सबै प्रकारका परम्परागत मुद्दादेखि विद्युतीय अपराध जस्ता नवीनतम् मुद्दामा कानून व्यवसायीहरूले अदालतमा बहस पैरवी गर्ने गरेको देखिन्छ । कानून व्यवसायीहरूलाई निजको रुचिअनुरुप विषयगतरुपमा विशिष्टीकृत गर्दै लैजानु पर्ने देखिन्छ । प्रशिक्षणबाट नै व्यवसायिक दक्षता क्षमता अभिबृद्धि र सीप विकास हुने भएकोले प्रत्येक कानून व्यवसायीलाई प्रशिक्षण दिनु पर्ने हुन्छ । स्रोत साधनको कमी साथै व्यवस्थापकीय कौशलता र कानून व्यवसायीहरूको संख्याले सबैले प्रशिक्षण प्राप्त गर्ने अवसर पाएका छैनन् । कुनै पनि व्यक्तिले सबै विषयमा ज्ञान हासिल गरेको पनि हुदैन र सक्दैन । चिकित्सा, ईन्जिनियरीङ लगायतका पेशा झै कानून व्यवसायमा पनि विशिष्टीकरण हुनु आवश्यक छ । यसका लागि विभिन्न विषयमा विशिष्टीकरणसम्बन्धी प्रशिक्षणको आयोजना गरिनु पर्दछ ।

### ७. परिषद्को कार्य सञ्चालन तथा सम्पादनमा सूचना प्रविधिको न्यून प्रयोग

परिषद्को नेपाली र अंग्रेजी भाषामा आफ्नै वेभसाइट रहेको छ । परिषद्मा दिइने उजुरी र परीक्षा फारामहरू वेभसाइटबाट नै डाउनलोड गरी प्राप्त गर्ने गरी व्यवस्था मिलाइएको छ । यद्यपि परिषद्का अभिलेख र परिषदबाट हुने काम कारवाहीलाई सूचना प्रविधि पद्दतिमा आबद्ध गर्न सकिएको छैन । संस्थागत सुधारका कामलाई व्यवस्थित र प्रभावकारी बनाउन सूचना प्रविधि पद्दतिको अवलम्वन गर्न सकिएमा सेवा प्रवाह प्रभावकारी हुन सक्ने र संघीय राजधानी बाहिरका कानून व्यवसायीहरूले पनि सेवा पाउन सहज हुने देखिन्छ ।

### ८. जनशक्तिमा उत्प्रेरणा अभाव

कानून व्यवसायप्रति युवापिंढीको आकर्षण बढ्नुका साथै कानून व्यवसायीको संख्यामा अभिवृद्धि भएको पाईन्छ । अधिवक्ताको प्रवेश परीक्षा वर्षमा २ पटक जसो सञ्चालन गर्नु परिरहेको छ । कानून व्यवसायीहरूको आचारसंहितासम्बन्धी उजुरीहरूमा पनि बृद्धि भइरहेको अवस्था छ । हाल कायम भएका कर्मचारीबाट परीक्षा सञ्चालन बाहेकका अरु काम गर्न सकिने अवस्था देखिँदैन । जनशक्तिको कार्य सम्पादन मूल्याङ्कन प्रणालीको कारण जनशक्तिमा उत्प्रेरणा जागेको देखिदैन । परिषद्को कार्य सम्पादनलाई प्रभावकारीरुपमा सम्पादन गर्न परिषद्को कर्मचारी दरबन्दी पुनरावलोकन, कार्यरत जनशक्तिको दक्षता विकासका लागि प्रशिक्षण गर्दै कार्य सम्पादन मूल्याङ्कन प्रणालीको विकासका साथै उत्तराधिकारी योजना विकास समेत गर्नुपर्ने देखिन्छ ।

### ९. परीक्षा प्रणालीलाई विश्वसनीय बनाउन नसक्नु

कानून व्यवसायी इजाजत परीक्षा प्रणालीलाई निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा प्रतिस्पर्धामुखी बनाउने अपेक्षा रहे तापनि हालसम्म यसलाई लोकसेवा आयोगको परीक्षा प्रणालीसरह पूर्णरूपमा संस्थागत, मापदण्डमा आधारित तथा सर्वस्वीकार्य बनाउन चुनौती रहेको छ । विशेषगरी परीक्षा सञ्चालन, प्रश्न निर्माण, मूल्याङ्कन प्रणाली, अन्तर्वार्ता प्रक्रिया, उत्तीर्णाङ्क निर्धारण, नतिजा

व्यवस्थापन तथा गुनासो सम्बोधन प्रणालीप्रति समय–समयमा प्रश्न उठ्ने अवस्थाले परीक्षा प्रणालीप्रति परीक्षार्थी तथा आम नागरिकको विश्वासमा प्रभाव पार्ने जोखिम देखिएको छ। परीक्षा प्रणालीमा नीतिगत अस्थिरता, मूल्याङ्कन मापदण्डमा एकरूपताको कमी, सीमित प्रविधि प्रयोग तथा संस्थागत क्षमता अभावका कारण पेशागत विश्वसनीयता तथा जनआस्थामा समेत असर पर्ने चुनौती विद्यमान रहेको छ।

## १०. आचरण सम्बन्धी नियमावलीको प्रभावकारी कार्यान्वयन हुन नसकेको

कानून व्यवसायको मर्यादा, विश्वसनीयता तथा सार्वजनिक विश्वास कायम गर्न पेशागत आचरण सम्बन्धी नियमावलीको प्रभावकारी कार्यान्वयन अत्यन्त आवश्यक रहेको छ। तथापि नेपाल कानून व्यवसायी परिषदबाट जारी आचारसंहिता तथा पेशागत आचरण सम्बन्धी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा समयमै कारवाही सुनिश्चित गर्न चुनौती रहेको देखिन्छ।

विशेषगरी पेशागत अनुशासन, नैतिक आचरण, सेवाग्राहीप्रतिको उत्तरदायित्व तथा अदालतप्रतिको मर्यादा सम्बन्धी मापदण्डहरूको पालनामा एकरूपता कायम गर्न कठिनाइ देखिएको छ। गुनासो व्यवस्थापन, अनुसन्धान, अनुशासनात्मक कारवाही तथा निर्णय कार्यान्वयन प्रक्रियामा ढिलाइ, सीमित संस्थागत क्षमता तथा प्रभावकारी निगरानी संयन्त्रको अभावले नियमावली कार्यान्वयनलाई थप चुनौतीपूर्ण बनाएको छ।

## ११. समितिहरूको उचित सक्रियताका लागि पर्याप्त स्रोत साधनको अभाव

परिषद्ले आफ्नो कार्यक्षेत्र, जिम्मेवारी तथा संस्थागत आवश्यकता अनुसार स्थायी, विषयगत तथा अल्पकालीन विभिन्न समितिहरू गठन गर्दै आएको छ। यस्ता समितिहरूले नीति निर्माण, परीक्षा सञ्चालन, अनुशासन, तालिम, अनुसन्धान, अनुगमन तथा संस्थागत सुधार लगायतका महत्वपूर्ण कार्यहरूमा परिषद्लाई प्राविधिक तथा व्यवस्थापकीय सहयोग प्रदान गर्ने गर्दछन्।

तर समितिहरूको कार्यसम्पादनलाई प्रभावकारी, परिणाममुखी तथा नियमित बनाउन आवश्यक जनशक्ति, बजेट, प्राविधिक सहयोग, प्रशासनिक समर्थन तथा कार्य सञ्चालन सम्बन्धी स्रोत–साधनको पर्याप्त व्यवस्था गर्न चुनौती रहेको छ। विशेषगरी समितिहरूको नियमित बैठक सञ्चालन, निर्णय कार्यान्वयन, अनुसन्धान तथा अनुगमन प्रतिवेदन तयारी तथा कार्यसम्पादन मूल्याङ्कनका लागि आवश्यक संस्थागत सहयोगको कमीले अपेक्षित प्रभावकारिता हासिल गर्न कठिनाइ उत्पन्न भएको देखिन्छ।

## १२. प्रदेशस्तरीय कार्यालय स्थापना तथा सेवा विकेन्द्रीकरण हुन नसक्नु

परिषदबाट प्रवाह हुने सेवा, नियमन तथा पेशागत गतिविधिहरूलाई प्रभावकारी, पहुँचयोग्य तथा सेवाग्राहीमैत्री बनाउन सेवा प्रणालीलाई क्रमशः विकेन्द्रीकरण गर्नु आवश्यक देखिन्छ। संघीय

शासन प्रणालीको मर्मअनुरूप प्रदेशस्तरमा संस्थागत उपस्थिति विस्तार गरी कानून व्यवसायी तथा सेवाग्राहीलाई सहज, छिटो तथा गुणस्तरीय सेवा उपलब्ध गराउनु समयानुकूल आवश्यकता बनेको छ। तर सीमित बजेट, अपर्याप्त भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन तथा आवश्यक प्रशासनिक र प्राविधिक स्रोत साधनको अभावका कारण प्रदेशस्तरीय कार्यालय स्थापना तथा सञ्चालन गर्न चुनौती रहेको छ।

### ३.६.३ अवसर

#### १. संवैधानिक पहिचान सहितको पेशा

कानून व्यवसाय नेपालको संविधानद्वारा मान्यता प्राप्त तथा संरक्षित पेशा हो। नेपालको संविधानको धारा २०(२) ले पक्राउमा परेको प्रत्येक व्यक्तिलाई आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह, परामर्श तथा प्रतिरक्षा सेवा लिन पाउने मौलिक हक सुनिश्चित गरेको छ। यसले कानून व्यवसायलाई न्याय प्रणालीको अभिन्न अंग तथा विधिको शासन संरक्षण गर्ने महत्वपूर्ण पेशाका रूपमा स्थापित गरेको छ।

#### २. कानून व्यवसायप्रति युवा तथा महिलाको बढ्दो आकर्षण

विगतको तुलनामा कानून शिक्षा तथा कानून व्यवसायप्रति युवापुस्ताको आकर्षण उल्लेखनीय रूपमा वृद्धि हुँदै गएको छ। युवापुस्ता अन्तर्गत पनि महिलाहरू यस क्षेत्रमा बढी आइरहेको अवस्था छ। विश्वव्यापीकरण, बहुराष्ट्रिय कम्पनी तथा संस्थाहरूमा कानूनी जनशक्तिको बढ्दो आवश्यकता, न्यायिक तथा व्यावसायिक क्षेत्रको विस्तार, मुद्दा मामिलाको वृद्धि तथा अंग्रेजी माध्यमबाट समेत कानून शिक्षाको अध्ययन अध्यापन हुने व्यवस्थाले कानून व्यवसायलाई युवापुस्ताका लागि आकर्षक पेशाका रूपमा स्थापित गरेको छ।

यसको प्रभाव कानून व्यवसायी प्रवेश परीक्षामा सहभागीहरूको बढ्दो संख्या तथा विविध पृष्ठभूमिका युवाहरूको सहभागिताबाट समेत स्पष्ट रूपमा देखिन्छ। साथै पछिल्लो समयमा कानून अध्ययन, कानून व्यवसाय, सरकारी सेवा तथा न्यायिक क्षेत्रमा महिलाको सहभागिता उल्लेखनीय रूपमा वृद्धि हुँदै गएको छ। कानून कलेजमा भर्नादेखि कानून व्यवसायी परीक्षा तथा विभिन्न पेशागत क्षेत्रमा महिलाको बढ्दो उपस्थिति र सहभागिताले कानून व्यवसायलाई थप समावेशी, प्रतिस्पर्धी तथा सशक्त बनाउँदै लगेको छ ।

#### ३. कानून शिक्षा अध्यापन गर्ने विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूको विस्तार

नेपालमा कानून शिक्षा तथा कानून व्यवसायप्रति युवापुस्ताको आकर्षण निरन्तर रूपमा वृद्धि हुँदै जाँदा कानून अध्ययन–अध्यापन गर्ने विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूको संख्या र पहुँचमा समेत उल्लेखनीय विस्तार भएको छ। प्रारम्भिक चरणमा त्रिभूवन विश्वविद्यालयमा मात्र सीमित रहेको कानून शिक्षा हाल विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्थामार्फत देशव्यापी रूपमा विस्तार हुँदै गएको छ।

हाल नेपालमा विभिन्न विश्वविद्यालयहरूबाट स्नातक (LL.B.), स्नातकोत्तर (LL.M.) तथा विद्यावारिधिसम्मका कानून विषयको अध्ययन अध्यापन हुँदै आएको छ। साथै विभिन्न सम्बन्धन प्राप्त तथा आंगिक क्याम्पसहरूमार्फत प्रदेशस्तरसम्म कानून शिक्षाको पहुँच विस्तार भएको छ। देशका विभिन्न क्षेत्रमा कानून अध्ययनका अवसर उपलब्ध हुनुले कानूनी शिक्षाको विकेन्द्रीकरण, पहुँच विस्तार तथा समावेशी सहभागितामा सकारात्मक योगदान पुगेको छ। यसका अतिरिक्त पछिल्लो समय उच्च माध्यमिक तहदेखि नै कानून विषयको अध्ययन प्रारम्भ हुनुले कानूनी शिक्षा तथा पेशाप्रति प्रारम्भिक आकर्षण र आधार निर्माणमा सहयोग पुगेको देखिन्छ। कानून शिक्षा अध्यापन गर्ने संस्थाहरूको विस्तारले दक्ष, प्रतिस्पर्धी तथा पेशागत रूपमा सक्षम कानूनी जनशक्ति उत्पादन गर्न महत्वपूर्ण अवसर सिर्जना गरेको छ।

## ४. कानून व्यवसायको कार्यक्षेत्र तथा पेशागत अवसरहरूको विस्तार

कानून व्यवसाय अब परम्परागत रूपमा अदालतमा बहस, पैरवी तथा मुद्दाको प्रतिरक्षामा मात्र सीमित नरही बहुआयामिक, विशेषज्ञतामूलक तथा सेवा–उन्मुख पेशाका रूपमा विस्तार हुँदै गएको छ। बदलिँदो कानूनी, आर्थिक, सामाजिक तथा व्यावसायिक परिवेशसँगै कानून व्यवसायीहरूको भूमिका र कार्यक्षेत्र उल्लेखनीय रूपमा फराकिलो बन्दै गएको छ।

हाल कानून व्यवसायीहरूले अदालतमा प्रतिनिधित्व गर्ने कार्यका अतिरिक्त मध्यस्थता, मेलमिलाप, कानूनी सहायता, कानूनी परामर्श, नोटरी पब्लिक, अनुवाद, वैकल्पिक विवाद समाधान तथा न्यायिक सहजीकरण जस्ता क्षेत्रमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। उपभोक्ता अदालत, बाल अदालत, पारिवारिक इजलास, वाणिज्य इजलास तथा प्रशासनिक न्यायिक निकायहरूमा कानून सहजकर्ताका रूपमा समेत कानून व्यवसायीहरूको संलग्नता विस्तार हुँदै गएको छ।

त्यसैगरी विश्वविद्यालय तथा शैक्षिक संस्थामा प्राध्यापन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार निकाय, सरकारी तथा सार्वजनिक संस्थान, बैंक तथा वित्तीय संस्था, व्यापारिक प्रतिष्ठान तथा निजी क्षेत्रहरूमा कानून अधिकृत, कानूनी सल्लाहकार, कम्पनी सचिव तथा नीति विश्लेषकका रूपमा कानून व्यवसायीहरूको माग उल्लेखनीय रूपमा वृद्धि भएको छ। यसले कानून व्यवसायलाई परम्परागत पेशागत सीमाभन्दा बाहिर विस्तार गर्दै आधुनिक, बहुआयामिक तथा अवसरयुक्त पेशाका रूपमा स्थापित गरेको छ। साथै दक्ष, विशेषज्ञतायुक्त तथा प्रविधिमैत्री कानूनी जनशक्तिको आवश्यकता र सम्भावनालाई समेत थप सुदृढ बनाएको छ।

## ५. कानून व्यवसायीद्वारा राष्ट्रिय अर्थतन्त्रमा योगदान

कानून व्यवसायीहरू न्याय प्रणालीका अभिन्न अंग मात्र नभई राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउने महत्वपूर्ण पेशागत वर्गका रूपमा स्थापित हुँदै गएका छन्। हाल अधिकांश कानून व्यवसायीहरू कर प्रणालीको दायरामा समावेश भई आयकर तथा अन्य वैधानिक करमार्फत राज्यको राजस्व संकलनमा

प्रत्यक्ष योगदान पुऱ्याइरहेका छन् । व्यावसायिक सेवा प्रवाह, कानूनी परामर्श, मध्यस्थता, कम्पनी सेवा, व्यावसायिक करार, लगानी सहजीकरण तथा विभिन्न आर्थिक गतिविधिमा कानूनी सहकार्यमार्फत कानून व्यवसायीहरूले आर्थिक सुशासन, लगानी सुरक्षा तथा व्यवसायिक वातावरण सुदृढीकरणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ।

यसका अतिरिक्त निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, उद्योग–व्यवसाय, गैरसरकारी संस्था तथा विकास साझेदार निकायहरूमा कानूनी सेवाको विस्तारसँगै कानून व्यवसाय क्षेत्र राष्ट्रिय अर्थतन्त्रको औपचारिक तथा करयोग्य पेशागत क्षेत्रका रूपमा क्रमशः सुदृढ हुँदै गएको छ ।

### ६. कानून व्यवसायीको सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था

नेपालको संविधान जारी भएसँगै विभिन्न विषयहरूमा कानूनको निर्माण गर्ने र समसामयिक सुधार गर्ने अभियानले निरन्तरता पाएको छ । देवानी र फौजदारी संहिताहरू जारी भई २०७५ भदौ १ गतेबाट कार्यान्वयनमा आएको अवस्था छ । संहिता कानूनहरूको निर्माणबाट नेपालको परम्परागत कानून प्रणालीमा आधारभूत परिवर्तन भएको अवस्था छ । सोही सन्दर्भमा २०५० सालमा बनेको कानून व्यवसायी परिषद् ऐनमा समेत समयानुकूल परिवर्तन गर्नका लागि यसको मस्यौदा तयार भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएकोमा २०८२ भाद्र २३ र २४ गतेको आन्दोलन पछि संसद् बिघटन भई सो मस्यौदा निश्प्रभावी भएको अवस्था छ । यस ऐनको संशोधनको विषय  प्राथमिकतामा हुनुपर्ने देखिन्छ ।

### ७. कानून व्यवसायीले प्रदान गर्ने सेवालाई अत्यावश्यक सेवाको रुपमा मान्यता

सर्वोच्च अदालतले कानून व्यवसायी अधिवक्ता भएको सन्दर्भमा बन्दाबन्दी (लकडाउन) को समयमा पनि संविधानको धारा २० को उपधारा (२) द्वारा प्रत्याभूत हकको प्रयोग एवम् प्रचलन गर्ने गराउने प्रयोजनका लागि थुनामा रहेको व्यक्तिसँग भेट्न, त्यस्तो व्यक्तिलाई परामर्श दिन तथा कानूनी सेवा प्रदान गर्नुपर्ने अवस्था रहन्छ । यस प्रयोजनका लागि कुनै अदालतमा गई रहेको कानून व्यवसायीले नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी (लकडाउन) को उल्लङ्घन गरेको भन्ने अर्थमा लिन नमिल्ने भन्ने सिद्धान्त प्रतिपादन गरेको छ । अत: कानून व्यवसाय अत्यावश्यक सेवाको रुपमा स्थापित भएको छ ।[१३]

### ८. प्रो बोनो सेवा तथा निःशुल्क कानूनी सहायता प्रदानमा सक्रिय सहभागिता

कानून व्यवसायीहरूले पेशागत दायित्वका साथै सामाजिक उत्तरदायित्वको भावनाका साथ प्रो बोनो (Pro Bono) सेवा तथा निःशुल्क कानूनी सहायता प्रदान गर्दै आएका छन् । विशेषगरी आर्थिक, सामाजिक तथा भौगोलिक रूपमा कमजोर, सीमान्तकृत तथा न्यायमा पहुँचबाट वञ्चित नागरिकलाई कानूनी परामर्श, प्रतिरक्षा तथा सहायता उपलब्ध गराउन कानून व्यवसायीहरूको महत्वपूर्ण योगदान रहँदै आएको छ ।

१३ अधिवक्ता कान्तिराम ढुंगाना वि. नेपाल सरकार, ने.का.प. २०७७, अंक ४, नि.नं. १०४७९

यस प्रकारको सेवाले न्यायमा पहुँच अभिवृद्धि, मानव अधिकार संरक्षण तथा विधिको शासन सुदृढीकरणमा सकारात्मक भूमिका खेलेको छ। साथै कानून व्यवसायलाई केवल आयमुखी पेशाका रूपमा नभई सार्वजनिक सेवा, सामाजिक न्याय तथा नागरिक अधिकार संरक्षणसँग जोडिएको उत्तरदायी पेशाका रूपमा स्थापित गर्न समेत सहयोग पुगेको छ। प्रो बोनो सेवा तथा निःशुल्क कानूनी सहायता प्रदान गर्ने संस्कृतिले कानून व्यवसायीहरूमा सामाजिक उत्तरदायित्व, पेशागत नैतिकता तथा सेवामुखी भावनालाई थप सुदृढ बनाएको देखिन्छ।

### ३.६.४ चुनौती

#### १. कानून व्यवसायी पेशाको जनआस्था एवम् मर्यादा प्रवर्द्धन

नेपाल कानून व्यवसायी परिषद् मर्यादित, नैतिक तथा उत्तरदायी कानून व्यवसायको प्रवर्द्धन र नियमनका लागि स्थापित प्रमुख नियामक निकाय हो। परिषद्‌बाट हुने नीति निर्माण, परीक्षा सञ्चालन, इजाजत, अनुशासन तथा अन्य संस्थागत काम–कारवाहीलाई कानून व्यवसायी, न्याय क्षेत्रका सरोकारवाला तथा आम नागरिकले नजिकबाट नियालि रहेका हुन्छन्। यस सन्दर्भमा परिषद्‌को प्रत्येक कार्य पारदर्शी, निष्पक्ष, विश्वसनीय तथा उत्तरदायी हुनु अत्यावश्यक देखिन्छ। परिषद्‌को प्रभावकारी कार्य सम्पादनमार्फत कानून व्यवसायप्रतिको सार्वजनिक विश्वास, पेशागत मर्यादा तथा संस्थागत विश्वसनीयता अभिवृद्धि गर्नु महत्वपूर्ण आवश्यकता रहेको छ।

साथै पेशागत नैतिकता, अनुशासन, सेवामुखी व्यवहार तथा विधिको शासनप्रतिको प्रतिबद्धतालाई सुदृढ गर्दै कानून व्यवसायलाई सम्मानित, विश्वसनीय तथा जनआस्थायुक्त पेशाका रूपमा स्थापित गर्नु परिषद्‌को प्रमुख चुनौतिका रूपमा रहेको छ।

#### २. सरोकारवाला तथा सेवाग्राहीको बढ्दो अपेक्षा

नेपाल कानून व्यवसायी परिषद् प्रति कानून व्यवसायी, न्याय क्षेत्रका सरोकारवाला तथा सेवाग्राहीहरूको अपेक्षा दिनानुदिन बढ्दै गएको छ। परिषदबाट प्रवाह हुने सेवा छिटो, सरल, पारदर्शी, प्रविधिमैत्री तथा प्रभावकारी होस् भन्ने आम अपेक्षा रहेको देखिन्छ।

विशेषगरी इजाजत, नवीकरण, परीक्षा, अनुशासन, गुनासो व्यवस्थापन तथा सूचना प्रवाह सम्बन्धी सेवाहरू समयमै, निष्पक्ष तथा सेवाग्राहीमैत्री ढंगले उपलब्ध गराउनुपर्ने आवश्यकता बढ्दो रूपमा महसुस गरिएको छ। त्यसैगरी कानून व्यवसायलाई मर्यादित, उत्तरदायी तथा विश्वसनीय पेशाका रूपमा स्थापित गर्न कानून व्यवसायीहरूको पेशागत आचरण, सेवा गुणस्तर तथा पारिश्रमिक प्रणालीमा समेत पारदर्शिता कायम होस् भन्ने अपेक्षा सरोकारवालाहरूमा रहेको पाइन्छ। यस अवस्थाले परिषद्‌लाई सेवा प्रवाह, नियमन, सुशासन तथा संस्थागत उत्तरदायित्वलाई थप सुदृढ गर्दै सार्वजनिक विश्वास अभिवृद्धि गर्नुपर्ने चुनौती रहेको छ।

## ३. नवोदित कानून व्यवसायीलाई पेशामा टिकाइ राख्ने चुनौती

कानूनी शिक्षा अध्ययन गर्नेहरूको संख्या बढ्दै गए तापनि नवोदित कानून व्यवसायीहरूले कानून व्यवसायलाई दीर्घकालीन प्रमुख पेशाको रूपमा अपनाउने प्रवृत्ति अपेक्षाकृत कमजोर देखिन्छ । प्रारम्भिक चरणमै पेशागत अवसर, आर्थिक स्थायित्व, व्यावहारिक अनुभव तथा मार्गदर्शनको कमीका कारण धेरै नव कानून व्यवसायीहरू अन्य पेशा वा क्षेत्रमा स्थानान्तरण हुने अवस्था देखिएको छ । कानून व्यवसायलाई विशुद्ध, व्यवस्थित तथा आकर्षक पेशाका रूपमा विकास गर्न नसकिँदा नवोदित व्यवसायीहरूको पेशागत निरन्तरता र टिकाउपनमा चुनौती उत्पन्न भएको छ । वरिष्ठ अधिवक्ताहरूले कनिष्ठ कानून व्यवसायीलाई सहायकका रूपमा अनिवार्य रूपमा संलग्न गराउने व्यवस्था भए तापनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

यस सन्दर्भमा नेपाल कानून व्यवसायी परिषद्ले नवोदित कानून व्यवसायीहरूका लागि इन्टर्नशिप, प्रारम्भिक व्यावसायिक अभ्यास, सीप विकास, अध्ययन अनुसन्धानमा सहभागिता तथा मार्गदर्शन (mentorship) जस्ता कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ । साथै प्रारम्भिक आर्थिक सहयोग, पेशागत सहजीकरण तथा क्षमता विकासका माध्यमबाट उनीहरूलाई पेशामा टिकाइ राख्ने वातावरण निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

त्यसैगरी विदेशी विश्वविद्यालयमा अध्ययन गरेका वा अंग्रेजी माध्यमबाट कानूनी शिक्षा प्राप्त गरी व्यवसायमा प्रवेश गर्ने कानून व्यवसायीहरूका लागि नेपाली भाषामा कानूनी लिखत तयार गर्ने, अदालती प्रक्रिया र व्यवहारिक अभ्यास सम्बन्धी सीप विकास कार्यक्रमलाई प्राथमिकतामा राख्नु पर्ने चुनौति रहेको देखिन्छ ।

## ४. अन्तर्राष्ट्रिय प्रतिस्पर्धा

नेपालमा विदेशी लगानीका अवसरहरू क्रमशः विस्तार हुँदै गइरहेका छन्, जससँगै बहुराष्ट्रिय कम्पनीहरूको उपस्थिति, अन्तरदेशीय व्यापारिक सम्बन्ध तथा अन्तर्राष्ट्रिय व्यावसायिक लेनदेन पनि तीव्र रूपमा बढ्दै गएको छ । यस परिवेशमा विदेशी कम्पनीहरू विरुद्ध नेपालका अदालतमा मुद्दा दायर हुने तथा नेपाली कम्पनीहरू विदेशमा समेत कानूनी विवादका पक्ष बन्ने अवस्था विकसित भएको छ ।

यसले वाणिज्य, करार, बैंकिङ, लगानी तथा कर्पोरेट शासन (Corporate Governance) सम्बन्धी मुद्दाहरूमा राष्ट्रिय कानूनी मापदण्डका साथै अन्तर्राष्ट्रिय न्यायिक अभ्यास, मान्यता तथा सिद्धान्त अनुसार बहस, पैरवी र निर्णय प्रक्रियामा संलग्न हुनुपर्ने आवश्यकता बढाएको छ ।

आजका कानून व्यवसायीहरूले विदेशी नागरिक, विदेशी संस्था तथा बहुराष्ट्रिय कम्पनीहरू संलग्न भएका जटिल कानूनी विवादहरूमा प्रभावकारी प्रतिनिधित्व गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । साथै नेपाल विश्व व्यापार संगठन (WTO) को सदस्य राष्ट्र भएकाले कानून व्यवसायको क्षेत्र अब केवल राष्ट्रिय कानूनी प्रणालीमा सीमित नरही अन्तर्राष्ट्रिय व्यापार, लगानी तथा विवाद

समाधान प्रणालीसँग समेत गहिरो रूपमा आबद्ध हुँदै गएको छ।

यस परिप्रेक्ष्यमा नेपालका कानून व्यवसायीहरूले अन्तर्राष्ट्रिय कानून, तुलनात्मक कानूनी प्रणाली, वैश्विक व्यापार तथा कर्पोरेट शासन सम्बन्धी मानकहरू तथा न्यायिक मूल्य मान्यताको गहिरो ज्ञान हासिल गरी सक्षम रूपमा प्रतिनिधित्व गर्न सक्ने क्षमता विकास गर्नुपर्ने चुनौति रहेको छ।

### ५. कानून अध्यापन गराउने विश्वविद्यालयहरूसँगको समन्वय तथा सहकार्य

कानूनी शिक्षाको गुणस्तर अभिवृद्धि र कानून व्यवसायीहरूको पेशागत दक्षता सुदृढीकरणका लागि कानून अध्यापन गराउने विश्वविद्यालयहरूसँग प्रभावकारी समन्वय तथा सहकार्य अत्यावश्यक रहेको छ। यद्यपि नेपाल कानून व्यवसायी परिषद्लाई स्तरीय कानूनी शिक्षाका लागि सिफारिस गर्ने कानूनी अधिकार ऐनले प्रदान गरेको भए तापनि लामो समयसम्म यस विषयमा अपेक्षित कार्य प्रगति हुन सकेको थिएन।

विश्वविद्यालयका पदाधिकारीहरूको समेत सहभागितामा कानून व्यवसायी परिषद् (कानूनी शिक्षा) नियमावली, २०७७ निर्माण भई कार्यान्वयन प्रारम्भ भएको छ, जसले कानून शिक्षालाई व्यवस्थित, मानकीकृत तथा गुणस्तरीय बनाउने दिशामा महत्वपूर्ण आधार तयार गरेको छ।

कानूनी शिक्षाको गुणस्तर अभिवृद्धि भए मात्र कानून व्यवसायीहरूको व्यावसायिक क्षमता, दक्षता तथा विश्वसनीयता सुदृढ हुने भएकाले परिषद्ले यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कानूनको उच्च माध्यमिक, स्नातक तथा स्नातकोत्तर तहको पाठ्यक्रम, शिक्षण विधि तथा परीक्षा प्रणाली सुधारका लागि सहजीकरण गर्ने भूमिका निर्वाह गर्नु आवश्यक देखिन्छ। चिकित्सा, इन्जिनियरिङ तथा नर्सिङ शिक्षामा सम्बन्धित नियामक परिषद्हरूले निर्वाह गर्ने जस्तै भूमिका कानूनी शिक्षाको क्षेत्रमा समेत परिषद्ले प्रभावकारी रूपमा निर्वाह गर्न सक्ने गरी कानूनी तथा संस्थागत सुधार गर्नु समयानुकूल आवश्यकता हो। तथापि विश्वविद्यालयहरूको प्राज्ञिक स्वायत्तताको सम्मान गर्दै परिषद्को भूमिका परामर्शदायी, सहजीकरणात्मक तथा गुणस्तर सुनिश्चिततामूलक रूपमा विस्तार गर्नुपर्ने चुनौति रहेको देखिन्छ।

### ६. अन्तर्राष्ट्रिय सम्बन्ध विकास

खुला अर्थतन्त्र, उदार अर्थ व्यवस्था तथा विश्वव्यापीकरणको प्रभाव कानून व्यवसायमा पनि क्रमशः विस्तार हुँदै गएको छ। यस परिवर्तित परिवेशमा नेपाली कानून व्यवसायीहरू विदेशमा गई पेशागत अभ्यास गर्न सक्ने तथा विदेशी कानून व्यवसायीहरू नेपालमा आएर अभ्यास गर्ने सम्भावना समेत विकसित हुँदै गएको देखिन्छ।

यस सन्दर्भमा नेपाल कानून व्यवसायी परिषद्ले अन्य मुलुकका बार काउन्सिल तथा कानूनी नियामक निकायहरूसँग औपचारिक तथा संस्थागत सम्बन्ध विस्तार गर्दै कानून व्यवसायीहरूको दक्षता अभिवृद्धि, अनुभव आदान–प्रदान तथा पेशागत अवसर विस्तारमा सक्रिय भूमिका निर्वाह गर्नु

आवश्यक देखिन्छ । त्यसैगरी अन्तर्राष्ट्रिय सेमिनार, सम्मेलन, तालिम तथा अध्ययन भ्रमणहरूमा कानून व्यवसायीहरूको सहभागिता सुनिश्चित गर्नुका साथै परिषद् आफैँले पनि विदेशी विशेषज्ञ तथा अन्तर्राष्ट्रिय सहभागीहरूको सहभागितामा कार्यक्रमहरू आयोजना गरी वैश्विक कानूनी अभ्याससँग समन्वय र ज्ञान आदान प्रदानलाई संस्थागत गर्नुपर्ने चुनौति रहेको छ ।

## ७. विशिष्टिकृत एवं विषयगत कानून व्यवसाय

पारिवारिक, वाणिज्य, उपभोक्ता, बाल न्याय लगायतका विशेष अदालत/न्यायाधिकरण/ इजलासहरूको स्थापना र सञ्चालनसँगै न्याय प्रणाली क्रमशः विशिष्टीकृत हुँदै गएको छ । यस परिवर्तनशील न्यायिक संरचनाले सम्बन्धित विषयमा गहिरो ज्ञान, विशेषज्ञता तथा व्यावहारिक दक्षता भएका कानून व्यवसायीहरूको आवश्यकता बढाएको छ ।

यस सन्दर्भमा पारिवारिक कानून, वाणिज्य कानून, बाल न्याय, श्रम कानून, कर तथा बैंकिङ कानून, मध्यस्थता, लैङ्गिक न्याय, बाल न्याय, जलवायू तथा वातावरणीय कानून लगायतका क्षेत्रमा विषयगत विशेषज्ञता भएका कानून व्यवसायी तयार गर्नु नेपाल कानून व्यवसायी परिषद्का लागि चुनौतीका रूपमा देखिन्छ । विशिष्टिकृत न्यायिक निकायहरूको प्रभावकारी कार्यसम्पादन, गुणस्तरीय न्याय सेवा तथा न्यायमा पहुँच सुनिश्चित गर्नका लागि विशेषज्ञता आधारित कानूनी अभ्यासलाई प्रवर्द्धन गर्दै विषयगत प्रशिक्षण, क्षमता विकास तथा प्रमाणपत्रमूलक तालिम कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको छ । यसले न्याय प्रणालीलाई थप दक्ष, व्यावसायिक तथा परिणाममुखी बनाउँदै आधुनिक कानूनी सेवा प्रवाहलाई सुदृढ गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

## ८. कानून व्यवसायमा कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोग

कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) को तीव्र विकाससँगै लेखा, लेखापरीक्षण, इन्जिनियरिङ्ग, चिकित्सा, शिक्षा लगायत सबै पेशागत क्षेत्रमा यसको व्यापक प्रयोग बढ्दै गएको छ । सोही प्रवृत्ति कानून व्यवसायमा समेत क्रमशः प्रवेश गरिरहेको छ । कानूनी अनुसन्धान, दस्तावेज विश्लेषण, केस व्यवस्थापन, करार समीक्षा, न्यायिक निर्णयहरूको अध्ययन तथा कानूनी लेखनमा AI–आधारित प्रविधिहरूको प्रयोग बढ्दै जाँदा कानून व्यवसायको कार्यशैली, दक्षता र सेवा प्रवाहमा उल्लेखनीय परिवर्तन देखा पर्न थालेको छ । यस सन्दर्भमा नेपाल कानून व्यवसायी परिषद्का लागि AI को सुरक्षित, जिम्मेवार तथा पेशागत मापदण्डअनुसार प्रयोग सुनिश्चित गर्नु, कानून व्यवसायीहरूको डिजिटल साक्षरता तथा प्रविधिगत क्षमता विकास गर्नु र यसको प्रयोगबाट उत्पन्न हुने नैतिक, गोपनीयता तथा उत्तरदायित्व सम्बन्धी चुनौतीहरूको व्यवस्थापन गर्नु महत्वपूर्ण चुनौतीका रूपमा देखिन्छ । त्यसैले आधुनिक प्रविधिको लाभ उपयोग गर्दै कानून व्यवसायलाई अझ प्रभावकारी, छरितो, पारदर्शी तथा प्रतिस्पर्धी बनाउन कृत्रिम बुद्धिमत्ताको प्रयोगलाई संस्थागत रूपमा प्रवर्द्धन गर्नुपर्ने चुनौति रहेको छ ।

## ९. पूर्ण तथा प्रभावकारी नियमन

कानून व्यवसायीहरूको संख्या निरन्तर वृद्धि हुँदै जाँदा पेशागत मापदण्ड, नैतिक आचरण, अनुशासन, निरन्तर पेशागत विकास तथा डिजिटल अभिलेख व्यवस्थापनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्षम, प्रविधिमैत्री तथा उत्तरदायी नियामक प्रणाली विकास गर्नु अपरिहार्य भएको छ।

यस सन्दर्भमा नेपाल कानून व्यवसायी परिषदका लागि सबै कानून व्यवसायीलाई समान, पारदर्शी र प्रभावकारी रूपमा नियमन गर्न सक्ने संस्थागत क्षमता सुदृढ गर्नु प्रमुख चुनौतीका रूपमा देखिन्छ।

विशेषगरी दर्ता, नवीकरण, अनुशासनात्मक कारवाही, गुनासो व्यवस्थापन तथा पेशागत अनुगमनलाई डिजिटल प्रणालीमार्फत एकीकृत र प्रभावकारी बनाउनु आवश्यक छ। साथै जोखिम आधारित (risk-based) नियमन प्रणाली, तथ्याङ्कमा आधारित निर्णय प्रक्रिया तथा प्रविधिमैत्री अनुगमन संयन्त्र विकास गर्नु समयानुकूल आवश्यकता बनेको छ। यसले पेशागत मर्यादा कायम राख्दै कानून व्यवसायलाई अझ उत्तरदायी, विश्वसनीय तथा जनआस्थायुक्त बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

## १०. कानूनी सचेतना अभिवृद्धि एवम न्यायमा पहुँच

कानून व्यवसायी सामाजिक इन्जिनियर (Social Engineer) का रूपमा समाजमा न्याय, विधिको शासन, मानव अधिकार तथा संवैधानिक मूल्यमान्यताको संरक्षण र प्रवर्द्धन गर्ने महत्वपूर्ण दायित्व बोकेको पेशागत वर्ग हो। नागरिकहरूको न्यायमा पहुँच सुनिश्चित गर्नु, कानूनी सचेतना अभिवृद्धि गर्नु तथा कमजोर एवम् सीमान्तकृत वर्गलाई न्यायिक सहारा उपलब्ध गराउनु कानून व्यवसायीहरूको महत्वपूर्ण सामाजिक तथा पेशागत जिम्मेवारी हो।

यस सन्दर्भमा गुणस्तरीय, नैतिक, सेवामुखी तथा उत्तरदायी सेवा प्रवाहमार्फत विधिको शासन सुदृढ गर्दै न्यायप्रति नागरिकको विश्वास अभिवृद्धि गर्नु आवश्यक देखिन्छ। साथै कानूनी सहायता, जनचेतनामूलक कार्यक्रम, वैकल्पिक विवाद समाधान, मानव अधिकार संरक्षण तथा सार्वजनिक हितका विषयमा कानून व्यवसायीहरूको सक्रिय सहभागिता अभिवृद्धि गर्नु चुनौतिका रुपमा रहेको छ।

## ११. दिगो विकास लक्ष्य १६ कार्यान्वयन

दिगो विकास लक्ष्य (SDG)–१६ ले शान्ति, न्याय तथा सुदृढ संस्थाको प्रवर्द्धनमार्फत समावेशी, न्यायपूर्ण तथा उत्तरदायी समाज निर्माणमा जोड दिएको छ। न्यायमा पहुँच सुनिश्चित गर्नु, विधिको शासन सुदृढ गर्नु, पेशागत नैतिकता प्रवर्द्धन गर्नु तथा उत्तरदायी संस्थागत प्रणाली विकास गर्नु यसको मूल उद्देश्य हो। तर बदलिँदो कानूनी, सामाजिक तथा प्रविधिगत परिवेश, कानून व्यवसायीहरूको बढ्दो संख्या, सीमित संस्थागत स्रोत तथा प्रभावकारी समन्वयको आवश्यकता लगायतका कारण दिगो विकास लक्ष्य १६ को प्रभावकारी कार्यान्वयन नेपाल कानून व्यवसायी परिषद्का लागि चुनौतीका रूपमा रहेको छ।

# वस्तुस्थिति विश्लेषणको सारांश
# सवल तथा कमजोर पक्ष र अवसर तथा चुनौति
# तालिका नं. ८

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| १. स्पष्ट जिम्मेवारी सहित कानूनद्वारा स्थापित अविछिन्न् उत्तराधिकारवाला र स्वशासित संस्था | १. ऐन कानून समयानुसार संशोधन नहुनु |
| २. नेतृत्वमा कानून तथा न्याय क्षेत्रका सरोकारवाला निकायका पदाधिकारी एवम् कानून व्यवसायीको संलग्नता | २. परिषद्को परम्परागत परीक्षा प्रणाली |
| ३. कानून शिक्षा सुधार तथा गुणस्तर अभिवृद्धिका लागि क्रियाशील | ३. आचारसंहितामा समयानुकूल पुनरावलोकन गरि संशोधन नहुनु |
| ४. कानून व्यवसायीको क्षमता एवम दक्षता अभिबृद्धि सम्बन्धी विशिष्टिकृत प्रशिक्षण सञ्चालन | ४. रणनीतिक योजना कार्यान्वयन प्राथमिकतामा नपर्नु |
| ५. आत्म मूल्याङ्कन सहित अनुशासनात्मक कारवाही मार्फत कानून व्यवसायीको मर्यादा अभिबृद्धि | ५. कानून व्यवसायलाई थप मर्यादित एवम् सम्मानित बनाउन नसक्नु |
| ६. अनुसन्धानमूलक अध्ययन तथा जर्नलको नियमित प्रकाशन | ६. सवै कानून व्यवसायीहरूलाई आधारभूत र विशिष्टीकृत प्रशिक्षण दिन नसक्नु |
| ७. कानून र न्यायको क्षेत्रमा विशिष्ट योगदान पुर्याउने कानून व्यवसायीहरूको सम्मान | ७. परिषद्को कार्य सञ्चालन तथा सम्पादनमा सूचना प्रविधिको न्यून प्रयोग |
| ८. नवोदित कानून व्यवसायीलाई प्रोत्साहन | ८. जनशक्तिमा उत्प्रेरणा अभाव |
| ९. विद्युतीय शासन प्रवर्द्धनमा अग्रसरता | ९. परीक्षा प्रणालीलाई विश्वसनीय बनाउन नसक्नु |
| १०. कानून व्यवसायिक कल्याणकारी कोष कार्यान्वयन | १०. आचरण सम्बन्धी नियमावलीको प्रभावकारी कार्यान्वयन हुन नसकेको |
| ११. आफ्नै दिगो आर्थिक स्रोत | ११. समितिहरूको उचित सक्रियताका लागि पर्याप्त स्रोत साधनको अभाव |
| | १२. प्रदेशस्तरीय कार्यालय स्थापना तथा सेवा विकेन्द्रीकरण हुन नसक्नु |

| अवसर | चुनौती |
|---|---|
| १. संवैधानिक पहिचान सहितको पेशा | १. कानून व्यवसायी पेशाको जनआस्था एवं मर्यादा प्रवर्द्धन |
| २. कानून व्यवसायप्रति युवा तथा महिलाको बढ्दो आकर्षण | २. सरोकारवाला तथा सेवाग्राहीको बढ्दो अपेक्षा |
| ३. कानून शिक्षा अध्यापन गर्ने विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूको विस्तार | ३. नवोदित कानून व्यवसायीलाई पेशामा टिकाइ राख्ने चुनौती |
| ४. कानून व्यवसायको कार्यक्षेत्र तथा पेशागत अवसरहरूको विस्तार | ४. अन्तर्राष्ट्रिय प्रतिस्पर्धा |
| ५. कानून व्यवसायीद्वारा राष्ट्रिय अर्थतन्त्रमा योगदान | ५. कानून अध्यापन गराउने विश्वविद्यालयहरूसँगको समन्वय तथा सहकार्य |
| ६. कानून व्यवसायीको सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था | ६. अन्तर्राष्ट्रिय सम्बन्ध विकास |
| ७. कानून व्यवसायीले प्रदान गर्ने सेवालाई अत्यावश्यक सेवाको रुपमा मान्यता | ७. विशिष्टिकृत एवं विषयगत कानून व्यवसाय |
| ८. प्रो बोनो सेवा तथा निःशुल्क कानूनी सहायता प्रदानमा सक्रिय सहभागिता | ८. कानून व्यवसायमा कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोग |
| | ९. पूर्ण तथा प्रभावकारी नियमन |
| | १०. कानूनी सचेतना अभिवृद्धि एवम न्यायमा पहुँच |
| | ११. दिगो विकास लक्ष्य १६ कार्यान्वयन |

# परिच्छेद चार

## परिदृष्य, परिलक्ष्य र मूल्यहरू

### ४.१ परिदृष्य (Vision)

सक्षम, मर्यादित र प्रविधिमैत्री कानून व्यवसायमार्फत विधिको शासन प्रवर्धन।

### ४.२ परिलक्ष्य (Mission)

कानूनको शासन र न्यायमा पहुँचको सुनिश्चितताका लागि व्यावसायिकरुपमा सक्षम र निष्ठावान कानून व्यवसायीको नियामक निकायको रुपमा स्थापित हुने।

### ४.३ मूल्यहरू (Values)

- गुणस्तरीय सेवा
- मर्यादित कानून व्यवसाय
- स्वच्छ सुनुवाई
- लोकतन्त्र र स्वतन्त्र न्यायपालिकाप्रतिको प्रतिवद्धता
- मानव अधिकारको सम्मान
- कानूनको शासनप्रति प्रतिवद्ध
- न्यायमा पहुँच
- नवप्रवर्तन
- निरन्तर सिकाई

# परिच्छेद पाँच

**प्राथमिकताका क्षेत्र. रणनीतिक उद्देश्य तथा कार्यान्वयन योजना**

## ५.१ परिचय

रणनीतिक योजनाले निर्धारण गरेको परिदृश्य र परिलक्ष्य बमोजिम तय गरिएका प्राथमिकता तथा रणनीतिक उद्देश्यहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, प्रत्येक प्राथमिकता अन्तर्गतका रणनीतिक उद्देश्यको क्रियाकलापहरू, तिनका कार्यसम्पादन सूचक समयावधि तथा जिम्मेवार पदाधिकारी/निकाय स्पष्ट रूपमा निर्धारण गरिएको छ।

यस योजनामा ४ वटा प्राथमिकता अन्तर्गत १९ वटा उद्देश्यहरू सहित १३१ वटा क्रियाकलपाहरू तय गरिएको छ। प्राथमिकता १: सक्षम कानून व्यवसायीमा ५ वटा रणनीतिक उद्देश्यहरू र ४७ वटा क्रियाकलापहरू, प्राथमिकता २: मर्यादित कानून व्यवसायमा ४ वटा रणनीतिक उद्देश्यहरू र ३५ वटा क्रियाकलापहरू, प्राथमिकता ३: सूचना तथा प्रविधिमा ५ वटा रणनीतिक उद्देश्यहरू र २३ वटा क्रियाकलापहरू र  प्राथमिकता ४: संस्थागत सुदृढीकरणमा ५ वटा रणनीतिक उद्देश्यहरू र २६ वटा क्रियाकलापहरू निर्धारण गरिएको छ।

## ५.२ प्राथमिकता र रणनीतिक उद्देश्यहरू

यस कार्यान्वयन योजनाले रणनीतिक उद्देश्यलाई व्यवहारमा रूपान्तरण गर्दै परिणाममुखी, मापनयोग्य तथा उत्तरदायी प्रणाली विकास गर्ने लक्ष्य राखेको छ। सोअनुसार प्रस्तुत प्राथमिकता क्षेत्रगत रणनीतिक उद्देश्य देहायअनुसार रहेको छ।

| क्र.सं. | प्राथमिकता | | रणनीतिक उद्देश्यहरू |
|---|---|---|---|
| १ | सक्षम कानून व्यवसायी | १.१ | कानून व्यवसायीहरूको ज्ञान, सीप, दक्षता तथा व्यावसायिक क्षमताको अभिवृद्धि गर्नु। |
| | | १.२ | कानून शिक्षा (Legal Education) र कानून व्यवसाय (Legal Profession) लाई संस्थागत, गुणस्तरीय तथा प्रविधिमैत्री बनाउनु। |
| | | १.३ | विशेषज्ञतामा आधारित अनुसन्धान तथा नवप्रवर्तनमा आधारित आधुनिक कानून व्यवसाय अभ्यास प्रवर्द्धन गर्नु। |
| | | १.४ | नयाँ कानून व्यवसायीहरूको प्रवेश, तालिम, इजाजत तथा क्षमता विकास प्रणालीलाई गुणस्तरीय बनाउनु। |
| | | १.५ | समावेशी तथा अन्तर्राष्ट्रिय स्तरका प्रतिस्पर्धी कानून व्यवसायी विकास गर्नु। |

| | | | |
|---|---|---|---|
| २ | मर्यादित कानून व्यवसाय | २.१ | कानून व्यवसायीको आचारसंहिता, पेशागत नैतिकता तथा अनुशासन प्रणालीलाई प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउनु। |
| | | २.२ | पेशागत सदाचार, उत्तरदायित्व जवाफदेहिता, पारदर्शिता तथा सेवामुखी व्यावसायिक संस्कृतिको विकास गर्नु। |
| | | २.३ | सेवाग्राहीमैत्री तथा विश्वसनीय कानून व्यवसाय प्रवर्द्धन गर्नु। |
| | | २.४ | कानून व्यवसायीको सुरक्षा, मर्यादा तथा हित संरक्षण गर्नु। |
| ३ | सूचना तथा प्रविधि | ३.१ | डिजिटल प्रशासन तथा अभिलेख प्रणाली विकास गर्नु। |
| | | ३.२ | कानून व्यवसायीको दर्ता तथा इजाजत प्रणाली आधुनिकिकरण गर्नु। |
| | | ३.३ | डिजिटल पुस्तकालय तथा ज्ञान व्यवस्थापन प्रणाली विकास गर्नु। |
| | | ३.४ | एआई (कृतिम बुद्धिमता) तथा आधुनिक कानूनी प्रविधिको उपयोग बढाउनु। |
| | | ३.५ | साइबर सुरक्षा तथा डेटा संरक्षण सुनिश्चित गर्नु। |
| ४ | संस्थागत सुदृढीकरण | ४.१ | संगठनात्मक संरचना तथा प्रशासनिक प्रणाली सुदृढीकरण गर्नु। |
| | | ४.२ | मानव संसाधन व्यवस्थापन तथा कार्यसम्पादन प्रणाली सुदृढ गर्नु। |
| | | ४.३ | वित्तीय व्यवस्थापन तथा स्रोत परिचालन सुदृढ गर्नु। |
| | | ४.४ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्नु। |
| | | ४.५ | योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्नु। |

## ५.३ प्राथमिकता तथा रणनीतिक उद्देश्यहरूको कार्यान्वयन योजना

रणनीतिक योजनामा निर्धारण गरिएका प्राथमिकता क्षेत्र तथा तिनअन्तर्गतका रणनीतिक उद्देश्यहरूको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना, कार्यसम्पादन सूचक, समयसीमा तथा जिम्मेवार निकाय/पदाधिकारीहरू तोकिनु आवश्यक हुन्छ।

यस कार्यान्वयन योजनाले रणनीतिक उद्देश्यलाई व्यवहारमा रूपान्तरण गर्दै परिणाममुखी, मापनयोग्य, पारदर्शी तथा उत्तरदायी कार्य प्रणाली विकास गर्ने लक्ष्य लिएको छ। यसअनुसार प्रत्येक प्राथमिकता क्षेत्र अन्तर्गतका रणनीतिक उद्देश्यहरूका कार्यक्रमहरू चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ। उपलब्ध स्रोत साधनको प्रभावकारी उपयोग गर्दै अपेक्षित उपलब्धि हासिल गर्ने व्यवस्था मिलाइनेछ। सोही अनुसार प्राथमिकता तथा रणनीतिक उद्देश्यहरूको विस्तृत कार्यान्वयन योजना निम्नानुसार निर्धारण गरिएको छ।

## प्राथमिकता १: सक्षम कानून व्यवसायी

## रणनीतिक उद्देश्य १.१: कानून व्यवसायीहरूको ज्ञान, सीप, दक्षता तथा व्यावसायिक क्षमताको अभिवृद्धि गर्नु ।

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | प्रशिक्षण आवश्यकताको अध्ययन (Training Need Assessment) सञ्चालन गर्ने । | आवश्यकता पहिचान प्रतिवेदन | २०८३/०८४ र २०८६/०८७ (वर्ष १ र ४) | लयर्स एकेडेमी समिति |
| २ | आधारभूत तथा पुनर्ताजगी तालिम सञ्चालन गर्ने ।<br>(प्रति वर्ष ५ वटा) | तालिम सहभागी संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |
| ३ | प्रदेश स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।<br>(वर्षमा २ वटा, ७ प्रदेशमा जम्मा १४ वटा)<br>*पारिवारिक कानून, वाणिज्य कानून, बाल न्याय, श्रम कानून, कर तथा बैंकिङ कानून, मध्यस्थता, लैङ्गिक न्याय, बाल न्याय, जलवायू तथा वातावरणीय कानून* | प्रदेशस्तरीय कार्यक्रम संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |
| ४ | प्रदेशस्तरीय विषयगत विशिष्टीकृत प्रशिक्षण सञ्चालन गर्ने ।<br>(प्रति वर्ष ४ वटा) | सञ्चालन भएका विषयगत तालिम संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |
| ५ | गुरु शिष्य मार्गदर्शन **Mentorship Program)** सञ्चालन कार्यविधि तयार गर्ने । | कार्यविधि | २०८३/०८४ (वर्ष १) | लयर्स एकेडेमी समिति |
| ६ | वरिष्ठ र नव प्रवेशी कानून व्यवसायीबीच गुरु शिष्य मार्गदर्शन कार्यक्रम **(Mentorship Program)** सञ्चालन गर्ने । | सहभागी Mentor-Mentee संख्या र प्रतिवेदन | २०८४/०८५ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |

| | | | | |
|---|---|---|---|---|
| ७ | प्रवेश पूर्व अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। (प्रति वर्ष ३ वटा) | कार्यक्रम प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |
| ८ | वरिष्ठ अधिवक्ताको मापदण्ड पुनरावलोकन गर्न सहजिकरण गर्ने। (जिल्ला अदालतमा गरिने वहससमेतको गणना गर्ने, वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्दा परिषद्को संलग्नता समेत कायम गर्ने) | पुनरावलोकन तथा सहजिकरण प्रतिवेदन/ संशोधित मापदण्डको मस्यौदा | २०८३/०८४ (वर्ष १ देखि ५) | परिषद् |
| ९ | प्रशिक्षणसँग सम्बन्धित विषयहरूका बारेमा अन्य प्रशिक्षण प्रदायक निकायसँग समन्वय एवम् सम्पर्क विकास गर्ने। (पाठ्यक्रम, निर्देशिका एवम् स्रोत सामाग्री- न्याय सेवा तालिम केन्द्र, अभियोजन प्रशिक्षण केन्द्र, रा.न्या.प्र.) | समन्वय बैठक तथा आदानप्रदान भएका पाठ्यक्रम, निर्देशिका र स्रोत सामग्री संख्या | ०८३/०८४ देखि ०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |
| १० | प्रशिक्षणको प्रभाव मूल्याङ्कन गर्ने (प्रशिक्षणबाट ज्ञान सीप दक्षता अभिवृद्धि भए/नभएको, पेशामा सकारात्मक प्रभाव पारे नपारेको आदि बारेमा प्रशिक्षण सम्पन्न भएको एक वर्षपछि) | प्रभाव मूल्याङ्कन प्रतिवेदन संख्या तथा ज्ञान, सीप र पेशागत प्रभावको अवस्था | प्रशिक्षण सम्पन्न भएको एक वर्षपछि २०८४/०८५ देखि २०८७/०८८ (वर्ष २ देखि ५) | लयर्स एकेडेमी समिति |

**रणनीतिक उद्देश्य १.२: कानून शिक्षा (Legal Education) र कानून व्यवसाय (Legal Profession) संस्थागत, गुणस्तरीय र प्रविधिमैत्री बनाउनु।**

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | कानून शिक्षा समितिलाई क्रियाशिलताका लागि नियमित बैठक बस्ने। | बैठक माईन्युट | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद्/कानून शिक्षा समिति |

| | | | | |
|---|---|---|---|---|
| २ | कानून शिक्षा शाखाको स्थापनाका साथै सुदृढीकरण गर्ने। | शाखा स्थापना र कार्यविवरण | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद्/कानून शिक्षा समिति |
| ३ | कानून अध्यापन गर्ने विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूबीच कानून शिक्षाको गुणस्तर अभिवृद्धिका लागि पहल गर्ने। | पत्राचार | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद्/कानून शिक्षा समिति |
| ४ | कानून शिक्षा (Legal Education) र कानून व्यवसाय (Legal Profession) नीति तथा मापदण्ड तर्जुमा गर्ने। | नीति तथा मापदण्ड स्वीकृत र प्रकाशन | २०८३/०८४ (वर्ष १) | परिषद्/कानून शिक्षा समिति/ लयर्स एकेडेमी समिति |
| ५ | कानून शिक्षा अध्यापन गर्ने विश्वविद्यालय तथा शैक्षिक संस्थाको स्वीकृत मापदण्डको पालनासम्बन्धी अनुगमन गर्ने। | अनुगमन प्रतिवेदन | | परिषद्/कानून शिक्षा समिति |
| ६ | कानून शिक्षाको आधारभूत सर्वेक्षण (Baseline Survey) गर्ने। | आधारभूत सर्वेक्षण प्रतिवेदन | २०८३/०८४ (वर्ष १) | कानूनी शिक्षा समिति |
| ७ | कानून अध्यापन गर्ने विश्वविद्यालय र शैक्षिक संस्थाहरूको पाठ्यक्रमको अभिलेखीकरण गर्ने। | अभिलेखीकरण भएका विश्वविद्यालय/शैक्षिक संस्थाका पाठ्यक्रम संख्या | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | कानूनी शिक्षा समिति |
| ८ | कानून शिक्षा प्राप्त जनशक्तिको सेवा प्राप्त गर्ने निकायहरूसँग कार्यसम्पादन स्तरका बारेमा छलफल गर्ने। (वर्षमा १ पटक) | सम्पन्न छलफल/ परामर्श बैठक संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कानूनी शिक्षा समिति |

| | | | | |
|---|---|---|---|---|
| ९ | कानून अध्ययन गर्ने विद्यार्थी बीच राष्ट्रियस्तरको मुटकोर्ट प्रतियोगिता आयोजना गर्ने। (वर्षमा १ वटा) | राष्ट्रिय मुटकोर्ट प्रतियोगितामा सहभागी संस्था र विद्यार्थी संख्या | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कानूनी शिक्षा समिति |
| १० | कानूनको प्राध्यापन गर्ने शिक्षकहरूको योग्यता, दक्षता, क्षमता र समयको उपलब्धताका बारेमा विश्वविद्यालयको संलग्नतामा मापदण्ड तयार गर्ने। | शिक्षकको योग्यता, दक्षता र उपलब्धतासम्बन्धी मापदण्ड स्वीकृत | २०८४/०८५ (वर्ष २) | कानूनी शिक्षा समिति |
| ११ | विश्वविद्यालयको कानून स्नातक तहको परीक्षा प्रणालीको मूल्याङ्कन गरी सुधारका उपायहरू अवलम्बन गर्न विश्वविद्यालयसँग समन्वय गर्ने। (वर्षको १ पटक) | मूल्याङ्कन/समन्वय बैठक तथा सुधार सुझाव प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कानूनी शिक्षा समिति |
| १२ | विषयगत स्रोत सामग्री तयारीका लागि मापदण्ड तयार गर्ने। | मापदण्ड स्वीकृत र प्रकाशन | २०८३/०८४ (वर्ष १) | लयर्स एकेडेमी समिति |
| १३ | अनलाइन माध्यमबाट निरन्तर कानूनी शिक्षा कार्यक्रम सञ्चालन गर्ने। (प्रति वर्ष १२ वटा) | सम्पन्न कार्यक्रम संख्या तथा प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |
| १४ | ई-लर्निङ तथा नवप्रवर्तन प्लेटफर्म स्थापना गर्ने। | प्लेटफर्म सञ्चालन | २०८३/०८४ र २०८४/०८५ (वर्ष १ देखि २) | सूचना प्रविधि समिति |
| १५ | अध्ययन सामग्री तथा प्रशिक्षण मोड्युल विकास गर्ने। (प्रति वर्ष ३ मोड्यूल) | तयार भएको अध्ययन/ सर्वेक्षण/मूल्याङ्कन प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |

## रणनीतिक उद्देश्य १.३: विशेषज्ञतामा आधारित अनुसन्धान तथा नवप्रवर्तनमा आधारित आधुनिक कानून व्यवसाय अभ्यास प्रवर्द्धन गर्नु।

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | कानूनी अनुसन्धान कोष स्थापना गर्ने। | कोष स्थापना | २०८४/०८५ (वर्ष २) | परिषद् |
| २ | अनुसन्धान अनुदान कार्यक्रम सञ्चालन गर्ने। (प्रति वर्ष ३ वटा) | सम्पन्न क्रियाकलाप संख्या तथा प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |
| ३ | अनुसन्धान सम्मेलन तथा गोष्ठी आयोजना गर्ने। (प्रति वर्ष १ वटा) | सम्मेलन संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |
| ४ | जुरीमेट्रिक्स अनुसन्धान गर्ने (वर्षमा २ वटा) | अनुसन्धान प्रतिवेदन संख्या | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |
| ५ | विशिष्टीकृत कानून व्यवसायी प्रमाणीकरण मापदण्ड विकास गर्ने। | प्रमाणीकरण मापदण्ड | २०८५/०८६ (वर्ष ३) | परिषद् |
| ६ | विशेषज्ञ कानून व्यवसायी सूची (Roster) तयार गर्ने। | सूचीमा समावेश कानून व्यवसायी संख्या | २०८५/०८६ देखि २०८७/०८८ (वर्ष ३ देखि ५) | परिषद् |
| ७ | विषयगत अनुसन्धान तथा प्रकाशनलाई प्रोत्साहन गर्ने। (वर्षमा कम्तीमा १ पटक) | प्रकाशित जर्नल/ लेख संख्या | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | प्रकाशन समिति |
| ८ | कानून र न्यायका विभिन्न विषयमा अध्ययन अनुसन्धान प्रतिवेदन तयार र प्रकाशन गर्ने। (वर्षमा कम्तीमा २ पटक) | तयार तथा प्रकाशित अध्ययन/ अनुसन्धान प्रतिवेदन संख्या | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | प्रकाशन समिति |
| ९ | नेपाल कानूनहरूको वार्षिक सर्वेक्षण गर्ने। | प्रकाशित वार्षिक कानून सर्वेक्षण संख्या | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |

## रणनीतिक उद्देश्य १.४: नयाँ कानून व्यवसायीहरूको प्रवेश, तालिम, इजाजत तथा क्षमता विकास प्रणालीलाई गुणस्तरीय बनाउनु ।

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | नव प्रवेशी कानून व्यवसायीका लागि पूर्व व्यवसायीक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | सञ्चालित कार्यक्रम संख्या, सहभागी संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |
| २ | अप्रेन्टिस तथा इन्टर्नशिप कार्यविधि विकास गर्ने । | कार्यविधि स्वीकृत | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष २ देखि ३) | परिषद् |
| ३ | बार परीक्षा प्रणालीलाई समयसापेक्ष बनाउने । | संशोधित पाठ्यक्रम/प्रणाली | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | परिषद् / परीक्षा समिति |
| ४ | नव प्रवेशी कानून व्यवसायीका लागि मार्गदर्शन पुस्तिका प्रकाशन गर्ने । | प्रकाशित पुस्तिका | २०८३/०८४ (वर्ष १) | परिषद् |
| ५ | नव प्रवेशी कानून व्यवसायीलाई व्यवसाय शुरु गर्नका लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा अध्ययन गर्ने र प्राप्त सुझाव कार्यान्वयन गर्ने । (अल्पकालीन सहयोग जस्तै: वित्तीय कर्जा, आवश्यक कानूनका पुस्तकहरूको उपलब्धता) | अध्ययन प्रतिवेदन तथा कार्यान्वयन भएका सहायता उपाय संख्या/ लाभान्वित नवप्रवेशी संख्या | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् |
| ६ | नव प्रवेशी कानून व्यवसायीलाई लामो अवधिको प्रशिक्षण सञ्चालन गर्ने । | सञ्चालन भएका विषयगत तालिम संख्या | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |

## रणनीतिक उद्देश्य १.५: समावेशी तथा अन्तर्राष्ट्रिय स्तरका प्रतिस्पर्धी कानून व्यवसायी विकास गर्नु।

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | महिला तथा सीमान्तकृत समुदायका कानून व्यवसायीका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने। (प्रति वर्ष ३ वटा) | सञ्चालन भएका लक्षित कार्यक्रमको प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् / सचिव लयर्स एकेडेमी समिति |
| २ | अन्तर्राष्ट्रिय संस्था तथा बारहरूसँग सहकार्य गर्ने। (कम्तीमा वर्षमा २ वटा) | सम्पन्न सहकार्य संख्या तथा प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ३ | अन्तर्राष्ट्रिय सम्मेलन तथा अवलोकन कार्यक्रम सञ्चालन गर्ने। (कम्तीमा वर्षमा २ वटा) | सहभागी कानून व्यवसायी संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ४ | विदेशी विश्वविद्यालय तथा संस्थासँग प्राज्ञिक साझेदारी विस्तार गर्ने। (कम्तीमा वर्षमा १ वटा) | भएका शैक्षिक साझेदारी (Partnership) संख्या | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ५ | विधिको शासन तथा न्यायिक उत्तरदायित्व सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने। (प्रति वर्ष २ वटा) | आयोजित अन्तरक्रिया/गोष्ठी प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |
| ६ | कानून व्यवसायीहरूलाई उच्च शिक्षा अध्ययन तथा वैदेशिक प्रशिक्षणका लागि सहजीकरण गर्ने। (लैङ्गिक तथा समावेशिताको सिद्धान्त बमोजिम) | लाभान्वित कानून व्यवसायी संख्या तथा लैङ्गिक/ समावेशी सहभागिता विवरण | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |

| | | | | |
|---|---|---|---|---|
| ७ | महिला, दलित, अल्पसंख्यक र सीमान्तकृत वर्गका कानून व्यवसायीको सारभूत सहभागिता अभिवृद्धि गर्ने विषयमा समेत केन्द्रित हुने गरी लैंगिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तयार गर्ने। | GESI नीति स्वीकृत तथा कार्यान्वयन | २०८३/०८४ (वर्ष १) | परिषद् |

## प्राथमिकता २: मर्यादित कानून व्यवसाय

### रणनीतिक उद्देश्य २.१: कानून व्यवसायीको आचारसंहिता, पेशागत नैतिकता तथा अनुशासन प्रणालीलाई प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउनु।

| क्र. सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | आचारसंहिताको पालनाको अवस्थाका बारेमा अनुसन्धानमूलक अध्ययन गर्ने । | आचारसंहिता पालनासम्बन्धी अनुसन्धान प्रतिवेदन | २०८३/०८४ र २०८६/०८७ (वर्ष १ र ४) | अनुशासन समिति |
| २ | आचारसंहिताको पालनाको अनुगमनसम्बन्धी निर्देशिका तर्जुमा गर्ने। | आचारसंहिता अनुगमन निर्देशिका स्वीकृत | २०८३/०८४ (वर्ष १) | परिषद्/ अनुशासन समिति |
| ३ | आचारसंहिता पुनरावलोकन गर्ने। | पुनरावलोकन प्रतिवेदन | २०८३/०८४ र २०८७/०८८ (वर्ष १ र ५) | परिषद् / अनुशासन समिति |
| ४ | आचारसंहिता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। (प्रति वर्ष २ वटा) | कार्यक्रम संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |
| ५ | डिजिटल उजुरी तथा अनुशासन व्यवस्थापन प्रणाली सञ्चालन गर्ने। (वर्ष १/२) | प्रणाली विकास तथा सञ्चालन | २०८३/०८४ देखि २०८४।०८५ (वर्ष १ देखि २) | अनुशासन समिति / सूचना प्रविधि समिति |

| | | | | |
|---|---|---|---|---|
| ६ | अनुशासन सम्बन्धी निर्णयहरूको अभिलेखीकरण तथा प्रकाशन गर्ने। (प्रति वर्ष १ पटक) | अभिलेखीकरण भएका निर्णयहरूको संख्या र प्रकाशन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | सचिवालय |
| ७ | पेशागत नैतिकता सम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने। (प्रति वर्ष २ वटा) | सञ्चालित कार्यक्रम संख्या, सहभागी संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |
| ८ | कानून व्यवसायको अवस्था र सुधारका क्षेत्र विषयमा वार्षिक रुपमा नेपाल कानून व्यवसायी परिषद् र नेपाल वार एशोसिएशनका पदाधिकारीहरूको राष्ट्रिय कार्यशाला आयोजना गर्ने। | आयोजित राष्ट्रिय कार्यशाला संख्या तथा प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |
| ९ | न्याय क्षेत्रमा हुने विकृति तथा विसँगति नियन्त्रण गर्न आवधिक रुपमा सरोकारवालाहरूसँग परामर्श वैठक गरी कानून व्यवसायीको रचनात्मक भूमिका अभिवृद्धि गर्ने। | परामर्श बैठक संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |
| १० | कानून व्यवसायी महिलाहरूको राष्ट्रिय सम्मेलन आयोजना गर्ने। (२ वर्षमा एक पटक) | राष्ट्रिय सम्मेलन संख्या तथा प्रतिवेदन | २०८४/०८५ र २०८७/०८८ (वर्ष २ र ५) | कार्यसम्पादन समिति |

**रणनीतिक उद्देश्य २.२: पेशागत सदाचार, उत्तरदायित्व जवाफदेहिता, पारदर्शिता तथा सेवामुखी व्यावसायिक संस्कृतिको विकास गर्नु।**

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | पेशागत नैतिकता सम्बन्धी तालिम सञ्चालन गर्ने। (प्रति वर्ष ३ वटा) | तालिम प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति |
| २ | उत्कृष्ट पेशागत अभ्यासको पहिचान तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने। (प्रति वर्ष १ कार्यक्रम) | सम्मान कार्यक्रम र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् |

## रणनीतिक उद्देश्य २.३: सेवाग्राहीमैत्री तथा विश्वसनीय कानून व्यवसाय प्रवर्द्धन गर्नु।

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | कानून व्यवसायीको न्यूनतम शुल्क समेतका विषयमा न्यूनतम सेवा मापदण्ड विकास गर्ने। | सेवा मापदण्ड (Service Standards) तर्जुमा | २०८३/०८४ (वर्ष १) | परिषद् |
| २ | सेवाग्राही सन्तुष्टि सर्वेक्षण सञ्चालन गर्ने।<br>(प्रति वर्ष १ वटा) | सन्तुष्टि सर्वेक्षण प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् |
| ३ | नागरिक लक्षित कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने।<br>(प्रति वर्ष २ वटा) | सञ्चालन भएका सचेतना कार्यक्रमको प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |
| ४ | कानून व्यवसायीद्वारा प्रदान गरिने प्रो बोनो (Pro Bono) तथा कानूनी सहायता सेवाको विकास तथा प्रवर्द्धन गर्ने। | प्रो बोनो सेवा दिने कानून व्यवसायी र सेवाग्राही संख्या | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | नेपाल बार एशोसिएशनसँगको समन्वयमा परिषद् |
| ५ | प्रो बोनो (Pro Bono) सेवाको अभिलेख राखी मूल्याङ्कन गर्ने। | प्रो बोनो (Pro Bono) सेवाको अभिलेख | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | सचिवालय |
| ६ | अधिकतम प्रो बोनो (Pro Bono) सेवा दिने २ जना कानून व्यवसायीलाई वार्षिक रुपमा पुरस्कृत गर्ने। | पुरस्कार दिने निर्णय | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् |
| ७ | नि:शुल्क कानूनी सेवाको बारेमा अध्ययन गर्ने। | नि:शुल्क कानूनी सेवासम्बन्धी अध्ययन प्रतिवेदन | २०८३/०८४ (वर्ष १) | नेपाल बार एशोसिएशनसँगको समन्वयमा परिषद् |

| | | | | |
|---|---|---|---|---|
| ८ | असहाय, कमजोर र पीछडिएको वर्ग, अपाङ्गता भएका व्यक्तिलाई कानून सहायताको उपलब्धता सन्दर्भमा आधारभूत सर्वेक्षण गरी प्राप्त नतिजा केन्द्रीय कानूनी सहायता समितिलाई उपलब्ध गराउने। | आधारभूत सर्वेक्षण प्रतिवेदन तथा केन्द्रीय कानूनी सहायता समितिमा उपलब्ध गराएको विवरण | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | परिषद् |
| ९ | स्वेच्छिक नि:शुल्क कानूनी सेवा (प्रो वोनो) र कानूनी सहायता उपलब्ध गराएको अभिलेख सम्बन्धित नेपाल वार एशोसिएशन मार्फत प्राप्त गरी एकीकृत अभिलेख तयार गर्ने। | तयार भएको एकीकृत प्रो बोनो तथा कानूनी सहायता अभिलेख | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | नेपाल बार एशोसिएशनसँगको समन्वयमा परिषद् |
| १० | सार्वजनिक तथा सरोकारका विषयमा कानूनी सचेतना अभिवद्धिका लागि नेपाल वार एशोसिएशन मार्फत कानून व्यावसायीहरूलाई अभियन्ताको रुपमा काम गर्न उत्प्रेरित गर्ने। | अभियन्ताका रूपमा परिचालित कानून व्यवसायी संख्या तथा सचेतना कार्यक्रम प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | नेपाल बार एशोसिएशनसँगको समन्वयमा परिषद् |
| ११ | व्यावसायिक सामाजिक दायित्व निर्वाह तथा सार्वजनिक सरोकारका विषयमा कानून व्यवसायीले गरेको कामको अभिलेख नेपाल वार एशोसिएशन मार्फत समेत प्राप्त गरी एकीकृत विवरण तयार गर्ने। | तयार भएको वार्षिक एकीकृत सामाजिक दायित्व तथा सार्वजनिक सरोकार कार्य विवरण | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | नेपाल बार एशोसिएशनसँगको समन्वयमा परिषद् |

| | | | | |
|---|---|---|---|---|
| १२ | जातीय भेदभाव छुवाछूत र छाउपडी लगायतका सामाजिक कुरीति र विकृतिका विरूद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्ने समेतका लागि समुदायमा कानून व्यवसायी कार्यक्रमका लागि कार्यविधि तयार पार्ने। | समुदायमा कानून व्यवसायी कार्यक्रम कार्यविधि स्वीकृत | २०८३/०८४ (वर्ष १) | नेपाल बार एशोसिएशनसँगको समन्वयमा परिषद् |
| १३ | समुदायमा कानून व्यवसायी कार्यक्रम सञ्चालन गर्ने। | सञ्चालित समुदायमा कानून व्यवसायी कार्यक्रम सम्बन्धी प्रतिवेदन | २०८४/०८५ देखि २०८७/०८८ (वर्ष २ देखि ५) | कार्यसम्पादन समिति |
| १४ | न्यायमा पहुँचको विद्यमान अवस्था र कानून व्यवसायीको भूमिकाको बारेमा विज्ञहरू मार्फत अध्ययन अनुसन्धान गर्ने। | अध्ययन प्रतिवेदन | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | परिषद् |
| १५ | न्यायमा पहुँच अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू संचालन गर्न न्यायमा पहुँच आयोग र नेपाल वार एशोसिशएनसँग समन्वय गर्ने। | समन्वय बैठक तथा संयुक्त रूपमा सञ्चालित कार्यक्रम संख्या | २०८४/०८५ देखि २०८७/०८८ (वर्ष २ देखि ५) | नेपाल बार एशोसिएशनसँगको समन्वयमा परिषद् |
| १६ | न्यायमा पहुँच अभिवृद्धिका लागि कानून व्यवसायीले सहयोग पुऱ्याउन सक्ने सम्भावित क्षेत्रहरू पहिचान गर्ने। (व्यावसायिक लिखत प्रमाणीकरण जस्तै: नियमावली तथा प्रबन्ध पत्र आदि, स्थानीय तह, स्थानीय न्यायिक समिति, व्यापारिक समूह) | प्रतिवेदन | २०८४/०८५ (वर्ष २) | कार्यसम्पादन समिति |

## रणनीतिक उद्देश्य २.४: कानून व्यवसायीको सुरक्षा, मर्यादा तथा हित संरक्षण गर्नु

| क्र. सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | कानून व्यवसायीको सुरक्षा सम्बन्धमा अध्ययन गर्ने । | अध्ययन प्रतिवेदन | २०८३/०८४ (वर्ष १) | कार्यसम्पादन समिति |
| २ | कानून व्यवसायी सुरक्षा सम्बन्धी नीति तर्जुमा गर्ने । | सुरक्षा नीति | २०८४/०८५ (वर्ष २) | परिषद् |
| ३ | कानून व्यवसायीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध हुनका लागि अध्ययन गर्ने । | अध्ययन प्रतिवेदन | २०८३/०८४ (वर्ष १) | कार्यसम्पादन समिति |
| ४ | कल्याणकारी कोष सुदृढीकरण गर्ने । | कल्याणकारी कोषको लाभान्वित कानून व्यवसायी | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् |
| ५ | कानून व्यवसायीका लागि बीमा तथा आपतकालीन सहायता कार्यक्रम सञ्चालन गर्ने । | कार्यक्रमबाट लाभान्वित कानून व्यवसायी संख्या | २०८४/०८५ देखि २०८७/०८८ (वर्ष २ देखि ५) | परिषद् |
| ६ | पेशागत सुरक्षा सम्बन्धी कानूनी व्यवस्था सुधारका लागि पहल गर्ने । | पत्राचार | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् |
| ७ | नेपाल सरकारले निर्धारण गरेको मर्यादाक्रममा कानून व्यवसायीको स्थान बारेमा अध्ययन गर्ने । | अध्ययन प्रतिवेदन | २०८४/०८५ (वर्ष २) | परिषद् |

## प्राथमिकता ३: सूचना तथा प्रविधि

### रणनीतिक उद्देश्य ३.१: डिजिटल प्रशासन तथा अभिलेख प्रणाली विकास गर्नु ।

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | एकीकृत व्यवस्थापन सूचना प्रणाली (MIS) विकास गर्ने ।<br>(i) डिजाईन गर्ने<br>(ii) विकास गर्ने<br>(iii) सञ्चालन गर्ने | MIS प्रणाली विकास तथा सञ्चालन भएको | २०८३/०८४ देखि २०८५/०८६ (वर्ष १ देखि ३) | सूचना प्रविधि समिति |
| २ | ई-कार्यालय र ई-फाइल प्रणाली लागू गर्ने ।<br>(i) तयारी तथा खरिद गर्ने<br>(ii) पूर्ण कार्यान्वयन गर्ने<br>(iii) सुदृढीकरण गर्ने | E-Office तथा ई फाईलिङ प्रणाली | २०८३/०८४ देखि २०८५/०८६ (वर्ष १ देखि ३) | परिषद् / सूचना प्रविधि समिति |
| ३ | डिजिटल अभिलेख व्यवस्थापन प्रणाली स्थापना गर्ने ।<br>(i) तयारी गर्ने<br>(ii) खरिद गर्ने<br>(iii) सञ्चालन गर्ने | डिजिटाइज अभिलेखहरू | २०८३/०८४ देखि २०८५/०८६ (वर्ष १ देखि ३) | परिषद् / सूचना प्रविधि समिति |
| ४ | कानून व्यवसायीको एकीकृत डिजिटल प्रोफाइल तथा राष्ट्रिय डाटाबेस निर्माण गर्ने ।<br>(i) निर्माण तथा तयारी गर्ने<br>(ii) खरिद गर्ने<br>(iii) सञ्चालन गर्ने | डिजिटल तथा राष्ट्रिय डाटाबेस | २०८३/०८४ देखि २०८५/०८६ (वर्ष १ देखि ३) | परिषद् / सूचना प्रविधि समिति |
| ५ | परिषद्का समितिहरूका निर्णयहरूको विधुतीय अभिलेखीकरण गर्ने । | विधुतीय अभिलेखीकरण | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् / सूचना प्रविधि समिति |
| ६ | ई-एडभोकेट एकीकृत सफ्टवेयर निर्माण गर्ने । | सफ्टवेयर निर्माण तथा सञ्चालन | २०८३/०८४ देखि २०८५/०८६ (वर्ष १ देखि ३) | सूचना प्रविधि समिति |

| | | | | |
|---|---|---|---|---|
| ७ | परिषदको वेबसाइटको स्तरोन्नती गर्न तथा मोबाइल एपको विकास गर्ने | वेबसाइटको स्तरोन्नती / मोबाइल एप निर्माण | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति / सूचना प्रविधि समिति |

## रणनीतिक उद्देश्य ३.२: कानून व्यवसायीको दर्ता तथा इजाजत प्रणाली आधुनिकिकरण गर्नु

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | अनलाइन दर्ता तथा नवीकरण प्रणाली सञ्चालन गर्ने। (i) प्रणाली विकास गर्ने (ii) पूर्ण सञ्चालन गर्ने | प्रणाली सञ्चालन | २०८३/०८४ देखि २०८५/०८६ (वर्ष १ देखि २) | सूचना प्रविधि समिति |
| २ | QR आधारित परिचयपत्र प्रणाली लागू गर्ने। (i) डिजाईन गर्ने (ii) पूर्ण सञ्चालन गर्ने | QR Code सहितको परिचयपत्र | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | सूचना प्रविधि समिति |
| ३ | कानून व्यवसायीको डिजिटल प्रोफाइल निर्माण गर्ने। (i) डिजाईन गर्ने (ii) पूर्ण सञ्चालन गर्ने | कानून व्यवसायीको डिजिटल प्रोफाइल | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | सूचना प्रविधि समिति |
| ४ | विद्युतीय अभिलेख प्रणाली स्थापना गर्ने। | अभिलेख प्रणाली स्थापना | २०८४/०८५ देखि २०८६/०८७ (वर्ष २ देखि ४) | सूचना प्रविधि समिति |

## रणनीतिक उद्देश्य ३.३: डिजिटल पुस्तकालय तथा ज्ञान व्यवस्थापन प्रणाली विकास गर्नु

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | ई-पुस्तकालय स्थापना गर्ने। (i) प्रणाली डिजाइन गर्ने (ii) सञ्चालन गर्ने | ई-पुस्तकालय प्रणाली स्थापना तथा सञ्चालन | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | सूचना प्रविधि समिति / पुस्तकालय व्यवस्थापन समिति |

| | | | | |
|---|---|---|---|---|
| २ | डिजिटल कानूनी स्रोत भण्डार निर्माण गर्ने ।<br>(i) भण्डार निर्माण गर्ने<br>(ii) सञ्चालन गर्ने | डिजिटल कानूनी स्रोत भण्डार निर्माण | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | सूचना प्रविधि समिति / पुस्तकालय व्यवस्थापन समिति |
| ३ | वेविनार तथा अनलाइन शिक्षण प्लेटफर्म सञ्चालन गर्ने । | कार्यक्रम संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति/सूचना प्रविधि समिति |
| ४ | खुला पहुँचयुक्त सिकाइ सामग्री (Open Access Learning Materials) विकास गर्ने । | अध्ययन सामग्री, भिडियो, मोड्युल तथा ई-स्रोत सामग्री संख्या | २०८४।०८५ देखि २०८७/०८८ (वर्ष २ देखि ५) | लयर्स एकेडेमी समिति/सूचना प्रविधि समिति |
| ५ | कानून तथा न्याय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रकाशनसँग विद्युतीय माध्यमबाट (सब्सक्राइव) आवद्ध हुने । (जस्तै: Casemaker / Casetext / Lexisnexis) | सब्सक्राइब/आबद्ध भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विद्युतीय कानूनी स्रोत संख्या | २०८४/०८५ देखि २०८७/०८८ (वर्ष २ देखि ५) | सूचना प्रविधि समिति/ पुस्तकालय व्यवस्थापन समिति |

### रणनीतिक उद्देश्य ३.४: एआई (कृतिम वुद्धिमता) तथा आधुनिक कानूनी प्रविधिको उपयोग बढाउनु

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | एआई (कृत्रिम वुद्धिमता) सम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>(i) पाठ्यक्रम निर्माण गर्ने<br>(ii) तालिम सञ्चालन गर्ने<br>• Generative AI in Legal Practice<br>• AI Ethics and Responsible Use<br>• AI-assisted Legal Research<br>• Legal Drafting using AI Tools<br>• AI and Access to Justice<br>• Data Privacy and AI Governance | तालिम संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति / सूचना प्रविधि समिति |

| | | | | |
|---|---|---|---|---|
| २ | साईवर कानून तथा डाटा संरक्षण सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने।<br>(i) पाठ्क्रम निर्माण गर्ने<br>(i) तालिम सञ्चालन गर्ने | प्रशिक्षण कार्यक्रम संख्या र प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | लयर्स एकेडेमी समिति / सूचना प्रविधि समिति |
| ३ | डिजिटल कानूनी अनुसन्धान प्रणाली विकास गर्ने। | डिजिटल कानूनी अनुसन्धान प्रणाली विकास | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | सूचना प्रविधि समिति / लयर्स एकेडेमी समिति |
| ४ | कानूनी प्रविधि विकास तथा नवप्रवर्तन कार्यक्रम (Legal Tech Innovation Program) सञ्चालन गर्ने।<br>(i) पाठ्क्रम निर्माण गर्ने<br>(i) तालिम सञ्चालन गर्ने | सञ्चालन भएका Innovation Program संख्या तथा सहभागी | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | सूचना प्रविधि समिति / लयर्स एकेडेमी समिति |

**रणनीतिक उद्देश्य ३.५ साइबर सुरक्षा तथा डेटा संरक्षण सुनिश्चित गर्नु।**

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | साइबर सुरक्षा मापदण्ड लागू गर्ने। | मापदण्ड | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | परिषद् |
| २ | नियमित सुरक्षा परीक्षण (Security Audit) गर्ने। | प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |
| ३ | डाटा सेन्टरको स्थापना गर्ने। | डाटा सेन्टर स्थापना | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् / सूचना प्रविधि समिति |

## प्राथमिकता ४: संस्थागत सुदृढीकरण

### रणनीतिक उद्देश्य ४.१: संगठनात्मक संरचना तथा प्रशासनिक प्रणाली सुदृढीकरण गर्नु।

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | परिषदको ऐन संशोधन कार्यलाई पुन: अगाडी वढाउने | परिषदको ऐन संशोधनका लागी पत्राचार | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् |
| २ | संगठन तथा व्यवस्थापन (O&M) कार्यान्वयन गर्ने। | O&M सिफारिसहरू कार्यान्वयन | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | परिषद् |
| ३ | संगठन संरचना पुनरावलोकन गर्ने। | पुनरावलोकन प्रतिवेदन | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | परिषद् |
| ४ | प्रदेशस्तरीय कार्यालय स्थापना गर्ने। | प्रदेश कार्यालयहरूको स्थापना | २०८४।०८५ (वर्ष २) | परिषद् |
| ५ | परिषदका कर्मचारीको कार्यविवरण (Job Description) अद्यावधिक गर्ने। | अद्यावधिक कार्यविवरण | २०८३/०८४ (वर्ष १) | सचिव |
| ६ | कानून व्यवसायी प्रतिष्ठानको भवन निर्माणार्थ जग्गा प्राप्तिका लागि पहल गर्ने। | पत्राचार/समन्वय बैठक | २०८३/०८४ देखि २०८५/०८६ (वर्ष १ देखि ३) | परिषद् |
| ७ | कानून व्यवसायी प्रतिष्ठानको भवन निर्माणको गुरूयोजना तर्जुमा गर्ने। | भवन निर्माण गुरुयोजना स्वीकृत | २०८६/०८७ (वर्ष ४) | परिषद् |
| ८ | परिषद् भवनको विमा गर्ने | बीमा प्रलेख | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् / कार्य सम्पादन समिति |

## रणनीतिक उद्देश्य ४.२: मानव संसाधन व्यवस्थापन तथा कार्यसम्पादन प्रणाली सुदृढ गर्नु।

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | मानव संसाधन विकास सम्बन्धी दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने। | मानव संसाधन विकास नीति तथा योजना तर्जुमा | २०८३/०८४ (वर्ष १) | परिषद् |
| २ | कानून व्यवसायी एवम् परिषद्का कर्मचारीका लागि तालिमको आवश्यता पहिचान सहित तालिम योजना निर्माण गरी कार्यान्वयन गर्ने। | तालिम योजना निर्माण र कार्यान्वयन | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | कार्यसम्पादन समिति/ लयर्स एकेडेमी समिति |
| ३ | कर्मचारीहरूको क्षमता विकासका लागि प्रशिक्षण दिने। | प्रशिक्षण प्रतिवेदन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |
| ४ | नेतृत्व विकास तथा उत्तराधिकार योजना (Succession Plan) लागू गर्ने। | नेतृत्व विकास तथा उत्तराधिकार योजना निर्माण तथा कार्यान्वयन | २०८३/०८४ देखि २०८६/०८७ (वर्ष १ देखि ३) | परिषद् |

## रणनीतिक उद्देश्य ४.३: वित्तीय व्यवस्थापन तथा स्रोत परिचालन सुदृढ गर्नु।

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS) लागू गर्ने। | वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS) निर्माण तथा कार्यान्वयन | २०८३/०८४ देखि २०८४/०८५ (वर्ष १ देखि २) | परिषद् |
| २ | योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत सुनिश्चितताका लागि उपर्युक्त वित्तीय स्रोत पहिचान र परिचालन गर्ने। | स्रोत पहिचान, प्राप्ती र परिचालन | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् |

| | | | | |
|---|---|---|---|---|
| ३ | आर्थिक प्रशासन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्ने। | आर्थिक प्रशासन तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ हुने | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | कार्यसम्पादन समिति |

**रणनीतिक उद्देश्य ४.४: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्नु।**

| क्र.सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | न्यायपालिका, कानून मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एशोसिएशन तथा विश्वविद्यालयहरूसँग नियमित समन्वय गर्ने। | समन्वय बैठक/ निर्णय | प्रत्येक आ.व. को भाद्र महिना | परिषद् |
| २ | अन्तर्राष्ट्रिय बार तथा कानूनी संस्थासँग सहकार्य गरी आवश्यक समझदारी गर्ने। | MoU/ सम्झौताहरू | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् / अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ३ | अन्तर्राष्ट्रिय सञ्जालमा संस्थागत सहभागिता बढाउने। | सहभागिता | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् / अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ४ | अन्य मुलुकका वार काउन्सिलसँग भगिनी सम्बन्ध स्थापना गर्ने। | भगिनी सम्बन्ध स्थापना | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् / अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ५ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थासँग सहकार्यका लागि समन्वय र सम्पर्क स्थापना गर्ने। | पत्राचार आदान प्रदान | २०८३/०८४ देखि २०८७/०८८ (वर्ष १ देखि ५) | परिषद् / अन्तर्राष्ट्रिय सम्बन्ध समिति |

**रणनीतिक उद्देश्य ४.५: योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्नु**

| क्र. सं. | मुख्य क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | अन्तिम जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन समिति गठन गर्ने। | रणनीतिक योजनाको कार्यान्वयन समिति गठन | २०८३ साउन ०७ गते भित्र | परिषद् |

| | | | | |
|---|---|---|---|---|
| २ | दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्य योजना सम्बन्धित सरोकारवालाहरूमा योजना सम्प्रेषण सहित लागू गर्ने। | स्वीकृत वार्षिक कार्ययोजना | प्रत्येक आ.व. को साउन १५ गते भित्र | योजना कार्यान्वयन समिति |
| ३ | योजनाको वार्षिक समीक्षा गर्ने। | समीक्षा प्रतिवेदन | प्रत्येक आ.व. को साउन मसान्त भित्र | योजना कार्यान्वयन समिति / परिषद् |
| ४ | योजनाको आधा अवधि व्यतित भएपश्चात सो अवधिसम्मको योजना कार्यान्वयन अवस्थाको सम्बन्धमा मध्यावधि समीक्षा गर्ने। | मध्यावधि समिक्षा प्रतिवेदन | २०८६ माघ | योजना कार्यान्वयन समिति / परिषद् |
| ५ | योजना कार्यान्वयनको अन्तिम वर्षमा योजनाको अन्तिम मूल्याङ्कन गर्ने। | मूल्याङ्कन प्रतिवेदन | २०८८ असार | योजना कार्यान्वयन समिति / परिषद् |
| ६ | तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गर्ने। | योजना तर्जुमा | २०८७ पौष देखि २०८८ असार | परिषद् |

## ५. ४ रणनीतिक योजना कार्यान्वयन प्रक्रिया

रणनीतिक योजना कार्यान्वयनलाई प्रभावकारी, परिणाममूखी तथा उत्तरदायी बनाउन स्पष्ट कार्यान्वयन प्रक्रिया अवलम्बन गरिनेछ। योजनामा समावेश गरिएका प्राथमिकता क्षेत्र, रणनीतिक उद्देश्य तथा कार्यक्रमहरूलाई चरणबद्ध रूपमा कार्यान्वयन गर्दै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग सुनिश्चित गरिनेछ।

कार्यक्रम कार्यान्वयनका लागि वार्षिक कार्ययोजना तयार गरी जिम्मेवार निकाय तथा पदाधिकारी तोकिनेछ। सोअनुसार कार्यसम्पादन सूचकका आधारमा नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा प्रणाली लागू गरिनेछ। यस प्रक्रियामा सरोकारवाला निकायसँग समन्वय, डिजिटल प्रणालीको प्रयोग, समयमै प्रतिवेदन प्रस्तुतिकरण तथा सुधारात्मक उपायहरूको अवलम्बनलाई प्राथमिकता दिइनेछ। यसरी रणनीतिक योजनालाई चरणबद्ध, मापनयोग्य तथा संस्थागत रूपमा कार्यान्वयन गर्दै अपेक्षित परिणाम हासिल गर्ने व्यवस्था गरिनेछ।

### ५. ४.१ कार्य र कार्यक्रमहरूको प्राथमिकीकरण तथा कार्यतालिका

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्य तथा कार्यक्रमहरूको स्पष्ट

प्राथमिकीकरण गरी चरणबद्ध कार्यतालिका तयार गरिनेछ । सीमित स्रोत साधनलाई ध्यानमा राख्दै अत्यावश्यक, उच्च प्रभावकारी तथा तत्काल परिणाम दिने कार्यक्रमहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ । कार्यक्रमहरूको प्रकृति, महत्व, स्रोत आवश्यकता तथा अपेक्षित परिणामका आधारमा अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन कार्ययोजना निर्धारण गरिनेछ । सो अनुसार प्रत्येक कार्यक्रमको स्पष्ट समयसीमा, जिम्मेवार निकाय तथा कार्यसम्पादन सूचक तोकिनेछ ।

यस प्रक्रियाले कार्यान्वयनमा अनुशासन, पारदर्शिता, परिणाममूखी तथा उत्तरदायित्व सुनिश्चित गर्दै रणनीतिक योजनालाई व्यवस्थित रूपमा अगाडि बढाउन सहयोग पुऱ्याउनेछ ।

### ५. ४.२ वार्षिक कार्य योजना तयारी

रणनीतिक योजनालाई व्यवहारमा रूपान्तरण गर्न प्रत्येक आर्थिक वर्षका लागि विस्तृत वार्षिक कार्य योजना तयार गरिनेछ । यस योजनामा प्राथमिकता क्षेत्र, रणनीतिक उद्देश्य तथा क्रियाकलापहरूलाई वार्षिक लक्ष्य, क्रियाकलाप, कार्यसम्पादन सूचक, समयसीमा, बजेट र जिम्मेवार निकायसहित स्पष्ट रूपमा समेटिनेछ ।

वार्षिक कार्य योजना तयार गर्दा उपलब्ध स्रोत साधन, संस्थागत क्षमता, कार्यभारको प्राथमिकता तथा अपेक्षित परिणामलाई आधार लिइनेछ । साथै सरोकारवाला निकायसँग समन्वय गरी यथार्थपरक, कार्यान्वयनयोग्य तथा मापनयोग्य योजना निर्माण गरिनेछ । यस प्रक्रियाले रणनीतिक योजना कार्यान्वयनलाई नियमित, व्यवस्थित तथा परिणाममुखी बनाउँदै संस्थागत उत्तरदायित्व र पारदर्शिता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

### ५.४.३ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन

यो रणनीतिक योजनाको कार्यान्वयन अवधि आ.व. २०८३/०८४ देखि प्रारम्भ भई आ.व. २०८७/०८८ सम्म रहनेछ । प्रत्येक आर्थिक वर्षका लागि वार्षिक कार्य योजना तर्जुमा गरी सोही आधारमा समग्र रणनीतिक योजनाको क्रमबद्ध कार्यान्वयन गरिनेछ ।

यस रणनीतिक योजना कार्यान्वयनको प्रमुख जिम्मेवारी नेपाल कानून व्यवसायी परिषदमा निहित रहनेछ । योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित, आवधिक तथा परिणाममूखी अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ ।

### ५. ४.४ योजना कार्यान्वयन अनुगमन र मूल्याङ्कन संयन्त्र

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि स्पष्ट, संस्थागत र बहुस्तरीय संयन्त्र स्थापना गरिनेछ । यस संयन्त्रले योजना कार्यान्वयनलाई परिणाममुखी, पारदर्शी तथा उत्तरदायी बनाउन सहयोग गर्नेछ ।

यस प्रयोजनका लागि नेपाल कानून व्यवसायी परिषद् अन्तर्गत सम्बन्धित विषयगत समिति, प्रशासनिक संरचना तथा प्राविधिक इकाइहरूको सक्रिय सहभागितामा समन्वयात्मक कार्य प्रणाली अवलम्बन गरिनेछ। योजना कार्यान्वयनको नियमित अनुगमन, आवधिक समीक्षा तथा प्रभाव मूल्याङ्कनका लागि स्पष्ट जिम्मेवारी, प्रतिवेदन प्रणाली तथा सूचक निर्धारण गरिनेछ। प्राप्त प्रतिवेदनका आधारमा आवश्यक सुधारात्मक कदमहरू समयमै अपनाइनेछ। यस संयन्त्रमार्फत रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै संस्थागत दक्षता, सुशासन तथा परिणाममुखीता अभिवृद्धि गरिनेछ। योजना कार्यान्वयनको अनुगमन र मूल्याङ्कनका लागि मुख्यत: निम्न संयन्त्र रहनेछ।

**योजना कार्यान्वयन समिति**

योजनाको प्रभावकारी कार्यान्वयनका लागि परिषदबाट देहायबमोजिमको ५ सदस्यीय योजना कार्यान्वयन समिति गठन गरिनेछ। सो समितिको काम कर्तव्य र अधिकार परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

| | |
|---|---|
| परिषद्का उपाध्यक्ष | संयोजक |
| परिषद्ले तोकेका पार्षद्हरू ३ जना | सदस्य |
| नेपाल कानून व्यवसायी परिषद्का सचिव | सदस्य सचिव |

### ५. ४.५ योजना कार्यान्वयनको प्रतिवेदन पद्धति

योजना कार्यान्वयन समितिले रणनीतिक योजना कार्यान्वयनको प्रगति, उपलब्धि तथा चुनौतीहरूको निरन्तर अभिलेखीकरण र विश्लेषणका लागि स्पष्ट र व्यवस्थित प्रतिवेदन पद्धति अवलम्बन गरी योजना कार्यान्वयनलाई पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। यस अन्तर्गत प्रत्येक क्रियाकलापको कार्यसम्पादन प्रगति संकलन, विश्लेषण तथा अभिलेखीकरण गरिनेछ। वार्षिक आधारमा प्रगति प्रतिवेदन तयार गरी परिषद्मा प्रस्तुत गरिनेछ।

नेपाल कानून व्यवसायी परिषद् अन्तर्गतका सम्बन्धित समिति, शाखा तथा जिम्मेवार पदाधिकारीहरूले निर्धारित ढाँचामा योजना कार्यान्वयन समितिलाई प्रगति विवरण उपलब्ध गराउने छन्। सोही विवरणका आधारमा समग्र योजनाको समीक्षा, सुधार तथा आवश्यक निर्णय प्रक्रिया अघि बढाइनेछ। यस प्रतिवेदन पद्धतिले योजना कार्यान्वयनमा एकरूपता, सूचनामा आधारित निर्णय प्रक्रिया तथा संस्थागत जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ।

### ५. ४.६ योजनाको मध्यावधि मूल्याङ्कन र तेस्रो योजनाको तर्जुमा

योजनाको आधा समय अर्थात करिव २ वर्ष ६ महिना पछि आ.व. २०८५/०८६ को मध्य

समय अर्थात २०८५ माघ महिना भित्र विज्ञ समूहबाट मध्यावधि अनुगमन तथा मूल्याङ्कन गरिने छ। यसै गरि यस योजनाको अन्तिम वर्षको अर्थात आ.व. २०८७/०८८ को अन्त्यमा विज्ञ समूहबाट समग्र योजनाको प्रभाव मूल्याङ्कन गरि तेश्रो योजना तर्जुमा गरिने छ।

योजनाद्वारा निर्धारित प्राथमिकता, रणनीतिक उद्देश्य तथा क्रियाकलाप र सोको कार्यसम्पादन सूचक अनुसार प्राप्त परिमाणात्मक नतिजालाई संख्या वा प्रतिशतमा उल्लेख गरिनेछ। संख्यामा उल्लेख गर्न नसकिने गुणात्मक नतिजाको अवस्थालाई प्राप्त उपलब्धि, कार्य सम्पादनस्तरमा ल्याएको सुधारका साथै निर्धारित रणनीतिक उद्देश्य प्राप्ती भए/नभएको आधारमा देहायबमोजिम परिमाणात्मक र गुणात्मक उपलब्धिका आधारमा मूल्याङ्कन गरिने छ। मूल्याङ्कन सम्बन्धी तालिका तल उल्लेख गरिएको छ।

**मूल्याङ्कन सम्बन्धी तालिका**

तालिका नं. ९

| **गुणात्मक** | **शतप्रतिशत कार्य सम्पन्न भएको** | **अधिकांश कार्य सम्पन्न भएको** | **अधिक कार्य सम्पन्न** | **आंशिक कार्य सम्पन्न भएको** | **कार्य प्रारम्भ मात्र भएको/ कार्य प्रारम्भ नभएको** |
|---|---|---|---|---|---|
| परिमाणात्मक | (१००%) | (८०- ९९%) ८०% | (६०-७९%) ६०% | (२०- ५९ %) ४०% | (१- १९%) २०% |
| अंक भार | ५ | ४ | ३ | २ | १ |

# परिच्छेद छ

**रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक बजेट प्रक्षेपण**

## ६.१ परिचय

रणनीतिक योजनाको सफल कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतहरूको यथार्थपरक अनुमान, प्रक्षेपण तथा व्यवस्थापन अत्यावश्यक हुन्छ। योजनामा निर्धारण गरिएका प्राथमिकता क्षेत्र, रणनीतिक उद्देश्य तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेटको पहिचान, स्रोतगत विश्लेषण र विनियोजन सम्बन्धी स्पष्ट ढाँचा तयार गरिनेछ।

यस बजेट प्रक्षेपणले उपलब्ध आन्तरिक तथा बाह्य स्रोतहरूको अधिकतम उपयोग गर्दै कार्यक्रमगत प्राथमिकताका आधारमा स्रोत विनियोजन गर्ने लक्ष्य लिएको छ। साथै कार्यान्वयनका क्रममा वित्तीय अनुशासन, पारदर्शिता, मितव्ययिता तथा उत्तरदायित्व सुनिश्चित गर्ने आधारसमेत प्रदान गर्नेछ। यसरी रणनीतिक योजनालाई वित्तीय रूपमा दिगो, कार्यान्वयनयोग्य तथा परिणाममुखी बनाउन बजेट प्रक्षेपण महत्वपूर्ण आधारका रूपमा रहनेछ।

## ६.२ रणनीतिक योजनाको अनुमानित बजेट

परिषद्को नियमित कार्यालय सञ्चालन खर्चहरू तलव भत्ता, मसलन्द, सञ्चार, ईन्धन र प्रकाशन लगायतका खर्चहरू बाहेक रणनीतिक योजनाले निर्धारित गरेका लक्ष्यहरू प्राप्तिका लागि प्रक्षेपण गरेका रणनीतिक उद्देश्य बमोजिमका क्रियाकलापहरूको कार्यान्वयनका लागि कूल ३२ करोड १२ लाख १७ हजार आवश्यक पर्ने अनुमान गरिएको छ। उल्लेखित बजेट मध्ये पहिलो वर्ष ८ करोड ६९ लाख ९९ हजार, दोस्रो वर्ष ६ करोड ७० लाख ४९ हजार, तेस्रो वर्ष ५ करोड ७० लाख ८४ हजार, चौथो वर्ष ५ करोड ४४ लाख ७४ हजार र पाचौँ वर्ष ५ करोड ५६ लाख ९ हजार खर्च हुने अनुमान गरिएको छ।

योजनाले नियमित बजेटका अतिरिक्त योजनामा समावेश भएका कार्यक्रमहरू कार्यान्वयनको लागि अतिरिक्त वजेटको आवश्यकता पर्दछ। प्रस्तुत योजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेटको व्यवस्था मौजुदा आर्थिक स्रोत र साधनबाट सम्भव देखिदैन। अतिरिक्त बजेटको व्यवस्थापनका लागि वाह्य र आन्तरिक तवरबाट गर्न सकिन्छ। यसका लागि आन्तरिक रुपमा परिषदबाट सञ्चालन हुने कुनै पनि कार्यक्रममा सहभागी कानून व्यवसायीहरूवाट न्यूनतम रकम दर्ता शुल्कको रूपमा लिएर स्रोत अभिबृद्धि सकिन्छ भने वैदेशिक अध्ययन भ्रमण वा कार्यक्रममा सहभागी हुने सहभागीबाट पनि केही रकम परिषद्ले सहभागिता शुल्कको रुपमा लिन सक्ने व्यवस्था गर्न पनि सकिन्छ। यसै गरि विधायिकी पूर्व परीक्षण (Post Legislation Scrutiny) उपरोक्त विषयहरूका सम्बन्धमा अब बन्ने प्रशिक्षण नीतिमा नै समावेश गरी कार्यान्वयन गर्न सकिन्छ । यसका साथै परिषदबाट प्रकाशन हुने प्रकाशनहरूलाई विक्री वितरणमार्फत पनि आर्थिक स्रोत जुटाउन सकिन्छ। अझ कतिपय क्रियालकलापहरू राष्ट्र संघीय निकायको सहकार्य मार्फत पनि कार्यान्वयन हुन सक्ने कार्यक्रमहरू पनि रहेका छन्। यसका लागि परिषद्ले त्यस्ता साझेदार संस्थासँग सम्पर्क एवम् समन्वयमार्फत कार्यान्वयन गर्ने प्रयास गर्नु पर्दछ।

रणनीतिक योजना लागि आवश्यक पर्ने अनुमानित बजेटको सारांश तलको तालिकामा समावेश गरिएको छ ।

## रणनीतिक योजनाको अनुमानित बजेटको सारांश

**तालिका नं. १०**

**रु. हजारमा**

| क्र. सं. | विवरण | आर्थिक वर्ष | | | | | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| | | (२०८३/०८४) | (२०८४/०८५) | (२०८५/०८६) | (२०८६/०८७) | (२०८७/०८८) | (२०८३/०८४) देखि (२०८७/०८८) |
| प्राथमिकता १: | सक्षम कानून व्यवसायी | ३८,२०१ | ३३,७१६ | ३४,४११ | ३२,४३१ | ३४,४११ | १७३,१७० |
| प्राथमिकता २: | मर्यादित कानून व्यवसाय | २८,५४५ | १७,४७० | ११,६१० | १५,७९० | १४,१६० | ८७,५७५ |
| प्राथमिकता ३: | सूचना तथा प्रविधि | ८,३९३ | ८,३८३ | ६,५८३ | ३,८३३ | ३,८३३ | ३१,०२७ |
| प्राथमिकता ४: | संस्थागत सुदृढीकरण | ११,८६० | ७,४८० | ४,४८० | २,४२० | ३,२०५ | २९,४४५ |
| | **जम्मा** | ८६,९९९ | ६७,०४९ | ५७,०८४ | ५४,४७४ | ५५,६०९ | ३२१,२१७ |

**नोट:** बजेटको पूर्ण विवरण अनुसूची ८ मा समावेश गरिएको छ ।

# परिच्छेद सात

## जोखिम विश्लेषण तथा न्यूनीकरण योजना

### ७.१ परिचय

तत्कालीन अवस्था र आवश्यकताको आधारमा सिङ्गो योजना तर्जुमा गरिएको हुन्छ । योजनाका रणनीति तथा कार्यक्रमहरू पनि सोही बमोजिम निर्धारण गरिएको हुन्छ। केही रणनीतिहरू त्यस्ता हुन्छन् जसको कार्यान्वयन केही स्रोत साधनको उपलब्धतामा भर पर्दछ। स्रोत साधनको अभावमा कार्यान्वयन गर्न नसकिने जोखिमको सम्भावना हुन सक्छ । अत यो योजना कार्यान्वयन अवधिमा के कस्ता जोखिमहरू आउन सक्छन् र ती जोखिमको प्रभाव कस्तो हुन सक्छ, उक्त जोखिमलाई कसरी न्यूनीकरण गर्ने भन्ने बारेमा विश्वेषण गरी न्यूनीकरण सम्बन्धी योजना तयार गरिएको छ। प्रस्तुत योजना तर्जुमाको क्रममा गरिएको आन्तरिक तथा बाह्य कार्य वातावरण समेतको विश्लेषण समेतका आधारमा पहिचान गरिएका जोखिम तथा चुनौतीहरू र सोको समाधानका उपायहरू यस प्रकार छन्।

### ७.२ योजनाको जोखिम विश्लेशण

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका क्रममा विभिन्न आन्तरिक तथा बाह्य जोखिमहरू उत्पन्न हुन सक्ने सम्भावना रहन्छ । यस्ता जोखिमहरूले योजनाको लक्ष्य, कार्यक्रम तथा अपेक्षित परिणाम प्राप्तिमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्न सक्ने भएकाले जोखिमहरूको समयमै पहिचान, विश्लेषण तथा व्यवस्थापन आवश्यक हुन्छ।

नेपाल कानून व्यवसायी परिषद्को रणनीतिक योजना कार्यान्वयनका सन्दर्भमा वित्तीय स्रोतको सीमितता, संस्थागत क्षमता अभाव, नीतिगत अस्थिरता, प्रविधिगत चुनौती, सरोकारवालाबीच समन्वयको कमी तथा बढ्दो सेवा अपेक्षा जस्ता जोखिमहरू देखिन सक्छन्। त्यसैगरी कानून व्यवसायीहरूको बढ्दो संख्या, डिजिटल प्रणाली कार्यान्वयनमा प्राविधिक अवरोध, पेशागत अनुशासन कार्यान्वयनमा चुनौती, रणनीतिक योजनाप्रति सरोकारवालाको अपर्याप्त अपनत्व तथा मानव स्रोत व्यवस्थापनसम्बन्धी समस्या समेत सम्भावित जोखिमका रूपमा रहेका छन्।

यसका अतिरिक्त प्राकृतिक विपद्, महामारी, आर्थिक अस्थिरता, कानूनी तथा नीतिगत परिवर्तन तथा साइबर सुरक्षा सम्बन्धी जोखिमहरूले समेत योजना कार्यान्वयनमा प्रभाव पार्न सक्ने अवस्था रहन्छ। यस कारण सम्भावित जोखिमहरूको नियमित समीक्षा गर्दै जोखिम न्यूनीकरण रणनीति अवलम्बन गरिनेछ र आवश्यकतानुसार सुधारात्मक तथा वैकल्पिक उपायहरू कार्यान्वयन गरिनेछ।

### ७.३ योजनाका सम्भावित जोखिमहरू

रणनीतिक योजनाको कार्यान्वयनका क्रममा आन्तरिक तथा बाह्य वातावरणबाट विभिन्न प्रकारका जोखिमहरू उत्पन्न हुन सक्ने सम्भावना रहन्छ। यस्ता जोखिमहरूले योजनाको प्रभावकारी कार्यान्वयन, लक्ष्य प्राप्ति तथा अपेक्षित उपलब्धिमा प्रतिकूल असर पार्न सक्ने भएकाले समयमै पहिचान तथा

व्यवस्थापन आवश्यक देखिन्छ। नेपाल कानून व्यवसायी परिषद्को रणनीतिक योजना कार्यान्वयनसँग सम्बन्धित सम्भावित जोखिमहरू निम्नानुसार रहेका छन्–

- आवश्यक बजेट तथा वित्तीय स्रोतको अभाव वा अनिश्चितता।
- दक्ष मानव स्रोत तथा संस्थागत क्षमताको कमी।
- नीतिगत अस्थिरता तथा आवश्यक कानूनी सुधार प्रक्रियामा ढिलाइ।
- प्रविधि कार्यान्वयनमा प्राविधिक जटिलता तथा साइबर सुरक्षा जोखिम।
- कानून व्यवसायीहरूको बढ्दो संख्या अनुरूप प्रभावकारी नियमनमा कठिनाइ।
- पेशागत आचारसंहिता तथा अनुशासन कार्यान्वयनमा चुनौती।
- रणनीतिक योजनाप्रति सरोकारवालाको अपर्याप्त अपनत्व।
- संघीय, प्रादेशिक तथा अन्य सरोकारवाला निकायसँग समन्वयको कमी।
- परिवर्तनप्रति प्रतिरोध तथा संस्थागत सुधार प्रक्रियामा ढिलाइ।
- सेवा प्रवाहप्रति बढ्दो सार्वजनिक अपेक्षा पूरा गर्न कठिनाइ।
- प्राकृतिक विपद्, महामारी वा आकस्मिक संकटजन्य अवस्था
- अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा सञ्चालन हुन नसक्ने जोखिम।
- अन्तर्राष्ट्रिय अभ्यास तथा प्रविधिगत परिवर्तनसँग समयानुकूल अनुकूलन हुन नसक्ने अवस्था।

यस प्रकारका जोखिमहरूको समयमै पहिचान, विश्लेषण तथा न्यूनीकरणका लागि उपयुक्त रणनीति अवलम्बन गरिनेछ।

### ७.३.१ प्रक्षेपित कार्यक्रम अनुसारको आर्थिक स्रोतको उपलव्धता

रणनीतिक योजनाको कार्यान्वयन पर्याप्त बजेट विना सम्भव हुदैन। योजनामा रहेका अधिकांश कार्यक्रमहरू सञ्चालन गर्न बजेटको आवश्यक हुन्छ। त्यसै गरि केही कार्यक्रम कार्यान्वयका लागि भौतिक पूर्वाधारहरूको निर्माणका लागि समेत बजेट उपलब्धता हुनु पर्दछ। यस योजनाले पनि प्रक्षेपण गरेको बजेट प्राप्त हुने अपेक्षा गरिएको छ। परिषद्को आर्थिक स्थिति, बजेट बाँडफाँडको आधार र प्रक्रियाले बजेट विनियोजनमा असर पार्न सक्ने हुँदा यस विषयलाई प्रस्तुत योजना कार्यान्वयनको जोखिमको प्रमुख विषयका रुपमा पहिचान गरिएको छ।

प्रस्तुत योजनाले प्रक्षेपण गरेको बजेट लगायतको स्रोत साधनको सुनिश्चितताका लागि परिषद्ले आवश्यक पहल गर्नेछ। नियमित बजेट स्रोतका अतिरिक्त परिषद्ले योजनाका केही रणनीति प्राथमिकताको आधारमा कार्यान्वयनका लागि सहकार्यको सम्भावना खोजी गर्नेछ।

### ७.३.२ आवश्यक जनशक्तिको आपूर्ति/उपलब्धता

यस रणनीतिक योजनाले निर्धारण गरेका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त र दक्ष जनशक्ति हुनु अति आवश्यक रहन्छ। यी जनशक्तिको अभावमा वार्षिक कार्य योजना तर्जुमा, कार्यान्वयन, प्रभावकारी अनुगमन, अध्ययन तथा अनुसन्धान लगायतका कार्यहरूको सञ्चालन, समन्वय जस्ता क्रियाकलापहरू हुन सक्दैनन्। परिषद्को सचिवालयको संगठनात्मक संरचना तथा हालसम्म उपलब्ध जनशक्ति तथा स्रोत साधनको उपलब्धता र यसतर्फको वर्तमान अवस्थालाई हेर्दा यसलाई पनि अर्को जोखिमको रुपमा लिइएको छ।

### ७.३.३ सरोकारवाला निकायसँगको समन्वय र प्रतिबद्धता

यस योजनाको प्रभावकारी कार्यान्वयन कानून व्यवसायसँग सम्बन्धित संघीयदेखि स्थानीय तहसम्मका सरोकारवाला निकायहरू, न्यायिक र अर्धन्यायिक निकायहरू, गैरसरकारी तथा व्यावसायिक संघ/संस्था तथा व्यक्तिहरू र तिनका एकाइहरूले गर्ने कार्यहरूमा निर्भर रहन्छ। कानून व्यवसायलाई मर्यादित र सम्मानिन बनाउनका सरोकारवालासँग सम्बन्ध तथा सहयोगका लागि सञ्चार, सम्पर्क, र समन्वयका साथै सहयोगको प्रतिबद्धता हुनु जरूरी हुन्छ। यी सरोकारवाला निकायहरू बीचको सार्थक सम्बन्ध तथा सहयोग र समन्वय हुन नसके यो पनि सम्भावित जोखिम हुन सक्दछ।

योजनाको प्रभावकारी कार्यान्वनयका लागि सम्वद्ध सरोकारवालाहरूका बीचमा सार्थक सम्बन्ध र प्रभावकारी समन्वयात्मक कार्य तथा सहकार्यका माध्यमबाट साझा कार्यक्षेत्र तथा सहकार्यका क्षेत्रहरू पहिचान गरी आपसी सहयोग र समन्वयलाई थप क्रियाशील बनाइने छ।

### ७.३.४ कावु बाहिरको परिस्थिति सिर्जना

योजना कार्यान्वयनको अवधिमा काबु बाहिरका परिस्थितिहरू प्राकृतिक विपद् तथा प्रकोपका राजनैतिक व्यवस्थामा समेत परिवर्तन पनि हुन सक्दछ। यस्ता परिस्थतिहरू सिर्जना भएमा योजना कार्यान्वयनमा नै हुन सक्दैन। यस प्रकारको परिस्थिति पर्न गएमा योजनालाई सोही बमोजिम पुनरावलोकन गरी परिमार्जित रुपमा तत्कालीन रुपमा अर्को योजना बनाउनु पर्ने हुन सक्दछ।

उपरोक्त सम्भाव्य जोखिम र न्यूनीकरणका उपायहरू निम्न अनुसार तलको तालिका प्रस्तुत गरिएको छ।

## सम्भाव्य जोखिम र न्यूनीकरणका उपायहरू
## तालिका नं. १०

| क्र.सं. | सम्भावित जोखिमहरू | जोखिमको सम्भावना | योजनामा पर्ने सक्ने प्रभाव | न्यूनीकरणका लागि गर्नुपर्ने कार्यहरू |
|---|---|---|---|---|
| १ | प्रक्षेपित कार्यक्रम अनुसारको आर्थिक स्रोतको उपलव्धता | न्यून | अधिक | • आवश्यकता अनुसारको बजेटका लागि अर्थ मन्त्रालयका पदाधिकारीहरूसँग निरन्तर संवाद गर्ने।<br>• वाह्य सहयोगका लागि आवश्यक पहल गर्ने।<br>• परिषद्को आन्तरिक स्रोतको दिगोपन कायम रहने गरी परिचालन गर्ने। |
| २ | आवश्यक जनशक्तिको आपूर्ति/ उपलब्धता | मध्यम | अधिक | • दक्ष जनशक्ति व्यवस्थाप तथा आपूर्तिका लागि लोकसेवा आयोग लगायतका सम्बद्ध निकायहरूसँग पहल गर्ने।<br>• उपलब्ध जनशक्ति टिकाइ राख्न उत्प्रेरणा तथा मनोवल अभिवृद्धि गर्ने र बृत्ति विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने। |
| ३ | सरोकारवाला निकायसँगको समन्वय र प्रतिवद्धता | मध्यम | मध्यम | • सरोकारवाला निकाय तथा व्यक्तिहरूसँग आवधिक बैठकहरूको आयोजना गर्ने।<br>• गतिविधिबारे जानकारी गराउन इलेक्टोनिक न्यूज लेटर त्रैमासिक रुपमा तयार पारी सम्बन्धित सबै सरोकारवालाहरूलाई वितरण गर्ने। |
| ४ | कावु बाहिरको परिस्थिति सिर्जना | न्यून | अधिक | • योजनालाई पुनरावलोकन गरी परिमार्जित रुपमा तत्कालीन योजना बनाउने |

# अनुसूची १

## योजना तर्जुमा र कार्यान्वयन प्रकृया सम्बन्धी परामर्श बैठकका सहभागीहरू

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | डा. श्री नारायण दत्त कडेल | अध्यक्ष |
| २ | व.अ. प्रा.डा. श्री विजयप्रसाद मिश्र | उपाध्यक्ष |
| ३. | प्रा. श्री पवन कुमार ओझा | पूर्व अध्यक्ष |
| ४. | प्रा.डा. श्री भरत बहादुर कार्की | पूर्व अध्यक्ष |
| ५. | प्रा.डा. श्री युवराज संग्रौला | पूर्व अध्यक्ष |
| ६. | व.अ. डा. श्री मुक्ति नारायण प्रधान | पूर्व अध्यक्ष |
| ७. | व.अ. श्री बाबुराम कुँवर | पूर्व अध्यक्ष |
| ८. | व.अ. श्री अग्नी प्रसाद खरेल | पूर्व अध्यक्ष |
| ९. | व.अ. श्री रमेश बडाल | पूर्व अध्यक्ष |
| १०. | व.अ. श्री खम्म बहादुर खाती | पूर्व अध्यक्ष |
| ११. | व.अ. श्री सविता भण्डारी | पूर्व अध्यक्ष |
| १२. | व.अ. श्री राधेश्याम अधिकारी | पूर्व उपाध्यक्ष |
| १३. | व.अ. श्री विश्वकान्त मैनाली | पूर्व उपाध्यक्ष |
| १४. | व.अ. श्री शेरबहादुर के.सी | पूर्व उपाध्यक्ष |
| १५. | व.अ. श्री चण्डेश्वर श्रेष्ठ | पूर्व उपाध्यक्ष |
| १६. | व.अ. श्री गोपालकृष्ण घिमिरे | पूर्व उपाध्यक्ष |
| १७. | व.अ. श्री रविनारायण खनाल | पार्षद् |
| १८. | व.अ. प्रा.डा श्री अम्मर प्रसाद पन्त | प्राध्यापक |
| १९. | प्रा. श्री पूर्णमान शाक्य | प्राध्यापक |
| २०. | श्री लोकराज पराजुली | नायब महान्यायधिवक्ता |
| २१. | श्री शिव वाग्ले | उपरजिष्ट्रार स.अ |
| २२. | श्री राजन कुमार के.सी. | अधिवक्ता |
| २३ | श्री श्रीराम खनाल | परिषद् सचिव |
| २४ | श्री नितेशबाबु त्रिताल | राजपत्राङ्कित तृतीय श्रेणी |
| २५ | श्री सुरेश महर्जन | अधिकृत |
| २६ | श्री श्री मीरा ज्ञवाली | अधिकृत |
| २७ | श्री सुमित्रा कार्की | अधिकृत |
| २८ | श्री एलिना दुलाल | अधिकृत |
| २९ | श्री केश बहादुर थापा | सहायक |
| ३० | श्री घनश्याम कुमार सिंह | सूचना प्रविधि सहायक |
| ३१ | श्री रंजिता डोटेल | कम्प्युटर अपरेटर |

# अनुसूची २

## नेपाल कानून व्यवसायी परिषद्को संगठनात्मक स्वरूप

- नेपाल कानून व्यवसायी परिषद्
  - समितिहरु
    - अनुशासन समिति
    - कार्य सम्पादन समिति
    - लयर्स एकेडेमी समिति
    - अन्तर्राष्ट्रिय सम्बन्ध समन्वय समिति
    - अर्थ तथा लेखा व्यवस्थापन समिति
    - परीक्षा समिति
    - कानूनी शिक्षा समिति
    - प्रकाशन समिति
    - पुस्तकालय समिति
    - सूचना प्रविधि समिति
    - पुरस्कार समिति
    - अन्य समितिहरु
  - सचिवालय
    - प्रशासन शाखा
    - दर्ता/चलानी शाखा
    - लेखा शाखा
    - मुद्दा तथा अनुशासन शाखा
    - कानूनी शिक्षा शाखा
    - परीक्षा शाखा
    - अभिलेख शाखा
    - सूचना प्रविधि शाखा

# अनुसूची ३

## नेपाल कानून व्यवसायी परिषद्का कर्मचारीको विवरण

| क्र. सं. | नाम | पद |
|---|---|---|
| १ | श्री श्रीराम खनाल | परिषद् सचिव |
| २ | श्री नितेशबाबु त्रिताल | राजपत्राङ्कित तृतीय श्रेणी |
| ३ | श्री सुरेश महर्जन | अधिकृत |
| ४ | श्री मीरा ज्ञवाली | अधिकृत |
| ५ | श्री सुमित्रा कार्की | अधिकृत |
| ६ | श्री एलिना दुलाल | अधिकृत |
| ७ | श्री केशव बहादुर थापा | सहायक |
| ८ | श्री विशाल खत्री | लेखापाल |
| ९ | श्री घनश्याम कुमार सिंह | सूचना प्रविधि सहायक |
| १० | श्री रंजिता डोटेल | कम्प्युटर अपरेटर |
| ११ | श्री मुकुन्द खड्का | सहयोगी |
| १२ | श्री तुलसा खड्का | सहयोगी |
| १३ | श्री उषा के.सी. | सहयोगी |
| १४ | श्री सोमलाल तामाङ | हलुका सवारी चालक |
| १५ | श्री बिष्णुमाया महर्जन | सहयोगी |

## अनुसूची ४
### पहिलो पञ्चवर्षीय रणनीतिक योजना अवधिमा सञ्चालन भएको कानून व्यवसायी अधिवक्ता तहको परीक्षार्थीहरूको विवरण

| परीक्षा नं | परीक्षा साल | दर्खास्त दिने सङ्ख्या | | | परीक्षामा सहभागी | | | उत्तीर्ण सङ्ख्या | | | उत्तीर्ण प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| २९ | २०७८ | ८६१ | १४१६ | २२७७ | ७५० | ११०० | १८५० | ४८० | ६२३ | ११०३ | ६४.०० | ५६.०० | ५९.६२ |
| ३० | २०७९ | ८४३ | १३५९ | २२०२ | ७५६ | १०९० | १८४६ | ४१७ | ५०३ | ९२० | ५५.१५ | ४६.१४ | ४९.८३ |
| ३१ | २०८० | १०१५ | १५१२ | २५२७ | ९७४ | १३५९ | २३३३ | ४४२ | ५०२ | ९४४ | ४५.३७ | ३६.९३ | ४०.४६ |
| ३१ पुरक | २०८० | २३ | ६० | ८३ | २२ | ५५ | ७७ | ८ | १४ | २२ | ३६.३६ | २५.४५ | २८.५७ |
| ३२ | २०८१ | १३३४ | १९४२ | ३२७६ | १२११ | १६१८ | २८२९ | ४८० | ५४६ | १०२६ | ३९.६३ | ३३.७४ | ३६.२६ |
| ३३ | २०८२ | १३१८ | १८१५ | ३१३३ | १२३० | १५८० | २८१० | ५२३ | ५२५ | १०४८ | ४२.५२ | ३३.२३ | ३७.२९ |
| ३४ | २०८२ | ८६४ | १४१२ | २२७६ | ८३१ | १३०६ | २१३७ | ४६२ | ७४९ | १२११ | ५५.६ | ५६.३५ | ५६.६६ |
| | **जम्मा** | ६२५८ | ९५१६ | १५७७४ | ५७७४ | ८१०८ | १३८८२ | २८१२ | ३४६२ | ६२७४ | | | |

## अनुसूची ५
### पहिलो पञ्चवर्षीय रणनीतिक योजना अवधिका पार्षद्हरूको विवरण २०८१—२०८६
### निर्वाचित पार्षद्हरू

| क्र.सं. | नाम |
|---|---|
| १. | अधिवक्ता श्री राजु ढकाल – कोशी प्रदेश |
| २. | अधिवक्ता श्री संजीव कुमार मल्लिक – मधेश प्रदेश |
| ३. | वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल – बागमती प्रदेश |
| ४. | अधिवक्ता श्री दयाराम गौतम – गण्डकी प्रदेश |
| ५. | अधिवक्ता श्री इश्वरी प्रसाद ज्ञवाली – लुम्बिनी प्रदेश |
| ६. | अधिवक्ता श्री टेक बहादुर कठायत – सुदूरपश्चिम प्रदेश |
| ७. | अधिवक्ता श्री मातृका प्रसाद खनाल – कर्णाली प्रदेश |

### मनोनित पार्षदहरू

| क्र.सं. | नाम |
|---|---|
| १ | व.अ. श्री केशव प्रसाद काफ्ले (२०८२ चैत्रसम्म) |
| २ | व.अ. श्री रमेश कुमार मैनाली (२०८२ चैत्रसम्म) |
| ३ | व.अ. श्री लेखनाथ अधिकारी (२०८३ बैशाख देखि) |
| ४ | अधिवक्ता श्री श्रीराम दवाडी (२०८३ बैशाख देखि) |

# अनुसूची ६

## परिषद्बाट प्रथम पञ्चवर्षीय रणनीतिक योजना अवधिमा सम्मानित र पुरस्कृत हुनु भएका महानुभावहरूको विवरण

### ५० वर्षदेखि निरन्तर कानून व्यवसाय गरी अतुलनीय योगदान पुऱ्याए वापत सम्मानित कानून व्यवसायीहरू

| क्र.सं | प्र.प.नं. | नाम | बार एकाई | सम्मानीत कार्यक्रम र वर्ष |
|---|---|---|---|---|
| १ | ८ | वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद भण्डारी | सर्वोच्च | ३०औं परिषद् दिवस, २०८० |
| २ | ३६ | वरिष्ठ अधिवक्ता श्री विपुलेन्द्र चक्रवर्ती | बिराटनगर | ३०औं परिषद् दिवस, २०८० |
| ३ | ३८ | वरिष्ठ अधिवक्ता श्री महेन्द्रप्रसाद सिंह | जनकपुर | ३०औं परिषद् दिवस, २०८० |
| ४ | ३९ | वरिष्ठ अधिवक्ता श्री हिम्मत सिंह | राजविराज | ३०औं परिषद् दिवस, २०८० |
| ५ | ४२ | वरिष्ठ अधिवक्ता श्री नगेन्द्रभक्त श्रेष्ठ | धनकुटा | ३०औं परिषद् दिवस, २०८० |
| ६ | ४३ | वरिष्ठ अधिवक्ता श्री महादेवप्रसाद यादव | सर्वोच्च | ३०औं परिषद् दिवस, २०८० |
| ७ | ४४ | वरिष्ठ अधिवक्ता श्री युगल किशोर लाल | जनकपुर | ३०औं परिषद् दिवस, २०८० |
| ८ | ४६ | वरिष्ठ अधिवक्ता श्री बसन्तराम भण्डारी | सर्वोच्च | ३०औं परिषद् दिवस, २०८० |
| ९ | २२० | अधिवक्ता श्री रामप्रकाश मण्डल | जनकपुर | ३०औं परिषद् दिवस, २०८० |
| १० | २३१ | अधिवक्ता श्री अवधनारायण यादव | सिरहा | ३०औं परिषद् दिवस, २०८० |
| ११ | २४४ | अधिवक्ता श्री गोपालप्रसाद उपाध्याय | मोरङ | ३०औं परिषद् दिवस, २०८० |
| १२ | २४६ | अधिवक्ता श्री रमानन्द ठाकुर | राजविराज | ३०औं परिषद् दिवस, २०८० |
| १३ | २४७ | अधिवक्ता श्री अब्दुल हसीव सिद्दीकी | नेपालगञ्ज | ३०औं परिषद् दिवस, २०८० |
| १४ | ४७ | वरिष्ठ अधिवक्ता कमलराज जोशी | रुपन्देही | ३१औं परिषद् दिवस, २०८१ |
| १५ | ४८ | वरिष्ठ अधिवक्ता किशोर कुमार अधिकारी | सर्वोच्च | ३१औं परिषद् दिवस, २०८१ |
| १६ | ५४ | वरिष्ठ अधिवक्ता अमर बहादुर पाण्डे | राजविराज | ३१औं परिषद् दिवस, २०८१ |
| १७ | ५५ | वरिष्ठ अधिवक्ता नारायण प्रसाद खत्री | महेन्द्रनगर | ३१औं परिषद् दिवस, २०८१ |
| १८ | ८१ | वरिष्ठ अधिवक्ता रामकृष्ण गौतम | राजविराज | ३१औं परिषद् दिवस, २०८१ |

# अनुसूची ७

## पहिलो पञ्चवर्षीय रणनीतिक योजना अवधिमा परिषद्बाट मूल्याङ्कन भएका उत्कृष्ट पुस्तकहरू

| क्र. सं. | पुस्तकको नाम | लेखक | साल |
|---|---|---|---|
| १ | **The Concept of Judicial Review** | डा. भीमार्जुन आचार्य | २०७७ |
| २ | **Offending & Victimization** | रविन्द्र भट्टराई | २०७८ |
| ३ | हाम्रो कानूनी इतिहासको नालीबेली | प्रकाश वस्ती | २०७९ |
| ४ | संविधानवाद र संविधान : सैद्धान्तिक विश्लेषण र प्रारम्भिक समीक्षा | कमलराज थापा | २०८० |
| ५ | **Commercial Law** | अधिवक्ता उप-प्राध्यापक डा. श्री नेवल चौधरी | २०८१ |
| ६ | **The Renaissance of Nepali Legal Philosophy** | रोशन कुमार झा | २०८२ |

# अनुसूची ८

## रणनीतिक योजनाका लागि प्रक्षेपित बजेटको पूर्ण विवरण

| क्र. सं. | विवरण | आर्थिक वर्ष | | | | | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| | | (२०८३/०८४) | (२०८४/०८५) | (२०८५/०८६) | (२०८६/०८७) | (२०८७/०८८) | (२०८३/०८४) देखि (२०८७/०८८) |
| **प्राथमिकता** | **रणनीतिक उद्देश्य** | | | | | | |
| १. सक्षम कानून व्यवसायी | १.१ कानून व्यवसायीहरूको ज्ञान, सीप, दक्षता तथा व्यावसायिक क्षमताको अभिवृद्धि गर्नु। | २३,३२० | २३,३२० | २३,३२० | २३,३२० | २३,३२० | ११६,६०० |
| | १.२ निरन्तर कानुनी तथा न्यायिक शिक्षा (Continuing Legal and Judicial Education – CLJE) लाई संस्थागत, गुण-स्तरीय तथा प्रविधिमैत्री बनाउनु। | ३,७६६ | २,५४१ | १,९४६ | १,४५६ | १,९४६ | ११,६५५ |
| | १.३ विशेषज्ञतामा आधारित अनुसन्धान तथा नवप्रवर्तनमा आधारित आधुनिक कानून व्यवसाय अभ्यास प्रवर्द्धन गर्नु। | ४,४७० | ३,४७० | ४,७६० | ३,२७० | ४,७६० | २०,७३० |
| | १.४ नयाँ कानून व्यवसायीहरूको प्रवेश, तालिम, इजाजत तथा क्षमता विकास प्रणालीलाई गुणस्तरीय बनाउनु। | १,३५५ | ७७५ | ७७५ | ७७५ | ७७५ | ४,४५५ |
| | १.५ समावेशी तथा अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धी कानून व्यवसायी विकास गर्नु। | ५,२९० | ३,६१० | ३,६१० | ३,६१० | ३,६१० | १९,७३० |
| | प्राथमिकता १: जम्मा | ३८,२०१ | ३३,७१६ | ३४,४११ | ३२,४३१ | ३४,४११ | १७३,१७० |

| प्राथमिकता | रणनीतिक उद्देश्य | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. मर्यादित कानून व्यवसाय | २.१ कानून व्यवसायीको आचारसंहिता, पेशागत नैतिकता तथा अनुशासन प्रणालीलाई प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउनु। | ९,११० | ८,२०० | ५,७०० | ९,८८० | ८,२५० | ४१,१४० |
| | २.२ पेशागत सदाचार, उत्तरदायित्व जवाफदेहिता, पारदर्शिता तथा सेवामुखी व्यावसायिक संस्कृतिको विकास गर्नु। | १,५५० | १,५५० | १,५५० | १,५५० | १,५५० | ७,७५० |
| | २.३ सेवाग्राहीमैत्री तथा विश्वसनीय कानून व्यवसाय प्रवर्द्धन गर्नु। | ११,१४० | ७,६२० | ४,२६० | ४,२६० | ४,२६० | ३१,५४० |
| | २.४ कानून व्यवसायीको सुरक्षा, मर्यादा तथा हित संरक्षण गर्नु। | ६,७४५ | १०० | १०० | १०० | १०० | ७,१४५ |
| | प्राथमिकता २: जम्मा | २८,५४५ | १७,४७० | ११,६१० | १५,७९० | १४,१६० | ८७,५७५ |
| प्राथमिकता | रणनीतिक उद्देश्य | | | | | | |
| सूचना प्रविधि | ३.१ डिजिटल प्रशासन तथा अभिलेख प्रणाली विकास गर्नु । | ४,३३३ | ४,३३३ | ४,३३३ | १,५८३ | १,५८३ | १६,१६७ |
| | ३.२ कानून व्यवसायीको दर्ता तथा इजाजत प्रणाली आधुनिकीकरण गर्नु । | ६१५ | ६९० | २८० | २८० | २८० | २,१४५ |
| | ३.३ डिजिटल पुस्तकालय तथा ज्ञान व्यवस्थापन प्रणाली विकास गर्नु । | १,५०० | २,५०० | १,५०० | १,५०० | १,५०० | ८,५०० |
| | ३.४ एआई (कृतिम वुद्धिमता) तथा आधुनिक कानुनी प्रविधिको उपयोग बढाउनु। | ८७५ | ८६० | ४७० | ४७० | ४७० | ३,१४५ |
| | ३.५ साइबर सुरक्षा तथा डेटा संरक्षण सुनिश्चित गर्नु । | १,०७० | - | - | - | - | १,०७० |
| | प्राथमिकता ३: जम्मा | ८,३९३ | ८,३८३ | ६,५८३ | ३,८३३ | ३,८३३ | ३१,०२७ |
| प्राथमिकता | रणनीतिक उद्देश्य | | | | | | |
| संस्थागत सुदृढीकरण | ४.१ संगठनात्मक संरचना तथा प्रशासनिक प्रणाली सुदृढीकरण गर्नु । | ५,५५० | ५,५५० | ३०० | ४९० | १५० | १२,०४० |
| | ४.२ मानव संसाधन व्यवस्थापन तथा कार्यसम्पादन प्रणाली सुदृढ गर्नु । | ४,६४० | १,२८० | १,२८० | १,२८० | १,२८० | ९,७६० |
| | ४.३ वित्तीय व्यवस्थापन तथा स्रोत परिचालन सुदृढ गर्नु । | ६८० | - | - | - | - | ६८० |
| | ४.४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्नु। | ४०० | ४०० | ४०० | ४०० | ४०० | ९,९३० |
| | ४.५ योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्नु। | ५९० | २५० | २,५०० | २५० | १,३७५ | ४,९६५ |
| | प्राथमिकता ४: जम्मा | ११,८६० | ७,४८० | ४,४८० | २,४२० | ३,२०५ | ३७,३७५ |
| | कूल जम्मा | ८६,९९९ | ६७,०४९ | ५७,०८४ | ५४,४७४ | ५५,६०९ | ३२१,२१७ |

**नोट :** बजेट तयार गर्दा लिइएका आधार तथा मान्यताहरू:

- बजेट रकम नेपाली रुपैयाँ हजारमा प्रस्तुत गरिएको छ ।
- क्रियाकलापको कार्यान्वयन समयावधिअनुसार सम्बन्धित आर्थिक वर्षमा बजेट विनियोजन गरिएको छ ।
- नियमित तालिम, गोष्ठी, अध्ययन, प्रकाशन तथा समन्वय कार्यक्रमको लागतमा सामान्य वार्षिक मूल्यवृद्धि समायोजन गरिएको छ ।
- डिजिटल प्रणाली, सफ्टवेयर, डाटाबेस, ई-पुस्तकालय, साइबर सुरक्षा तथा अन्य प्रविधिमूलक कार्यक्रमको बजेट डिजाइन, विकास, कार्यान्वयन र सञ्चालन चरणअनुसार अनुमान गरिएको छ ।
- कल्याणकारी कोष, बीमा, आपतकालीन सहायता, अनुसन्धान कोष तथा प्रो बोनो कार्यक्रमलाई रणनीतिक प्राथमिकताअनुसार विशेष लागत अनुमान गरिएको छ ।
- यो प्रारम्भिक रणनीतिक लागत अनुमान हो । वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्दा प्रचलित दररेट, विस्तृत लागत अनुमान, खरिद योजना, उपलब्ध स्रोत र परिषद्को निर्णयअनुसार रकम परिमार्जन गर्न सकिनेछ ।




मिति २०८३।०३।२५ गते दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मस्यौदा स्वीकृत गर्न बसेको निर्देशक समितिको बैंठक पश्चात उपस्थित महानुभावहरु ।

## परिदृष्य (Vision)

सक्षम, मर्यादित र प्रविधिमैत्री कानून व्यवसायमार्फत विधिको शासन प्रवर्धन ।

## परिलक्ष्य (Mission)

कानूनको शासन र न्यायमा पहुँचको सुनिश्चितताका लागि व्यावसायिकरुपमा सक्षम र निष्ठावान कानून व्यवसायीको नियामक निकायको रुपमा स्थापित हुने ।

## मूल्यहरू (Values)

- गुणस्तरीय सेवा
- मर्यादित कानून व्यवसाय
- स्वच्छ सुनुवाई
- लोकतन्त्र र स्वतन्त्र न्यायपालिकाप्रतिको प्रतिवद्धता
- मानव अधिकारको सम्मान
- कानूनको शासनप्रति प्रतिवद्ध
- न्यायमा पहुँच
- नवप्रवर्तन
- निरन्तर सिकाई

## प्राथमिकता

- सक्षम कानून व्यवसायी
- मर्यादित कानून व्यवसाय
- सूचना तथा प्रविधि
- संस्थागत सुदृढीकरण


# नेपाल कानून व्यवसायी परिषद्

**कुपण्डोल, ललितपुर**

**टेलिफोन:** + ९७७-०१-५२६९८८४, ५२६८९६४

**इमेल:** info@nepalbarcouncil.org.np

**वेबसाइट:** www.nepalbarcouncil.org.np


9 789937 091992